# *अध्याय एक*

# परिचय

## १.१. सामान्य पृष्ठभूमि

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतीक जस्ता विविधताले सम्पन्न राष्ट्र हो । नेपालको जनगणना २०५८ अनुसार नेपालमा जम्मा १०१ जातिय समुह रहेका छन् । यी जातिहरूमध्ये गन्धर्व/गायक/गाइने जाति पनि एक हो । गन्धर्व विशेष गरी एउटा जातिय समुदाय हो, जुन नेपालको लोक संस्कृतीमा पेशागत गायक समुहको रूपमा चिनिन्छ । जसको परम्परागत पेशा गायन हो । गन्धर्वलाई पहिले गाइने भनिन्थ्यो र वि.सं. २०१३ सालपछि मात्र उनीहरूलाई गन्धर्वको रूपमा चिनिन थालियो र वर्तमानमा उनीहरू आफ्नो थर गायक लेख्ने गरेको पाइन्छ, (बराल, २०६६)। परम्परागत रूपमा गन्धर्व आफ्नो जीविकाको लागि घरदैलोमा गई गीत गाउने, नाच्ने काम गर्दथे । जसका लागि उनीहरूले आफ्नो परम्परागत सांस्कृतीक औजार सारङ्गी र अर्वाजोको प्रयोग गर्दछन् । दर्नाल, (२०६६) का अनुसार सारङ्गी र अर्वाजोलाई क्रमशः स्त्रीलिङ्गइी र पुलिङ्गइी वाजाहरूका रूपमा चिनिन्छ । त्यस्तै पहिले देखि नै गन्धर्वहरूलाई दशै जस्ता चाडपर्व र शुभसाईतमा मालश्री र मंगल धुनहरू बजाउने काममा पनि संलग्न गराइन्थ्यो साथै दैविक कालमा देवताका राजा इन्द्रले स्वर्गमा अप्सराहरूलाई नाच्न लगाउने र गन्धर्वहरूलाई गाउन लगाउने गरेको भनाइ पाइन्छ (वराल, २०६६) ।

किम्बदन्ती अनुसार पौराणिक कालमा चार जना ऋषिहरू बिच श्रम विभाजन हुँदा गन्धर्व ऋषि सोझा भएको हुनाले उनलाई आफूबाट टाढा राख्नका निम्ति अन्य ऋषिहरूले गाइको खुट्टा लिई माग्न पठाएछन्, मागेर आएपछि ऋषिले पनि यस्तो निच काम गरेको भन्दै अन्य तीन ऋषिहरूले गन्धर्व ऋषिलाई मागेर नै जीविका चालउन बाध्य पार्नुका साथै अछुतको व्यवहार गर्न थालेका रहेछन् र यीनै गन्धर्व ऋषिका सन्तान हामी हौं भन्ने गरेको भनाई पाइन्छ (लामिछाने, २०६९) । धरैजसो रैथाने मानिसहरू आफ्नो परम्परागत वातावरणका आधारमा जीविकाका लगि विशिष्ट पेशाहरूको विकास गर्दछन्, जुन स्थानीय वातावरण, हावापानी र उपलब्ध साधन र स्रोतहरूमा आधारित हुन्छन् । जसमा विशेषगरी सिकार गर्ने, माछा मार्ने, स्थानान्तरित खेती गर्ने, अन्न तथा वन्य उत्पादनको सङ्ग्रह गर्ने,

हाते सामग्री तथा सिलाई वुनाई आदिका कामहरू पर्दछन् । त्यसैले कतीपय अवस्थामा ती रैथाने मानिसहरूलाई उनीहरूको परम्परागत पेशाका आधारमा चिनिने गर्दछ (लाजिम्वाङ्ग, २००८) । गन्धर्वहरू पनि जीविकाको लागि अरुको घरदैलोमा पुगी गीत गाउने काम गर्ने हुनाले उनीहरूलाई क्रमशः गाइनेको नाम दिइएको हो भन्न सकिन्छ । नेपालमा रेडियो, टिभी, एफ.एम जस्ता सूचना र प्रविधिको विकास हुनुभन्दा अगाडि गन्धर्वले नै यात्राको क्रममा सामाजिक परिवेशमा देखेका घटना तथा सूचनालाई गीत मार्फत् गाउँ गाउँमा पुर्‍याउने काम गर्दथे । पारिवारिक सम्बन्ध, विछोड, वेदना र व्यक्तिका जीवनका दुखदायी घटनालाई सारङ्गीको धुनसँगै गीतका मार्फत् प्रस्तुत गर्ने काम गर्दथे (भट्टराई, २०६९)।

हिन्दु धर्मको जातिय स्तरीकरणमा आधारित तत्कालीन प्रधानमन्त्री जङ्गवहादुर राणा र राजा सुरेन्द्र विक्रम शाहद्धारा विं.स. १९१० मा निर्मित पुरानो वैधानिक कानुन ( मुलुकी ऐन) ले गन्धर्वलाई पानी नचल्ने छोइछिटो हाल्नुपर्ने जात भित्र सिमाङ्कन गरेको पाइन्छ । उक्त ऐनले नेपाली समाजलाई जातिय आधारमा क्रमश सबैभन्दा माथि तागाधारी (दुईपटक जन्मने जात), त्यसपछि क्रमश मतवाली (मदिरा पिउने जात), पानी नचल्ने छोईछिटो हाल्नु नपर्ने र पानी नचल्ने छोइछिटो हाल्नु पर्ने (अशुद्ध) जात भनि विभाजन गरको पाइन्छ (देवकोटा र ओझा, २०६८) । त्यस्तै दलित आयोग सन् २००२ ले दलित जातिय समुहहरूलाई पहाडी दलित, नेवार दलित र तराई दलित भनि छुट्याएको छ, जसमा पहाडी दलित अन्तर्गत कामी, सार्की, दमाइ, लोहार, सुनार, गाइने, वादी, पार्की, चुनरा, कुचे, र कुदरा जात त्यस्तै नेवार दलित अन्तर्गत कुसुले, कसाई, च्यामे, पोडे, दाईर जाति र तराई दलित अन्तर्गत तत्मा, पास्वान, दुस्हाद, बतार, मुसहर, खतवे, चमार, दोम, हाल्खोर, बादीमार, गोथी, र झंगार जातलाई समावेश गरेको छ (दहाल, २००३:११४)। यसरी हेर्दा गाइने जातिलाई पहाडी दलितका रूपमा लिइन्छ ।

यद्यपि जनकवि केशरी धर्मराज थापा कास्कीका राजा कुलमण्डन खानले गाइनेहरूलाई भारतको चितौडगढबाट आफ्नो भारी बोकाएर ल्याएका थिए र तीनीहरूलाई पछि गीत गाउन अह्राएका थिए । पछि यीनै मानिसहरू क्रमशः गाइनेका रूपमा चिनिएको हुनाले वास्तवमा गाइनेहरू अछुत हैनन्, पछि अछुतको व्यवहार गरिएको हो भन्दछन् ( लामिछाने, २०६९) ।

सुवेदी, (२०५७:२) का अनुसार नेपालको इतीहासमा कास्की राज्यको स्थापना वि.सं. १५२४ सालतीर गण्डकी प्रदेशमा सेन राज्यको स्थापना भएकै समयमा भएको थियो । सेन राज्यको उत्तरतर्फ शाह राजाहरूले लसर्घाबाट पूर्व गोर्खासम्म आठ राज्य स्थापना गरेका थिए । तिनमा प्रमुख गोर्खा, लमजुङ, कास्की, नुवाकोट, भीरकोट, ढोर र लसर्घा थिए । चौविसे राज्यको एक शक्तिशाली राज्य कास्कीमा खान राजाहरूले राज्य गरेका थिए । कुलमण्डन खानको पालामा कास्कीमा जम्मा ७०० घरधुरीहरू थिए र ऐतीहासिक रूपमा हेर्दा तत्कालीन कास्कीका राजा कुलमण्डन खानका कास्कीकोट र बाटुलेचौरमा ग्रीष्मकालीन र हिउँदेकालीन राजधानी दरबार थिए (उधृत, लामिछाने २०६६ ) र पछि उनैका पुर्खाहरूले भारतको चितौरागढबाट भारि बोकाउने क्रममा गन्धर्वलाई प्रथमपटक कास्कीमा ल्याएको पाइन्छ । यसरी हेर्दा गन्धर्वहरूको पुर्खौली वासस्थान कास्कीको बाटुलेचौरलाई मान्न सकिन्छ । बाइसे राज्यमा रजौटाहरूको गाथा वादीहरूले गाउँदै हिडे झैं चौबिसे राज्यमा यीनै गाइने जातिहरूले राजा महाराजाहरूको स्तुती र इतीहासको गाथा गाउने काम गर्दथे (भट्टराई, २०६९)। त्यसपछि उनीहरू जमिन्दार तथा मुखइीाहरूकोमा गीत गाउने काम गर्न थालेका र क्रमश गाउँगाउँमा गीत गाउने र त्यसबाट आर्जित अन्न, तरकारी, मुद्रादीले जीविका चलाउन थालेको पाइन्छ । साथै ऐतिहासिक रूपमा नै गन्धर्वहरू गाउने पेशामा आवद्ध भएका कारण उनीहरू नोकरी, अन्य पेशा, कृषि तथा बन्दव्यापारमा संलग्न भएनन् । गन्धर्वहरू नेपाल अधिराज्यभर ५४ स्थानमा वसोवास गरेता पनि धेरैजसो पहाडी भूमागमा जीवन यापन गरेको पाइन्छ । २००१ को जनगणना अनुसार नेपालमा गन्धर्वहरूको कुल जनसंख्या ५,८८७ रहेको छ (सी.वी.एस.२००२) । जसमध्ये केही बर्ष अगाडिसम्म कास्की जिल्लामा करिव ११८ घरधुरीमा जम्मा ५९३ जना गन्धर्वको वसोवास रहेको देखिन्छ । जसमध्ये बाटुलेचौरमा ६६, लेखनाथको अर्घौमा २०, हेम्जामा ११, गगनगौंडामा १२ र भरतपोखरीमा ३ घरधुरी रहेका थिए (बराल, २०६६) । (यद्यपि स्थलगत अध्ययनका क्रममा लेखनाथ नगरपालीकामा मात्रै विभिन्न स्थानमा गरी जम्मा ४३ घरधुरी रहेको देखिन्छ ।)

गन्धर्वहरू आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक आदि हिसावले पछाडि परेका छन् र उनीहरू आफ्नै आधारभूत संस्कृती र समुदायमा आधारित जीविका निर्वाह गरीरहेका छन् (गन्धर्व, २००८) । तर वर्तमानमा शिक्षा, शहरीकरण, औद्योगीकरण, आधुनिकीकरण तथा सूचना र प्रविधिको विकाससँगै उनीहरूको जीविकाको रणनीतिहरूमा परिवर्तन आइरहेको

पाइन्छ । उनीहरू आफ्नो परम्परागत पेशाका अलवा जीविकाका लागि अन्य रोजगार र आयआर्जन प्रतीफलका लागि विदेशी मुलुकका काममा संलग्न हुन पुगेका छन् । जसमा ड्राइभर, सेवामूलक संस्था, होटल, हस्पिटल, सरकारी सेवा तथा वैदेशिक रोजगार तथा प्राविधिक र अप्राविधिक क्षेत्रमा उनीहरूको संलग्नता उच्च देखिन्छ (पराजुली, २०६८) । गन्धर्वहरू पछिल्लो समयमा आफ्नो परम्परागत पेशाका अलवा गुजाराको लागि जीविकाका अन्य विकल्प वा रणनीतिको खोजिमा रहेको देखिन्छ । यसरी गन्धर्वको जीविकाको रणनीतिका पक्षलाई यस अध्ययनमा जोड दिइएको छ ।

## १.२. समस्याको कथन

यो भनिरहन आवश्यक छैन कि नेपालका दलितहरू निम्नतहको जीवनस्तर बिताउँदछन्, यहाँ निम्न जीवनस्तर बिताउनु अर्थात् उनीहरू अर्थोपार्जन गर्न, सामाजिक सुविधा, शिक्षा तथा अवसरहरूबाट धेरैहदसम्म बन्चितमा परेका छन् भन्न खोजिएको हो ( लामिछाने, २०६९) । गन्धर्व पनि एउटा दलित जातिय समुदाय हो, जसलाई दलित आयोग सन् २००२ ले पहाडी दलित जातिको रूपमा छुट्याएको छ (दाहाल, २००३) र जसले जीविकाको लागि परम्परागत रूपमा अरुको घरदैलोमा गई केही वस्तुको अपेक्षाको साथ सारङ्गी तथा अर्वाजो वजाई नाच्ने र गाउने काम गर्ने गर्दथे ।

वि.सं. २००७ सालको राजनैतीक परिवर्तन र प्रजातान्त्रिक शासनको स्थापनासँगै सरकारले सर्वसाधारण जनताप्रती ल्याएको शिक्षा सम्बन्धि सकारात्मक नीतिको प्रभावले कतीपय गन्धर्वहरूले आफ्ना बालबच्चालाई स्कुल तथा कलेजसम्मको पठनपाठनमा सहभागी गराए । जसपछि प्राप्त नयाँ अवसरहरूबाट परम्परागत जीविकाको पेशा गायन अलवा कतीपय गन्धर्वहरू अन्य पेशामा संलग्न हुन पुगे जसमा होटल, रेष्टुराँ तथा हस्पिटल जस्ता सेवामूलक संस्था तथा अन्य कार्यालयको कामका साथै कृषि तथा गैरकृषि कार्यहरू पर्दछन् (पराजुली, २०६८) । साथै बराल, (२०६६) ले गाउँगाउँमा घरदैलो गर्दै सारङ्गीको सहायताबाट गाउँको सामाजिक परिवेश र यथार्थलाई गीत-सङ्गीत मार्फत्बाट व्यक्त गर्ने परम्परागत गाइने जाति पछिल्लो समयमा शिक्षा, औद्योगीकरण, शहरिकरण, सूचना र प्रविधी र आधुनिक गीतसंगीतको विकास जस्ता पक्षको प्रभावले आफ्ना परम्परागत पेशाद्धारा जीविका निर्वाह गर्न कठिन हुँदा र पुरानो पेशामा सम्मान नरहने सोचले गर्दा नयाँ

नयाँ पेशाहरूमा संलग्न रहेको उल्लेख गरेका छन् । त्यस्तै गोरखापत्र दैनिक सन् २०१३ ले पनि गन्धर्वहरूको परम्परागत पेशा संकटमा रहेको बताउँदै यो पेशा अपनाउनेको संख्या क्रमश विगतको तुलनामा घट्दै गएको र पछिल्लो समयमा परम्परागत गायन पेशाले आफ्नो र परिवारको हातमुख जोड्न धौ-धौ हुन थालेपछि उनीहरू जीविकाका लागि अन्य विकल्पहरूको चयन गर्न पुगेको उल्लेख गरेको छ । त्यस्तै ए.एच.आर.सी. ले सन् २०११ को आफ्नो अध्ययनमा सुर्खेतको जरवुट्टा गा.वि.स.का गन्धर्वहरू स्थानीय नदिको किनारबाट बालुवा र ढुङ्गा बटुल्ने साथै गिटी कुट्ने काममा संलग्न रहेको उल्लेख गरेको पाइन्छ, जसबाट ५, ६ जनाको प्रति गन्धर्व परिवारले प्रतिदिन रु.१०० का दरले मात्र आम्दानी गर्ने र त्यसले उनीहरूको विहान वेलुकाको २ छाक मुस्किलले गुजारा हुने उल्लेख गर्दै त्यहाँको स्थानीय परिवेशले गर्दा उनीहरू जीविकाका अन्य उपायको छनौटबाट बन्चित रहेको उल्लेख गरेको छ ।

माथिका गन्धर्वसँग सम्बन्धित विभिन्न अध्ययनहरूको उदाहरणमा गन्धर्वहरू वर्तमानमा जीविकाको लागि विभिन्न कारणबश आफ्ना पेशामा परिवर्तन गर्दै गरेको कुरा त थाहा हुन्छ तर हरेक गन्धर्व घरधुरी भित्र घरधुरीको जीविकाको रणनीतिको पक्ष कस्तो छ साथै एउटा घरधुरी भित्र जीविकाको लागि घरधुरीका समग्र सदस्यहरू के कस्ता पेशामा आबद्ध छन् वा उनीहरूले कसरी आफ्नो आम्दानीका स्रोतहरूलाई विविधीकरण गरेका छन् भन्ने जस्ता पक्षहरूको यथेष्ट जवाफ पाउन सकिँदैन । यसर्थ यस अध्ययनले गन्धर्व जातिसँग सम्बन्धित निम्न पक्षलाई केलाउँदै तिनीहरूको उत्तर खोज्ने काम गरेको छ ।

क) गन्धर्वहरूको परम्परागत पेशाको अवस्था कस्तो छ ?

ख) गन्धर्व जाति बढ्दो सामाजिक परिवर्तनसँगै जीविकाका लागि के कस्ता रणनीति वा विकल्पमा आबद्ध छन ?

ग) एउटा घरधुरी भित्र घरधुरीका सदस्यहरूले जीविकाको रणनीतिलाई कसरी विविधीकरण गरेका छन् ?

घ) वर्तमानको समग्र आम्दानीका उपाय वा जीविकाको रणनीतिबाट घरधुरीहरू सन्तुष्ट छन् वा छैनन् ?

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनको साधारण उद्देश्य वर्तमान आधुनिक समाजमा गन्धर्वहरूले जीविकाका लागि परम्परागत गाइने पेशाका अलवा अन्य के कस्ता रणनीति अपनाएका छन् र त्यस्ता रणनीतिमा जीविकाको विविधीकरण कसरी गरेका छन् अन्वेषण गर्ने रहेको छ । यसका अलवा यस अध्ययनका निम्न विशेष उद्देश्य रहेका छन् :

क) गन्धर्वहरूको परम्परागत पेशाको अवस्था कस्तो छ, खोज्ने ।

ख) गन्धर्वहरूले अपनाएका नयाँ जीविकाका रणनीतिहरू के-के रहेका छन् अन्वेषण गर्ने ।

ग) नयाँ जीविकाको रणनीतिबाट उनीहरू सन्तुष्ट छन् वा छैनन् विश्लेषण गर्ने ।

## १.४. अध्ययनको महत्त्व

गन्धर्व कला, सिप, संस्कृती आफैमा सम्पन्न छ, जसको नेपाली लोक संस्कृती र समुदायमा उच्च मुल्य छ । तर वर्तमानमा गर्न्धवको परम्परागत जीविकाको पेशाले मात्र उनीहरूको जीवन यापनका लागि पर्याप्त नहुने हुँदा उनीहरू जीविकाको लागि कृषि तथा गैरकृषि व्यवशाय तथा पेशामा संलग्न छन् । धेरै जसो ग्रामीण जनता माझ कृषि वा परम्परागत रणनीति मात्र जीविकाको पूर्ण रणनीति बन्न सक्दैन तसर्थ उनीहरू अन्य कार्यमा पनि संलग्न हुन्छन् तर प्रायजसो अवस्थामा विकासविद् तथा योजनाविद्हरूद्धारा ग्रामीण जीविकाको विविधीकरणको पक्षलाई वेवास्ता गरेको पाइन्छ (एलिस, १९९९) । साथै धेरैजसो देशहरूमा सरकारले रैथाने मानिसहरूको परम्परागत पेशा जस्तै स्थानान्तरित खेती, माछा मार्ने काम र पशुपालन आदि कार्यहरूलाई प्रायसः वेवास्ता गर्दछ र जसले गर्दा यस्ता परम्परागत पेशामा आधारित समुहहरू पछाडि पर्ने र सिमान्तकृत हुन पुग्दछन् । त्यसका साथै कतीपय अवस्थामा ती समुहहरू आफ्नो परम्परागत पेशा र त्यसबाट हुने आम्दानीलाई पनि क्रमश गुमाउन पुग्दछन् (लासिम्बाङ्ग, २००८) । यसर्थ यस अध्ययनले गन्धर्व जातिको वर्तमानको जीविकाको अवस्थालाई दर्शाउनका साथै यस किसिमको साहित्य निर्माणमा पनि एउटा इट्टा थप्ने काम गरको छ । त्यसैले यस अध्ययन गन्धर्व जाति, उनीहरूको जीविकाको रणनीति र जीवन यापनको पक्षसँग चासो राख्ने व्यक्ति, संस्था, निकाय, तथा योजनाविद्हरूको लागि सहयोगी हुनेछ ।

## १.५. अध्ययनको सिमा

प्रस्तुत अध्ययन मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत स्नातकोत्तर दोस्रो वर्षको समाजशास्त्र विषयको सोधपत्र लेखनको आवश्यकता परिपूर्तिका लागि तयार गरिएको एउटा प्राज्ञिक अध्ययन हो । हरेक अध्ययनको निश्चित सिमाहरू रहेका हुन्छन् । तसर्थ यस अध्ययनले पनि लेखनाथ नगरपालिका, कास्कीमा अवस्थित गन्धर्व वासिन्दाहरूको जीविकोपार्जनका रणनीतिमा आएको परिवर्तनको विषयलाई मात्र समेटेको छ । जसका लागि निश्चित अध्ययनको विधि, अध्ययनको समग्रता तथा अध्ययन क्षेत्रको छनौट गरिएको छ, तसर्थ यस अध्ययनलाई सम्पूर्ण स्थानका गन्धर्व जातिको सन्दर्भमा सामान्यीकरण गर्न सकिने छैन ।

## १.६ अध्याय संरचना

यस अध्ययनलाई सातवटा अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत प्रथम अध्यायमा परिचय खण्ड रहेको छ । यस भित्र अध्ययन विषयको सामान्य पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व, अध्ययनको सिमा र अध्याय संरचना शीर्षकलाई समेटिएको छ ।

अध्याय दुईमा साहित्य पुनरावलोकनलाई राखिएको छ, जसअन्तर्गत अध्ययनसँग सम्बन्धित अवधारणात्मक समीक्षा, सैद्धान्तिक समीक्षा र पूर्व अध्ययनहरूको समीक्षा शीर्षक अन्तर्गत अन्य उपशीर्षकहरूको चर्चा गरिएको छ ।

अध्याय तीनमा यस अध्ययनको अनुसन्धान पद्धतीलाई समेटिएको छ, जस अन्तर्गत यस अध्ययनका क्रममा छनौट गरिएको स्थानको छनौटको औचित्य, विधिहरूको पूर्वपरीक्षण, अनुसन्धानको ढाँचा, सूचनाको प्रकृति र श्रोत, समग्रताको छनौट, तथ्याङ्क सङ्कलन विधि र संकलित तथ्याङ्कहरूको प्रस्तुतीकरण र विश्लेषण शीर्षकहरूको समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामाजिक, आर्थिक र जनसाङ्ख्यिकढी विशेषताहरूलाई समेटिएको छ । अध्याय पाँचमा अध्ययन समुहको विवाह र परिवारको स्थितीलाई समावेश गरिएको छ भने अध्याय छ अन्तर्गत गन्धर्वहरूको जीविकाको रणनीति, परम्परागत पेशाको अवस्था, चुनौती, घरधुरीको जीविकाको विविधीकरण जस्ता पक्षलाई

समेटिएको छ र अन्तमा अध्याय सातमा समग्र अध्ययनको सारांश, निष्कर्ष र सुझावलाई समेटिएको छ ।

# *अध्याय दुई*

# पूर्व साहित्य समीक्षा

## २.१ अवधारणात्मक समीक्षा

### २.१.१ जात व्यवस्था र गन्धर्व

"जात" अंग्रेजी शब्द Caste को नेपाली रूपान्तरण हो । जुन स्पेनिस शब्द "casta" बाट बनेको हो, जसको अर्थ "कुल, सन्तान, वंश वा प्रजाति" भन्ने हुन्छ । पोर्चुगालीहरू यस अवधारणालाई भारतइी वंशाणुगत समुहलाई जनाउन प्रयोग गर्ने गर्दथे जसलाई "जाति" भन्ने गरीन्छ (पौडेल र बराल, २०००) ।

श्रीनिवास, २००८:२८ का अनुसार समाजमा हरेक तहभित्र असमानता देख्न सकिन्छ । सामाजिक स्तरीकरण पनि समाजमा हुने असमानताकै एउटा अवधारणा हो । सामान्यतया सामाजिक स्तरीकरणका २ वटा आयाम हुन्छन्, जात र वर्ग । वर्ग समाजको विश्वव्यापी विशेषता हो, जुन व्यक्तिको शिक्षा, सम्पत्ति, सामाजिक सम्मानमा आधारित हुन्छ ो जात हिन्दु सामाजिक व्यवस्थाको विभाजनकारी श्रेणी हो भने जात वर्तमानको सामाजिक वास्तविकता हो, जुन हिन्दुधर्मको वर्णाश्रम व्यवस्थामा आधारित छ । वर्ण अर्थात हिन्दु धर्मलाई चारवटा क्रममा विभाजन गरीन्छ । ती हुन् क्रमश ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र । वर्ण व्यवस्था अनुसार पहिला ३ वटा जातहरू दुईपटक जन्मनेमा पर्दछ जसमा पुरुषलाई वैदिक संस्कार अनुसार उपनयनको पवित्र धागो अर्थात जनै प्राप्त गर्ने अधिकार हुन्छ । तर यो पछिल्लो समयमा विकास भएको दृष्टिकोण हो । वर्ण, उत्पत्तिका सन्दर्भमा आर्य र दास बिचको भिन्नतामा आधारित रहेको छ । रङ्गका आधारमा आर्य र दासको बिचको भिन्नता जुन ऋग्वेदमा मात्र उल्लेख छ । तर ऋग्वेदमा समाजलाई ब्राम्हण, क्षेत्री र वैश्य गरी ३ वटा श्रेणीमा मात्र विभाजन गरिएको छ, जुन पछिल्लो समयमा समाजमा स्तरीकरणका लागि आधार बन्न पुग्यो (उधृत, पौडेल र वराल, २०००) ।

तसर्थ जात हिन्दु आर्यन संस्कृतीको एउटा महत्त्वपूर्ण विशेषता हो, जुन जन्मका आधारमा प्राप्त हुन्छ र वंशाणुगत रूपमा रहन्छ । वर्ण व्यवस्थाका आधारमा हिन्दु

दर्शनमा जम्मा ४ बटा वर्ण (ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र) रहेको पाइन्छ । यी ४ वटा वर्णभित्र थुप्रै जातहरू रहन्छन् जसलाई हाम्रो समाजमा “जाति” का रूपमा लिइन्छ । तसर्थ जात धार्मिक विश्वासमा अडिएको कर्मको सिद्धान्त हो, जसमा पुर्नजन्मको आडमा रहेको पाप र पुण्य, पवित्र र अपवित्रको मान्यताले नै तल्लो जात र पूर्ण व्यवस्थालाई नियन्त्रण गर्दछ (श्री निवास, १९५२) ।

परम्परागत प्रकारको समाजले स्वगोत्रइी(इन्डोगामी) विवाहको पद्धतीलाई कडाइका साथ पालना गर्दथ्यो, जहाँ तल्लो (अछुत) जातलाई सामाजिक अवसर र सामाजिक अन्तरकृयाका कुरामा रोक लगाइन्थ्यो । तर जात व्यवस्थाको उत्पत्ति यहीबाट नै भएको हो भन्न भने कठिन छ ।

आहुती, (२०१०) का अनुसार पेशागत कार्यको सिद्धान्तका दृष्टिमा जातको उत्पत्ति र प्रकृति समाजमा भिन्न भिन्न कार्य गर्ने मानिसको समुहले गर्ने कार्यको गुण र प्रकृतिका आधारमा निर्माण भएको हो । जहाँ पछि निश्चित काम निश्चित समुहले पुर्खौ-पुर्खागत रूपमा गर्न थाले । क्रमश उनीहरूको थर उनीहरूले गर्ने कामका आधारमा रहन पुग्यो । माथिल्लो जातले तुलनात्मक रूपमा फोहोर काम तल्लो जातलाई गराउन थाल्यो जसले फोहोर काम गर्नेलाई अशुद्ध जातको रूपमा क्रमश समाजले चिनाउँदै जान थाल्यो । यसरी श्रमविभाजनबाट थालिएको वर्णव्यवस्थालाई झन्झन् कठोर पार्दै इं.सं. ३०० सम्ममा छुवाछुतको स्तरसम्म विकसित गरइी (उधृत, देवकोटा र ओझा, २०६८ ) । यस प्रकार तल्लो जात जसलाई समाजमा दलित वा अछुत भनिान्छ उनीहरू क्रमश आर्थिक, सामाजिक, धार्मिक र राजनैतीक रूपमा नै शोषित रहन पुगे (पोखरेल र ढकाल, २०६८) ।

जातलाई परिभाषित गर्दै सर हर्वट रिस्ली भन्छन् “जात परिवारको समुह हो जसको एउटै नाम हुन्छ र जो साझा कुल भएको दावि गर्दछन ।” मजुम्दार र मदनका अनुसार “जात एउटा वन्द वर्ग हो” । त्यस्तै मेकाईभर र पेज जातलाई परिभाषित गर्दै भन्छन् “हैसियत पूर्णतया पूर्व निर्धारित हुन्छ ता कि परिवर्तनको कुनै आशा नराखी मानिसहरू भाग्यवश जन्मन्छन् र जातिले वर्गको उच्चतम स्वरूप ग्रहण गर्दछ,” (उधृत, पोखरेल र ढकाल, २०६८) । त्यस्तै दुमोन्टले जातले हामीलाई स्तरीकरणको सिद्धान्त सिकाउने

बताउँदै जातलाई पवित्र र अपवित्रको अवधरणाको रूपमा व्याख्या गरेका छन्, (उधृत, गुप्ता,१९९२ ) ।

नेपाली समाजमा पनि जातलाई विभाजनकारी सामाजिक व्यवस्थाको रूपमा लिइन्छ । नेपाल एउटा वहु जातिय हिन्दु धर्मावलम्वीको बाहुल्यता रहेको देश हो । नेपालमा झण्डै ८० प्रतीशत हिन्दु धर्मावलम्वी रहेका छन् । हिन्दु धर्म जुन वर्णव्यवस्थामा आधारित छ । जसमा समाजलाई ४ वटा वर्णव्यवस्थामा विभाजन गरीन्छ । हरेक वर्णभित्र थुप्रै जातहरू रहन्छन्, वर्ण व्यवस्थाको मुख्य विशेषता भनेको हरेक जात उसको पेशाका आधारमा निर्माण भएको पाइन्छ । अर्थात् जात व्यक्तिको पेशागत छनौटका आधारमा निर्माण भएको हो ( पौडेल र वराल,२०००)।

आहुती, (२०१०) भन्छन् जात व्यवस्थाको तल्लो तहमा शूद्र पर्दछ । शूद्रभित्र पनि थुप्रै जात र उपजात पर्दछन्, तीनलाई नै दलित, अशुद्ध र अछुतका रूपमा चिनाइन्छ । जसलाई माहात्मा गान्धीले “हरिजन” भनेको पाइन्छ । नेपालको इतिहाँसमा राजा जयस्थिति मल्लले जात व्यवस्थालाई हिन्दु धर्म अनुसार समाजमा पेशागत आधारमा विभाजन गर्ने काम गरे । त्यस्तै पृथ्वीनारायण शाहले शुद्ध र अशुद्ध जात व्यवस्थाको क्रम मिलाउने काम गरे भने पछिल्लो समयमा तत्कालीन राणा शासक जंगवहादुर राणा र राजा सुरेन्द्र शाहले छुवाछुतयुक्त वर्ण व्यवस्थालाई वि.सं. १९१० सालमा मुलुकी ऐन मार्फत् संस्थागत गर्ने काम गरे (उधृत, देवकोटा र ओझा, २०६८)। त्यस्तै पाण्डे, (२०६३) का अनुसार हिन्दु समाजले वर्ण व्यवस्था भित्रको चौँथो वर्ग शूद्र जातिलाई परम्परादेखि नै अछुत भन्दै आएको छ । ती अछुत भनिएकाहरूलाई वि.सं. २०२४ सालदेखि दलित भन्न थालियो । वृहत नेपाली शब्दकोशमा दलित शब्दको अर्थ “दविएका, थिचिएका, पिछडिएका, हेपिएका वा पिसिएका” भनि लगाइएको छ । तीनै अछुतहरूलाई दलित शब्दले सम्बोधन गर्ने व्यक्ति भारतका प्रसिद्ध विद्वान, तल्लो वर्गका उच्च नेता, समाजशास्त्री, समाज सुधारक, अर्थशास्त्री, कानुनविद एवं भारतइी संविधानका निर्माता डा. अम्बेडकर हुन् । उनले दलित मुक्तिका लागि सङ्घर्ष गर्ने क्रममा भारतका अछुतहरूलाई सन् १९२७ मा दलित शब्दद्धारा सम्बोधन गरेका थिए । त्यती वेलासम्म गान्धीजी अछुतहरूलाई हरिजन शब्दले सम्बोधन गर्दथे तर गान्धी र

अम्बेडकर बिच असहमती बढ्दै गएपछि अम्बेडकरले दलित शब्दको चयन गरेका थिए ( उधृत, लामिछाने २०६९) ।

त्यस्तै नेपालका विभिन्न दलितहरूलाई दलित आयोग सन् २००२ ले पहाडी दलित, नेवार दलित र तराई दलित भनि छुट्याएको छ, जसमा पहाडी दलित अन्तर्गत कामी, सार्की, दमाई, लोहार, सुनार, गाइने, वादी, पार्की, चुनरा, कुचे, र कुदरा जाति पर्दछन् त्यस्तै नेवार दलित अन्तर्गत कुसुले, कसाई, च्यामे, पोडे, दराई जाति र तराई दलित अन्तर्गत तत्मा, पास्वान, दुस्हाद, बतार, मुसहर, खतवे, चमार, दोम, हाल्खोर, बादीमार, गोथी, र झंगार जातलाई समावेश गरेको छ (उधृत, दहाल, २००३:११४)। र यीनै दलितहरू मध्येका एक गन्धर्वहरू पनि हुन् जसलाई पहाडी दलितका रूपमा लिन सकिन्छ ।

गन्धर्व पनि हिन्दु जातइी व्यवस्थामा तल्लो वा अछुत जातको रूपमा चिनिन्छ, जो पुर्खौली रूपमा जीविकाको लागि सारङ्गीको सहायताले गीत गाउने र माग्ने काम गर्दछन् । तर पछिल्लो समयमा जातिय आधारमा अपनाउने परम्परागत गाइने पेशाबाट आफ्नो र परिवारको जीविकाको लागि पर्याप्त नहुँदा जीविकाको नयाँ रणनीति खोज्ने र जीविकाका लागि आम्दानीका स्रोतहरूको विविधीकरण गर्ने क्रम बढ्दो छ । तसर्थ यस अध्ययनले नेपालका दलित जाति गन्धर्वको जिवीकाको रणनीतिका पक्षलाई र उनीहरूले जीविकाका लागि गरेका आम्दानीका स्रोतहरूको विविधीकरणका उपायलाई खोतल्ने काम गरेको छ ।

## २.१.२. जीविका, जीविकाको रणनीति र जीविकाको विविधीकरणको अवधारणा

“जीविकाको विविधीकरण दक्षिण एशिया र दक्षिण पूर्वी एशियमा ग्रामीण जनता र साना किसानहरू माझ गरीबी नियन्त्रणको एउटा महत्त्वपूर्ण स्रोत हो” (एफ.ए.ओ. र वर्ल्ड बैङ्क, २००१) । जीविकाको शाव्दिक अर्थ “बाँच्नका लागि चाहिने साधन ” भन्ने हुन्छ त्यस्तै विविधीकरण शब्दले “आम्दानीको स्रोतलाई बहुमुखी वा बहुस्रोतइी बनाउनु” भन्ने वुझाउँदछ । जीविकाको अवधारणा वर्तमानमा गरिवी निवारण र ग्रामीण विकासको क्षेत्रमा व्यापक रूपमा प्रयोग हुने गरेको पाइन्छ ।सायद यसको परिभाषा भित्र अन्य भिन्न भिन्न स्रोतबाट लिइएका भिन्न भिन्न अवधारणाको जटिलताले वा ती अवधारणाको अनिश्चियताले होला पछि यसको अर्थ अन्य वा भ्रामक निश्कन गएको पाइन्छ(केन र म्याकनिकोल,१९८८)।

“जीविकामा क्षमता, सम्पत्ति (भौतीक र सामाजिक स्रोत दुवै) र कृयाकलाप जस्ता साधनहरू समावेश हुन्छन । जुन बाच्नका लागि आवश्यक पर्छन् ।” च्याम्वर र कोन्वेद्वारा दिइएको जीविकाको यस परिभाषालाई धेरैजसो प्राज्ञिक तथा विकासे अभ्यासकर्ताहरूद्धारा स्विकारिएको पाइन्छ  (डी.एफ.आई.डी., १९९९) । त्यस्तै एलिस, (१९९९) ले जीविकालाई जनताको जीवन यापनद्वारा निर्धारित कृयाकलाप, सम्पत्ति र पहुँच, जुन व्यक्ति वा घरधुरीले प्राप्त गर्दछन भनि परिभाषित गरेका छन् । यसरी हेर्दा यी दुवै परिभाषाले जीविकालाई व्यक्ति वा घरधुरीको जीवन यापनको तरिका बनाउने साधन भनि स्वीकार गरेको पाइन्छ । एलिस अझ स्पष्ट पार्दै भन्छन्, “जीवनस्तरको सुधार गर्न र जीवनको अस्तित्वका लागि प्रत्येक घरधुरीले निर्माण गरेको कृयाकलाप र सामाजिक क्षमताको समग्रताको प्रकृया नै जीविकाको विविधीकरण हो ” (एलिस, १९९९) ।

धर्मावान र मनिङ्ग, (२००१) का अनुसार “जीविकाको रणनीति इच्छित आवश्यकताहरू प्राप्तिसँग सम्बन्धित विभिन्न कार्य हुन् जसका लागि समाजका विभिन्न तहमा रहेका जीविकाका स्रोतहरूको उपयोग गनुपर्ने र जीविकाका लागि निरन्तर संयन्त्रहरूको निर्माण गर्नुपर्ने हुन्छ ।” स्कुन्स्, (१९९८) ले जीविकाको विशेषगरी ३ वटा रणनीतिको उल्लेख गरेका छन् । ती हुन्: पहिलो कृषिको सघनीकरण र व्यापीकरण, दोस्रो जीविकाको विविधीकरण र तेस्रो बसाइसराई । स्कुन्स्ले अगाडि जीविकाका ४ वटा स्रोतहरूको पहिचान गरेका छन् : प्राकृतीक पुँजी, आर्थिक पुँजी, मानव पुँजी र भौतीक पूँजी । यहाँ जीविकाको पहिलो रणनीति कृषिको सघनीकरण र व्यापीकरणमा बहुबाली खेती गर्नु वा महंगो बालिको खेती गर्नु भन्ने हुन्छ । दोस्रो रणनीति जीविकाको विविधीकरणलाई हुसेन र नेलसन, (१९७०) ले व्यक्ति वा घरधुरीले वातावरणई चुनौतीलाई सामना गर्न र आम्दानीमा बृद्धि गर्न अपनाएको बाटोको रूपमा परिभाषित गरेका छन् । त्यस्तै तेस्रो, जीविकाको रणनीति बसाईसराई हो, जुन स्वेच्छिक वा अस्वेच्छिक दुवै हुन सक्छ । एलिस, (१९९८) का अनुसार बसाईसराई मौसमी (कृषि मौसमको आधारमा), चक्रइी (गैरकृषि श्रम क्षेत्रमा हुने श्रमको चक्रइी मागको आधारमा), स्थायी (प्रायः ग्रामीणबाट सहरी) र अन्तर्राष्ट्रिय हुन सक्छन् र एउटा घरधुरीले यी तीनबटा जीविकाको रणनीतिलाई छुट्टा-छुट्टै वा मिश्रित रूपमा प्रयोग गर्न सक्दछ (पिया, महर्जन र जोशी, २०११) ।

प्रायजसो ग्रामीण क्षेत्रमा कृषि नै जीविकाको मुख्य स्रोतको रूपमा रहन्छ (केन र म्याकनिकोल, १९८८) । तर कृषि कार्यले मात्र जीविकाको लागि पर्याप्त नहुन सक्दछ, तसर्थ मानिसहरू गैरकृषि कार्यमा पनि सहभागी हुन्छन् । धेरै कम मानिसहरू आफ्ना पूर्ण आवश्यकताहरू एउटा कृयाकलापबाट मात्र प्राप्त गर्दछन् । त्यसैले व्यक्ति तथा घरधुरी आफ्ना आवश्यकता पूरा गर्न बहु कृयाकलापमा संलग्न रहन्छन् (ब्यारेट, रियरडन र वेव २००१) । तसर्थ यहाँ मानिसले जीविकोपार्जनका लागि अवलम्बन गरेका विभिन्न कृयाकलाप र रोजाइको समष्टिगत रूप नै जीविकोपार्जनको रणनीति हो भन्न सकिन्छ । जीवन यापन मुलत विभिन्न स्रोतहरू जस्तैः कृषि, बालीनाली, ज्ञान, सिप, पशुपालन, फलफुल, रोजगारी आदिको वरपर रहेको हुन्छ र यस्तो जीवन यापन प्राय स्रोतको पहुँच र नियन्त्रणद्धारा आकारित हुन्छन् र आर्थिक, समाजिक, सांस्कृतीक र राजनैतीक परिस्थितीद्धारा प्रभावित हुन्छन् (अर्याल, २०६८) ।

### २.१.३ जोखिमपूर्ण/चुनौतीपूर्ण सन्दर्भ (Vulnerability Context)

जीविकाको रणनीतिको अध्ययनमा जोखिमपूर्ण/चुनौतीपूर्ण सन्दर्भले मानिसहरूको बाह्य वातावरणमा देखा पर्ने समस्यात्मक/द्विविधात्मक प्रवृत्तिका साथै अभाव (Shocks) र मौसमानुकुल (Seasonality) प्रभावलाई जनाउँदछ । जसलाई उसले प्रत्यक्ष नियन्त्रण गर्न सक्दैन । तलको कोठा भित्रको उदाहरणहरूको सूचीले यस्तो सन्दर्भलाई अझ स्पष्टसँग बुझ्न मद्दत गर्दछ :-

| प्रवृत्ति | अभाव | मौसम विशेष |
|---|---|---|
| जनसंख्यात्मक प्रवृत्ति | मानव स्वास्थ्य सम्बन्धि | मूल्यको मौसम |
| स्रोत र त्यसको द्धन्दको प्रवृत्ति | प्राकृतीक अभावहरू | उत्पादनको मौसम |
| राष्ट्रिय अर्न्तराष्ट्रिय आर्थिक प्रवृत्ति | आर्थिक अभावहरू | स्वास्थ्यको मौसम |
| प्राविधिक प्रवृत्ति | द्धन्द्ध | रोजगारको मौसम |
| सरकार र राजनैतीक प्रवृत्ति | खेती/पशुपन्छीको स्वास्थ्य | अवसरको मौसम |

स्रोत : *डी.एफ.आई.डी. सस्टेनेवल लिभ्लिहुड गाइडेन्स सिट, १९९९:२।*

चूनौती/जोखिमपूर्ण सन्दर्भहरूसँग सम्बन्धित यस्ता तत्वहरू कुनैपनि व्यक्ति वा घरधुरीको जीविकाको अध्ययनमा महत्त्वपूर्ण मानिन्छन् । किनकि यसले मानिसहरूको पुँजीको पहुँच माथि र उनीहरूको जीविकाको उपार्जनका लागि प्राप्त गर्ने अवसहरहरू माथि प्रत्यक्ष प्रभाव पार्दछन्, यस्ता सन्दर्भहरूले जोखिमपूर्ण अवस्थामा रहेका मानिसहरूलाई यस्ता जोखीमको पहिचान गरी जीविकाकालागि अन्य उपाय वा वैकल्पिक रणनीतिको अवलम्वन गर्न मद्दत पनि गर्दछन् । यद्यपि यी तत्वहरू सँधै नकरात्मक भने हुँदैनन् ।

## २.२ सैद्धान्तिक समीक्षा

### २.२.१ जीविकाको रणनीतिको सैद्धान्तिक विश्लेषण


जीविकाको अवधारणा सर्वप्रथम मानिसहरूसँग सम्बन्धित रहन्छ । यसले मानिसहरूको वास्तविक ताकत/खुवी (जसलाई निर्माण गर्न सम्पत्ति वा पुँजीले मद्दत गर्दछ) र उनीहरूले कसरी त्यस खुबीलाई आफ्नो जीविकाको उपार्जनको लागि सकरात्मक रूपमा बदल्न सक्छन् भन्ने कुराको खोजि गर्दछ र त्यसलाई आत्मसात गर्दछ । यस अध्ययनमा जीविकाको रणनीतिको विश्लेषण डिपार्टमेण्ट फर इन्टरनेसनल डेभ्लपमेण्ट ( डी.एफ.आई.डी) ले तयार पारेको जीविकाको रणनीतिको विश्लेषणको एस.आर.एल ( सस्टेनेभल रुरल लिभ्लीहुड फ्रेमवर्क) ढाँचाका आधारमा गरिएको छ । जुन ढाँचा अन्तर्गत डी.एफ.आई.डी. ले जीविकाको रणनीतिको विश्लेषणका लागि घरधुरी भित्र हुने मानव पुँजी, प्राकृतीक पुँजी, सामाजिक पुँजी, भौतीक पुँजी र वित्तिय पुँजी गरी ५ वटा पुँजीको किटान गरेको छ । यी ५ वटा पुँजीहरूको उपलव्धता, स्वामित्व र पहुँचका आधारमा कुनैपनि व्यक्ति तथा घरधुरीको जीविकाको रणनीति आकारित हुन्छ । यी पूँजीहरूलाई विशेषत तीनिहरूको जोखिमपूर्ण सन्दर्भ, जीविकाका लागि आवश्यक सम्पत्ति, रूपान्तरित सामाजिक संरचना र प्रकृयाका आधारमा विश्लेषण गरीन्छ । जसले ग्रामीण जीविकाको रणनीति अन्तर्गत व्यक्ति तथा घरधुरीको इच्छित र अपेक्षित जीविकाको उपार्जनको लागि विशेष भूमिका खेल्दछ (मनांकतला र दिक्षीत,२००५) ।

यस अवधारणा मानिसको जीविकाको उपार्जनका लागि उनीहरूलाई निश्चित खालको सम्पत्ति (assets) को आवश्यकता पर्दछ, जसका लागि ती सम्पत्ति मध्ये कुनै एक

खालको पुँजी (मानव पूँजी, सामाजिक पूँजी, वित्तीय पुँजी, भौतीक पुँजी र प्राकृतीक पुँजी जस्ता ५ पूँजी मध्ये) ले मात्र मानिसले खोजेको जीविकाको उपार्जन पूर्ण रूपमा प्राप्त गर्न सक्दैनन् तसर्थ कतीपय अवस्थमा उनीहरू स्वयम् आफूसँग भएका सिमती सम्पत्तिबाट जीविकाको लागि नयाँ उपायको आविष्कार वा खोजि गर्न भने सक्दछन् भन्ने विश्वासमा आधारित छ (डी.एफ.आई.डी १९९९) ।

## सम्पत्तिको पञ्चकोण (**Assets Pentagon**)


सम्पत्तिको पञ्चकोण जीविकाको अवधारणात्मक खाकाका सम्वन्धमा महत्त्वपूर्ण मानिन्छ । पञ्चकोणको विकास मानिसहरूसँग भएका सम्पत्तिहरूलाई दृश्यात्मक रूपमा देखाउन र जीवननिर्वाहका लागि यस्ता सम्पत्तिको अन्तर्सम्वन्धलाई देखाउनका लागि गरिएको हो (डी.एफ.आई.डी १९९९) ।




*स्रोतः डी.एफ.आई.डी. सस्टेनेवल लिभ्लिहुड गाइडेन्स सिट, १९९९ सेक्सन २ ।*

माथिको पञ्चकोणका माध्यमबाट मानिसहरूको उल्लेखित पुँजीमा रहेको पहुँचलाई वुझ्न सकिन्छ । यस पञ्चकोणको केन्द्र जहाँ ५ वटा नै पुँजीका रेखाहरू एकआपसमा जोडिएका छन्, त्यसले मानिसको उल्लेखित पुँजीहरूमा कुनै पनि पहूँच नरहेको वा शून्य

पहुँच रहेको जनाउँदछ । केन्द्रबाट जती टाढा यी रेखाहरू फिँजारिदै जान्छन् उती नै उनीहरूको ती पुँजीहरू माथिको पहुँच ज्यादा रहेको बुझ्न सकिन्छ । यस प्रकार भिन्न भिन्न समुदाय र सामाजिक समुहहरूको पुँजीमा रहेको पहुँचका आधारमा यो पञ्चकोणको आकार पनि भिन्न भिन्न पाउन सकिन्छ । अथवा भनौं मानिसहरूको उल्लेखित पुँजीहरूमाथि रहेको स्वामित्व र पहूँचका आधारमा यो पञ्चकोणको आकार निर्माण हुन्छ । जस्तै कुनै समुदायमा सम्पत्तिबाट प्राकृतीक पुँजीको रूपमा जग्गा वा जमिन एकदमै धेरै छ, वन तथा पानीका स्रोतबाट लिने फाइदा एकदमै धेरै छ तर अन्य ४ बटा पूँजीहरू भौतीक पुँजी, वित्तीय पुँजी, मानव पुँजी, र सामाजिक पुँजीका सुचक वा निर्धारकहरूको पहुँच वा स्वामित्व कमजोर रहेको र यी ४ वटा पुँजीको स्वामित्व र पहुँच लगभग समान छ भने उक्त पञ्चकोणको आकार यस्तो बन्नेछ :




माथिको पञ्चकोणको चित्रमा माथिल्लो कोण तीरको रेखा अन्य भन्दा लामो रहेको हामीले देख्न सक्दछौ, किनकि यहाँ जीविकाका लागि चाहिने अन्य पुँजी भन्दा प्राकृतीक पुँजी उदाहरणका लागि बढी देखाइएको छ । यी ५ वटा पुँजीको पहुँच र स्वामित्वको आधारमा पञ्चकोणको आकार भिन्न-भिन्न निर्माण भएता पनि यी ५ वटा नै पुँजीहरू जीविकाको

रणनीतिका सन्दर्भमा एकअर्कासँग अर्न्तसम्बन्धित भने रहन्छन् । जस्तै प्राकृतीक पुँजीको रूपमा कुनै एक व्यक्ति वा घरधुरीले जग्गाको स्वामित्व छ भने उसले त्यसबाट प्रत्यक्ष उत्पादनको कार्य नगरेता पनि त्यसबाट ऋण लिन सक्दछ, यहाँ ऋण लिन पाउनु वित्तिय पूँजीसँग सम्बन्धित रहन्छ भने जग्गा जमिन प्रसस्त हुने व्यक्ति वा घरधुरीलाई सामाजिक रूपमा प्रतिष्ठित पनि मानिन्छ, जुन उसको सामाजिक पुँजी अन्तर्गतको पक्ष बन्न जान्छ । तर यस अध्ययनमा घरधुरीभित्र हुने उल्लेखित ५ वटा पुँजीको पहुँच र स्वामित्वलाई वास्तविक रूपमा मापन गर्ने नसकिने वा त्यस्तो मापन गर्ने विधिको अभावमा यस अध्ययनमा यी ५ वटा पूँजीको चर्चा मात्र गरिएको छ ।

## २.२.२ सामाजीक परिवर्तन र आधुनिकीकरणको सिद्धान्त

आधुनिकीकरणको सिद्धान्त सामाजिक परिवर्तनको सिद्धान्त हो । भैरहेको अवस्थामा कालान्तरमा आउने फेरवदल नै परिवर्तन हो । परिवर्तन प्रकृतिको स्वभाविक नियम हो । हरेक समाजले परिवर्तनको दिशा लिन्छ तर त्यसको मात्रा र गतिमा भने फरक हुन्छ । मानव समाजको उत्पत्ति देखि बर्तमान सम्ममा समाजको स्वरुप कयौं पटक फेरिएको छ । त्यसो त प्राचिन दार्शनिक हिराक्लिटसले विश्वको कुनै पनि वस्तु स्थिर नरहेको अर्थात् सवै वस्तु गतिशिल रहेको बताएका थिए । परिवर्तनले नै विगतको सरल, प्राचिन र घुमन्ते जीवनको समाज आज विकसित, आधुनिक र व्यवस्थित वन्दै गएको हो ( आचार्य, २०६८) ।

समाज सामाजिक सम्बन्ध, अर्न्तक्रिया, सामाजिक संस्थाहरूको व्यवस्थित र जटिल जालो हो । तसर्थ भन्न सकिन्छ सामाजीक परिवर्तन सामाजीक सम्बन्ध, व्यवहार, अर्न्तक्रिया, संस्था, संरचना, एकाई र तिनीहरको प्रकार्य आदिहरूमा समयको गतिसँगै आउने परिवर्तन हो । जस अर्न्तगत प्रगति, रुपान्तरण, आधुनिकता, विकास, वृद्दि, शहरिकरण, आधुनिकीकरण, पश्चिमाकरण, आदि जस्ता सामाजीक प्रक्रियाहरू समावेश हुन्छन् ।

तर यस सन्दर्भमा यहाँ हामी आधुनिकीकरणका सिद्दान्तलाई बढी जोड दिदैछौं । विशेषत आधुनिकीकरणको सिद्धान्त सन् १९५०-६० को दशकमा बढी सक्रिय भएर अगाडि बढेको थियो । दोस्रो विश्वयुद्ध पश्चात कयौं गरीव तथा अल्प विकसित राष्ट्र विकसित राष्ट्रहरूको उपनिवेशबाट मुक्त हुन पुगे साथै कयौं राष्ट्रहरू युद्धले क्षतविक्षत हुन पुगे ।

त्यसपछि ती राष्ट्रले विकसित राष्ट्रको स्थानमा पुग्न विकसित राष्ट्र अवलम्वन गरेका नीति नियम तथा कार्यक्रमहरूको अवलम्वन गरे । जसलाई तत्कालीन समयमा आधुनिकीकरणको रूपमा लिइयो (अर्याल, २०६८) । वास्तवमा आधुनीकीकरण हुनु वा आधुनिक बन्नु भनेको केवल पश्चिमी संस्कृती, मुल्यमान्यता, लवाईखवाई, चालचलन, प्रविधिको नक्कल गर्नु मात्र थिएन । यस प्रकृयाले आज तेस्रो विश्वका मुलुकहरूमा परनिर्भरता मात्र बढाएन कि उत्पादन र प्रविधिका क्षेत्रमा नगन्य मात्र परिवर्तन भयो । त्यसैले आधुनिकीकरण भनेको परिवर्तन मात्र नभई समाजका विविध पक्षमा आउने सकारात्मक परिवर्तन हो (वर्नस्टेइन्ट, २००२) ।

आधुनिकीकरण समाज विकासको स्वभाविक प्रकृया हो । वास्तवमा आधुनिकीकरण र विकासका बिच सकारात्मक सम्वन्ध हुन्छ । तसर्थ यो एक जटिल, वृहत र बहुआयामिक प्रकृया हो । आधुनिकीकरणको प्रकृयामा परम्परागत कृषि समाज औद्योगिक समाज तर्फ, सामान्य प्रविधि कुशल र विशिष्ट प्रविधि तर्फ अग्रसर हुन्छ । समाजमा विद्यमान अन्धविश्वास, कुरीती, अशिक्षा, वेरोजगारी क्रमशः हट्दै जान्छ (आचार्य, २०६८) ।

## २.३. अगिल्ला अध्ययनहरूको समीक्षा

### २.३.१. नेपालका गन्धर्व तथा अन्य केही दलित जातिहरूमा जीविकाको विविधीकरण

नेपालका अधिकांश दलितहरू सिमान्तकृत तथा धेरैजसो सुविधा र अवसरबाट बन्चित छन । परम्परागत पेशामा सम्मान नहुने र पर्याप्त आम्दानी नहुने हुनाले गन्धर्वहरू वर्तमानमा जीविकाका नयाँ विकल्प तथा रणनीतिहरूको खोजिमा रहेको पाइन्छ । गन्धर्वसँग सम्बन्धित पोखरामा गरिएको एक अध्ययनबाट प्राप्त सूचना अनुसार विभिन्न पेशामा संलग्न गन्धर्वको स्थिती यस्तो थियो । जसमा परम्परागत गायन पेशामा संलग्न १९.२९ प्रतीशत, सेवामूलक संस्थामा संलग्न ५४.३८ प्रतीशत, हाते श्रममा संलग्न १५.७८, व्यवसायमा संलग्न ८.७७ प्रतीशत र अन्यमा १.७ प्रतीशत रहेको देखिन्छ । उक्त अध्ययनले २० बर्ष अगाडिसम्म ७० प्रतीशत गन्धर्व परम्परागत पेशामा आबद्ध रहेको तर पछिल्लो समयमा जीविकाका लागि ट्याक्सी ड्राइभर, साना व्यवसाय, तरकारी तथा फलफुल व्यापार तथा वैदेशिक रोजगार आदिमा संलग्न रहेको उल्लेख गरेको पाइन्छ (पराजुली, २०६८) ।

त्यस्तै बराल, (२०६६) ले आफ्नो स्नातकोत्तरको शोधकार्यको आवश्यकता पुरा गर्न कास्कीका गन्धर्वको अध्ययनका क्रममा गन्धर्व समुदायको परम्परागत पेशाबाट जीवनयापन चल्न कठिनाई भएको साथै सामाजिक मर्यादामा पनि कमी भएको र नियमित आम्दानी नहुने जस्ता कारणले आधुनिकीकरणसँगै परम्परागत पेशा छाड्ने र आधुनीक पेशा अपनाउने क्रम बढेको बताउँछन् । त्यस्तै खनाल, (२०६६) ले पनि गन्धर्वहरू वर्तमान समयमा सारङ्गी र अर्वाजोको निर्माण गरी पोखराका पर्यटकीय स्थलहरूमा तीनीहरूको विक्री गर्ने कायर्ममा संलग्न भएको बताउँछन । उनले परम्परागत अवस्थामा जस्तो वर्तमानमा गन्धर्व गायन पेशामा मात्र संलग्न नरही गाडी चलाउने काम तथा अन्य नोकरीमा संलग्न रहेको वताउँदै वैदेशिक रोजगारतर्फ आकर्षण बढेको उल्लेख गरेका छन्, जसले गन्धर्वहरूको सामाजिक आर्थिक अवस्थामा व्यापक परिवर्तन ल्याएको उल्लेख गरका छन् । त्यस्तै लामिछाने, (२०६९) ले कास्कीको लेखनाथ नगरपालिका वडा नं.-७ बडहरेका गन्धर्वहरूको वैयक्तिक अध्ययनका क्रममा गन्धर्वहरू क्रमश परम्परागत पेशा सारङ्गी बजाउने काम छाड्दै गएका र जीविकाका लागि औद्योगीक, निर्माण, कृषि जस्ता मजदुरी तथा स्वदेशी रोजगार र वैदेशिक रोजगारतर्फ आकर्षित भएको उल्लेख गरेका छन् । साथै आफ्नो पेशालाई परिमार्जन गर्दै कतीपय गन्धर्व सारङ्गी निर्माण गरी पर्यटकइी स्थल पोखराका मुख्य बजारमा लगेर पर्यटकलाई बेच्ने र त्यसैबाट जीविका चलाउने गरेका उल्लेख गरेका छन् ।

ए.एच.आर.सी. ले सन् (२०११) मा सुर्खेतको जरवुट्टा गा.वि.स.का गन्धर्व जातिमा गरेको अध्ययनमा उनीहरू जीविकाका लागि स्थानीय नदीको किनारबाट बालुवा र ढुङ्गा बटुल्ने साथै गिटी कुट्ने काममा संलग्न रहेको उल्लेख गरेको पाइन्छ, जसबाट ५,६ जनाको प्रती गन्धर्व परिवारले प्रती दिन रु.१०० का दरले मात्र आम्दानी गर्ने र त्यसले उनीहरूको विहान वेलुकाको २ छाक मुस्किलले गुजारा हुने उल्लेख गर्दै त्यहाँको स्थानीय परिवेशले गर्दा उनीहरू जीविकाका अन्य उपायबाट बन्चित रहेको रहेको उल्लेख गरेको छ ।

गन्धर्व जातिको जीविकाको रणनीति र विविधीकरणसँग सम्वन्धित अध्ययनको अभावमा यहाँ यसका अलवा गन्धर्व जाति जस्तै सामाजिक रूपले पछाडी परेका अन्य जाति तथा समुहको जीविकाको अध्ययनलाई यस अध्ययामा समावेश गरिएको छ । जसमा पिया,

महर्जन र जोशि, (२०११) ले चितवनको शक्तिखोर र हाँडिखोला गाविसका चेपाङ जातिको अध्ययनमा उनीहरूले जीवन यापनका लागि जीविकाको विविधीकरण गर्न पुगेका जसमा ६ वटा मुख्य जीविकाका स्रोतहरूको (कृषि, ज्यालामजदुरी, वन्य उत्पादन, हस्तनिर्मित सामान, सिपयुक्त गैरकृषि काम र वैदेशिक रोजगार) छनौट गरेको उल्लेख गरेका छन् । उनीहरूले चेपाङ जाति १५० बर्ष अगाडीसम्म सिकारी र कन्दमुल समाजमा रहेको र क्रमश जीविकाका लागि कृषि तथा खोरिया खेती हुँदै बर्तमानमा उक्त पेशाहरूमा आबद्ध भएको उल्लेख गरेका छन ।


त्यस्तै भण्डारी र ग्रान्ट, (२००७) ले ग्रामीण समाजमा जीविकाका लागि कृषि उत्पादन मात्र पर्याप्त नहुने जुन परम्परागत रूपमा गरीन्छ । तसर्थ जीविकाको लागि ग्रामीण जनताले जीविकाको रणनीतिमा विविधीकरण गर्नुपर्ने बताउँछन् । उनीहरूले पश्चिम नेपालको कास्की जिल्लाका ग्रामीण जनताको जीविकाको रणनीतिको अध्ययनमा ग्रामीण जनताले अपनाएका मुख्यत ३ वटा जीविकाको रणनीतिको उल्लेख गरेका छन् । ती हुन्: कृषि उत्पादनमा एकदमै आश्रित, वनजङ्गलमा एकदमै आश्रित, र वैदेशिक रोजगार तथा अन्य आम्दानीमा आश्रित ।

त्यस्तै आचार्य, (२०१०) ले नेपालका अर्को जातिय समुह बोटे, जो झण्डै माझी र कुसहर जातिको जस्तै  जीविकाको लागि माछा मार्ने, डुङ्गा चलाउने काम गर्दछ उनीहरूको अध्ययनमा वोटेहरू पछिल्लो समयमा आधुनिकीकरण, शहरीकरण, शिक्षा आदिको प्रभावले उनीहरू आफ्नो जीविकाको रणनीतिलाई परिवर्तन गर्दै सरकारी सेवा, डकर्मी, सिकर्मी, बैदेशिक रोजगार तथा प्राविधिक र अप्राविधिक काममा संलग्न हुन पुगेको उल्लेख गरेका छन् । जुन उनले चितवनको पातीहानी गाविसका वोटेहरूको अध्ययनद्धारा प्रस्तुत गरेका थिए ।

यसरी नेपालका केही जातीय समुहको जीविकाको रणनीतिको पक्षलाई केन्द्रित गर्दै केही अध्ययनहरू भएको पाइन्छ, यद्यपि गन्धर्व जातिसँग सम्बन्धित माथि उल्लेखित भिन्न-भिन्न अध्ययनहरूको उदाहरणमा गन्धर्वहरू वर्तमानमा जीविकाको लागि विभिन्न कारणबस् आफ्ना परम्परागत पेशामा परिवर्तन गर्दै गरेको कुरा त थाहा हुन्छ तर पनि हरेक गन्धर्व घरधुरी भित्र घरधुरीको जीविकाको रणनीतिको पक्ष कस्तो छ, साथै एउटा घरधुरी भित्र

जीविकाको लागि घरधुरीका समग्र सदस्यहरू के कस्ता पेशामा आवद्ध छन् वा उनीहरूले कसरी आफ्नो आम्दानीका स्रोतहरूलाई विविधीकरण गरेका छन् भन्ने जस्ता पक्षहरूको यथेष्ट जवाफ पाउन सकिँदैन । यसर्थ यस अध्ययनले गन्धर्व जातिसँग सम्बन्धित माथि उल्लेखित पक्षलाई केलाउँदै तीनिहरूको उत्तर खोज्ने काम गरेको छ ।

### २.३.२ अवधारणात्मक खाका




*चित्र २.१* अवधारणात्मक खाका

चित्र २.१ का अनुसार गन्धर्वहरूको परम्परागत पेशालाई बढ्दो सामाजिक परिवर्तनका विभिन्न पक्षहरूले निरन्तर प्रभाव पारिरहेको देख्न सकिन्छ । यसै बिच गन्धर्व समुदायका घरधुरी भित्रको सम्पत्तिका पक्षहरू मानव पुँजी, प्राकृतिक पुँजी, भौतिक पुँजी, वित्तीय पुँजी र सामाजीक पुँजी गरी ५ वटा पक्षलाई यहाँ चरको रुपमा लिँदै यिनीहरूको पहुँच र स्वामित्वका आधारमा उनीहरूले बढ्दो सामाजिक परिबर्तनसँगै अवसर र चुनौतिहरू दुवै पाएको देख्न सकिन्छ । जसमा अवसरका रुपमा उनीहरुले रोजगारीका नयाँ अवसरहरु, आधुनिक जीवनशैली, श्रम विभाजन, परम्परागत पेशाको रुपान्तरण गर्ने अवसर लगायत पहिलेको तुलनामा सामाजिक प्रतिष्ठामा वृद्धि भएको, सामाजिक सुधारहरु अर्न्तगत गन्धर्व समुदायका विभिन्न पक्षमा सुधार हुँदै गएको र पहिलेको तुलनामा बर्तमानमा अन्य जाति र स्वयम् गन्धर्व जाति जाति विचको सम्बन्ध पनि सुदृण बन्दै गएको अवस्था भेटिन्छ । त्यस्तै चुनौतिका रूपमा उनीहरुको परम्परागत पेशा प्रति उदासिनता देखिनु, परम्परागत जीविकाको रणनीति र पेशा क्रमशः लोपोन्मुख बन्नु यति मात्र नभई समग्र नेपाली लोक संस्कृतिका रुपमा रहेको गाइने संस्कृति पनि जोखिममा पर्नु , न्युन ज्यालादार र जोखिमपुर्ण कामका अवसर मात्र पाउनु, समाजमा अझै पनि अन्धविश्वास, कुप्रथा र रूढिबादीले जरा गाडेको साथै वर्तमानका आम्दानीका विभिन्न स्रोतबाट हुने आम्दानीबाट पनि बचतको स्थिति कम देखिनु र समग्रमा गन्धर्व समुदाय यस्ता आम्दानीका स्रोतबाट असन्तुष्ट रहेको देख्न सकिन्छ । चित्रमा यस्ता अवसर र चुनौतिका बावजुद उनिहरुको घरधुरिको जीविकाका लागि उपार्जनहरु निस्कीएका र यसै विच उनीहरुको जीविकाको नयाँ रणनीति बन्दै गएको देखाइएको छ ।

# *अध्याय तिन*

# अनुसन्धान पद्धत्ति

## ३.१. अध्ययन क्षेत्र छनौटको औचित्य

कास्की जिल्लामा करिव ११८ घरधुरीमा जम्मा ५९३ जना गन्धर्वको वसोवास रहेको छ । जसमध्ये बाटुलेचौरमा ६६, लेखनाथको अर्घौंमा २०, हेम्जामा ११, गगनगौँडामा १२ र भरतपोखरीमा ३ घरधुरी रहेका छन् (बराल, २०६६) । (यद्यपि स्थलगत अध्ययनका क्रममा लेखनाथ नगरपालिकामा मात्रै जम्मा ४३ गन्धर्व घरधुरीहरू रहेको पाइयो ।) जस अन्तर्गत यस अध्ययनका क्रममा कास्की जिल्लाको लेखनाथ नगरपालिकाका वडा नं. २, ७, १० र १३, (जहाँ गन्धर्वहरूको वसोवास रहेको छ) लाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । उक्त क्षेत्र शहरी क्षेत्रसँग पनि जोडिएको तर पहाडी अर्धग्रामीण परिवेशमा अवस्थित रहेको कारण सो क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा छनौट गरिएको छ । साथै लेखनाथ नगरपालिकाका समग्र गन्धर्वहरूलाई एकैसाथ समेट्ने गरी गरिएका अध्ययनहरू नपाइएको अवस्थामा यस क्षेत्रलाई अध्ययन क्षेत्रका रूपमा छनौट गरिएको छ । त्यस्तै गन्धर्वहरू पहाडी दलित जाति अन्तर्गत पर्दछन् (दहाल, २००३) र गन्धर्व जस्तै अन्य स्थानका अन्य दलितहरू कामी, दमै, सार्की आदिका जीवनका अन्य पक्षहरूको अध्ययनहरू प्रशस्त भएको पाइएको र यसभन्दा अगाडि गन्धर्व जातिहरूको जीविकाको रणनीति र जीविकाको विविधीकरणसँग सम्बन्धित अध्ययनहरू पर्याप्त नभएको/नपाइएको अवस्थामा यस अध्ययनको उद्देश्य प्राप्त गर्न गन्धर्व जातिको छनौट गरिएको हो ।

साथै धेरैजसो देशहरूमा सरकारले रैथाने मानिसहरूको परम्परागत पेशा जस्तै स्थानान्तरित खेती, माछा मार्ने काम र पशुपालन आदि कार्यहरूलाई प्रायः बेवास्ता गर्दछ र विकासका लागि यस्ता परम्परागत अभ्यासलाई पुराना मोडल वा मिती सकिएका अभ्यासका रूपमा पनि लिने गर्दछ । जसले गर्दा यस्ता परम्परागत पेशामा आधारित समुहहरू पछाडि पर्ने र सिमान्तकृत हुन पुग्दछन् । त्यसका साथै कतीपय अवस्थामा ती समुहहरू आफ्नो परम्परागत पेशा र त्यसबाट हुने आम्दानीलाई पनि क्रमश गुमाउन पुग्दछन् (लासिम्बाङ्ग, २००८) । यसै विषयलाई पनि मध्येनजर गर्दै गन्धर्व जातिहरूको परम्परागत पेशाको

अभ्यास र उनीहरूको परम्परागत सिप र जीविकाको पक्षलाई उजागर गर्न यस अध्ययनमा गन्धर्व जातिको छनौट गरिएको हो ।

## ३.२. अनुसन्धान ढाँचा

यस अध्ययनमा गन्धर्वहरूको परम्परागत र परिवर्तित जीविकाका रणनीति तथा पेशाहरूको अवस्था के कस्तो रहेको छ, बुझ्नका लागि उनीहरूको सामाजिक संरचना र सामाजिक अवस्थाको विवरण प्रस्तुत गर्नुपर्ने भएकोले प्रस्तुत अध्ययन विवरणात्मक र अन्वेषणात्मक अध्ययनको ढाँचामा आधारित रहेको छ ।

## ३.३. सूचनाको प्रकृति र श्रोत

यस अध्ययनको सूचना सङ्कलनका क्रममा गुणात्मक र परिमाणात्मक दुवै प्रकृतिका सूचनाहरू सङ्कलन गर्ने कार्य गरिएको छ । जसक्रममा गन्धर्वहरूको परम्परागत पेशा, पेशासँग सम्बन्धित किम्वदन्तिहरू, पेशाको सिप, वर्तमानमा देखिएका चुनौतीहरू, परम्परागत पेशामा आएको रूपान्तरण जस्ता पक्षको अध्ययनका लागि गुणात्मक प्रकृतिको सूचना सङ्कलन गरिएको छ । त्यस्तै गन्धर्व समुदायको जनसाङ्ख्यिकीय सूचना, विभिन्न रोजगारी तथा पेशामा रहेको संलग्नता जस्ता पक्षको अध्ययनका लागि परिमाणात्मक प्रकृतिको सूचना सङ्कलन गरिएको छ ।

**प्राथामिक सूचना** : यस अध्ययनमा अनुसन्धानको उद्देश्य अनुसार प्राथामिक सूचना सङ्कलनका लागि घरधुरी सर्वेक्षण गरिएको छ । जस क्रममा गन्धर्वहरूको जीविकाको रणनीतिका पक्षहरूलाई बुझ्न हरेक घरधुरीको प्रमुख अथवा ऊ नभए उसको प्रतिनिधि दोस्रो प्रमुखबाट सूचना सङ्कलन गरिएको छ । जसबाट गुणात्मक तथा परिमाणत्मक दुवै त्थ्याङ्क सङ्कलन गरिएको छ । जसका लागि संरचित र असंरचित अन्तर्वार्ता अनुसुची, अवलोकन विधिको प्रयोग गरिएको छ । साथै गन्धर्वहरूको इतीहास, बसाईसराई, पेशा आदिको बारेमा थाहा पाउन मुख्य सूचनादातासँगको अन्तर्वार्ता विधिलाई पनि अवलम्वन गरिएको छ ।

**द्धितीयक सूचना** : द्धितीयक प्रकृतिको सूचनाको क्रममा विभिन्न पत्रपत्रिका, सङ्घ-संस्था, नगरपालिका, जनगणनाको तथ्याङ्क प्रकाशित तथा अप्रकाशित सूचनाका साथै शोधपत्र, पुस्तक, लेख, रचना, बुलेटिन आदिको सहयोग लिइएको छ ।

## ३.४. अध्ययनको समग्रता र नमुना छनौट

कास्की जिल्लामा करिव ११८ घरधुरीमा जम्मा ५९३ जना गन्धर्वको वसोवास रहेको छ । जसमध्ये बाटुलेचौरमा ६६, लेखनाथको अर्घौंमा २०, हेम्जामा ११, गगनगौँडामा १२ र भरतपोखरीमा ३ घरधुरी रहेका छन् (बराल, २०६६) । (यद्यपि स्थलगत अध्ययनका क्रममा लेखनाथ नगरपालिकामा मात्रै जम्मा ४३ गन्धर्व घरधुरीहरू रहेको देखिन्छ ।) त्यस्तै गन्धर्वहरू पहाडी दलित जाति अन्तर्गत पर्दछन् (दहाल, २००३) र गन्धर्व जस्तै अन्य स्थानका अन्य दलितहरू जस्तै कामी, दमै, सार्की आदिका जीवनका अन्य पक्षहरूको अध्ययनहरू प्रसस्त भएको पाइएको र यसभन्दा अगाडि गन्धर्व जातिहरूको जीविकाको रणनीति र जीविकाको विविधीकरणसँग सम्बन्धित अध्ययनहरू पर्याप्त नभएको/नपाइएको र लेखनाथ नगरपालिकाका समग्र गन्धर्वलाई समेट्ने गरी गरिएका अध्ययनहरू पनि नपाईएको अवस्थामा यस अध्ययनको उद्देश्य प्राप्त गर्न गन्धर्व जातिको छनौट गरिएको हो । त्यस्तै समाजीक जीवनका पक्षहरूको अध्ययनका सम्वन्धमा आवश्यक सूचनाहरू सङ्कलन गर्नका लागि जनगणना (सेन्सस) तथा नमुना छनौट दुवै विधिको प्रयोग गरीन्छ, यद्यपि अध्ययनका क्रममा नमुना छनौटको विधिबाट गरिएको अध्ययनमा केही त्रुटिहरू रहन सक्छ भने जनगणना विधिमा त्यसको तुलनामा सूचना वढी बास्तविक र जस्ताको त्यस्तै प्राप्त गर्ने संभावना उच्च हुन्छ (सिग्देल, २०११) । तसर्थ यसैलाई मध्येनजर गर्दै यस अध्ययनका क्रममा कास्की जिल्लाको लेखनाथ नगरपालिकाका समग्र गन्धर्वहरूलाई समेटिने गरी ले.न.पा.का वडा नं. २, ७, १० र १३ का सम्पूर्ण ४३ गन्धर्व घरधुरीलाई समग्रताको रूपमा लिँदै जनगणना विधिमा आधारित रहि ती क्षेत्रका गन्धर्व घरधुरीहरूको सर्वेक्षण गरिएको छ ।

## ३.५ अन्तर्वार्ता अनुसूचीको पूर्व-परीक्षण

यस अध्ययनका क्रममा तयार पारिएको अन्तर्वार्ता अनुसुचीको उपयोगीताको परीक्षणका लागि छनौट गरिएको अध्ययन क्षेत्र (ले.न.पा.) र समुह (गन्धर्व) सँग मिल्दोजुल्दो अर्को स्थान र समुहमा यस विधिको पूर्वपरीक्षण गरिएको थियो । जसलाई सर्वप्रथम

कास्कीको हेम्जा गा.वि.स. स्थित मिलनचोकका जम्मा ११ वटा गन्धर्व घरधुरीमा पूर्व-परीक्षण गरिएको थियो । जस क्रममा सङ्कलित तथ्याङ्कको विश्लेषणको सहायताबाट जीविकाको रणनीतिको अध्ययनका लागि अनावश्यक मानिएका प्रश्नहरूलाई अनुसूचीबाट हटाउने, द्विविधात्मक प्रश्नलाई अझ स्पष्ट बनाउने र अनुसूचीले यस अध्ययनका समेट्न नसकेका अन्य पक्षलाई पनि समेटिने गरी नयाँ र अन्तिम प्रश्नहरूको पुर्ननिर्माण गरिएको थियो । यसर्थ यस अध्ययनका क्रममा तयार पारिएका अन्तर्वार्ता अनुसूचीहरू यस अनुसन्धानका लागि वैध र प्राप्त तथ्याङ्कमा विश्वसनियता रहेको छ । यसका साथै यस अध्ययनका क्रममा अनुसन्धानको आचार संहितालाई ध्यानमा राख्दै अध्ययनको उद्देश्य अनुरूप सूचना प्राप्त गर्नका लागि उत्तरदाताहरूलाई कुनै पनि किसिमको दवाव सृजना नगरी उनीहरूको व्यक्तिगत तथा सामाजिक जीवनमा कुनै पनि किसिमको आक्षेप नपुग्ने गरी उत्तरदाताले आफ्नो मन्जुरीले दिएका सूचनाहरूको मात्र सङ्कलन गर्ने कार्य गरिएको छ ।

## ३.६. तथ्याङ्क सङ्कलन विधि

अनुसन्धानका क्रममा अनुसन्धानलाई व्यवस्थित, मर्दादित, वैज्ञानिक र विश्वसनीय बनाउनका लागि अनुसन्धानको आचार संहिताको पालना गर्दै यस अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउन निम्न विधिको प्रयोग गरिएको छ ।

### ३.६.१. अन्तर्वार्ता अनुसुची

*"अन्तर्वार्ता अनुसूचीसंरचित अन्तर्वार्ताको क्रममा अन्तर्वार्ताकारका लागि बनाईएको निर्देशिका सूची हो, जसमा अन्तर्वार्ताका क्रममा के प्रश्न सोध्ने, कसरी सोध्ने भन्ने जस्ता कुराहरूको समावेश गरी प्रश्नहरूलाई विषयवस्तुका आधारमा क्रमबद्ध र स्पष्ट मिलाएर राखिएको हुन्छ"* (फ्लोएड र फ्लोलर, २००४) । यस अध्ययनमा पनि अध्ययनको उद्देश्य प्राप्तीका लागि अन्तर्वार्ताको क्रममा उत्तरदातासँग संरचित प्रकारका प्रश्नहरू (जसमा खुल्ला र बन्द दुवै किसिमका प्रश्नहरू) सोध्ने कार्य भएको थियो, जसबाट अनुसन्धानको उद्देश्य अनुरूप गुणात्मक र परिमाणात्मक दुवै सूचनाको सङ्कलन गरिएको छ ।

### ३.६.२. अवलोकन विधि

यस अध्ययनको उद्देश्य अनुरूप गन्धर्वहरूको जीविकाको अवस्थालाई वुझ्न अनुसन्धानकर्ता स्वयम् अध्ययनस्थलमा उपस्थित भई उनीहरूसँगै बसेर प्रश्नहरू सोध्ने र

सँगसँगै उनीहरूको घरको अवस्था, लवाईखुवाई, दैनिक दिनचर्या आदि जस्ता पक्षहरूको बारेमा बुझ्नका लागि अध्ययन क्षेत्रको प्रत्यक्ष अवलोकन गर्ने कार्य भएको थियो । तसर्थ यस अनुसन्धानमा अवलोकन विधिको पनि प्रयोग गरिएको छ ।

### ३.६.३ मुख्य सूचनादातासँगको अन्तर्वार्ता

प्यानेई र जुडी, (२००४) का अनुसार "*मुख्य सूचनादाताहरू ती हुन्, जुन व्यक्तिको सामाजिक स्थिती अध्ययनका क्रममा सम्बन्धित विषय वस्तुको लागि विशेष ज्ञान भएको र त्यस विषयवस्तुका लागि विशेष महत्त्व हुने खालको हुन्छ र उक्त व्यक्तिलाई अध्ययनको विषयवस्तुका लागि आवश्यक सूचना दिने सक्ने मुख्य स्रोतको रूपमा लिइन्छ* ।" यस अध्ययनका क्रममा पनि अनुसन्धानको उद्देश्यलाई ध्यानमा राख्दै गन्धर्वहरूको ऐतिहाँसिक, सामाजिक, आर्थिक, साँस्कृतीक साथै जनसाङ्ख्यिकीय तथा पेशागत सिप जस्ता पक्षको बारेमा थाहा पाउन गन्धर्व समुहका अध्यक्ष, गन्धर्व समुहका सबैभन्दा जेष्ठ व्यक्ति र परम्परागत पेशामा संलग्न २ जना गरी जम्मा ४ जनालाई उद्देश्यमूलक नमुना छनौटका आधारमा मुख्य सूचनादाताको रूपमा लिँदै अनुसन्धानको उद्देश्य अनुरूप उनीहरूको अन्तर्वार्ता लिइएको छ ।

## ३.७. तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनका क्रममा अनुसन्धानको उद्देश्य अनुसार गुणात्मक तथा परिमाणात्मक दुवै तथ्याङ्कको सङ्कलन गर्ने कार्य भएको थियो । जसबाट प्राप्त गुणात्मक सूचनालाई विशेषत विश्लेषणात्मक ढंगले प्रस्तुत गरिएको छ, जसक्रममा अन्तर्बार्ता अनुसूची तथा मुख्य सूचनादाताबाट प्राप्त कतीपय महत्त्वपूर्ण सूचनालाई पुनर्लेखन गरी त्यसको विश्लेषण गरिएको छ भने अध्ययनका क्रममा प्राप्त विभिन्न परिमाणात्मक तथ्याङ्कलाई आवश्यकता अनुसार तथ्याङ्कशास्त्रीय पद्धती अनुसार तालिका, तथा चित्रमा प्रस्तुत गर्दै तिनीनहरूको विश्लेषण गरिएको छ ।

# *अध्याय-४*

## अध्ययन क्षेत्रको सामाजिक, आर्थिक र जनसाङ्ख्यिक विशेषताहरू

### ४.१ लेखनाथ नगरपालिकाको परिचय

साहित्यिक श्रष्टा कवि शिरोमणि लेखनाथ पौडेलको नामबाट साविक लेखनाथ, राखी, शिशुवा, र वेगनास गा.वि.स.लाई समायोजन गरी वि.सं. २०५३ माघ १८ गते लेखनाथ नगरपालीकाको गठन भएको हो । यो नगरपालिका गण्डकी अञ्चल, कास्की जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित छ । राजधानी शहरबाट करिव १९० कि.मि. पश्चिम र पोखरा शहरदेखि १० कि.मि. पूर्वमा रहेको यस नगरपालिका अन्नपूर्ण हिमश्रृङ्खलाको काखमा ७ताललाई बाहुमा लिएर बसेको हुनाले यस नगरपालिकालाई ७ तालको वगैंचा शहर पनि भन्ने गरिन्छ (ले.न.वि.यो. ०७०/०७१) ।

भौगोलिक हिसावले २८०.५ डिग्री उत्तरदेखि २८०.१२ डिग्री उत्तरी अक्षांश र ८४०.२ देखि ८४०.८ डिग्री पूर्वी देशान्तर सम्म फैलिएको यस नगरपालिका समुन्द्र सतहदेखि ४९० मिटर (ले.न.पा.१३, कोत्रे) देखि १,२१७ मिटर उचाइसम्म रहेको छ । जम्मा क्षेत्रफल ७८.९३ वर्ग कि.मि. रहेको यस नगरपालिकामा जम्मा १५ वटा वडा समिती रहेका छन् । कास्कीको निर्वाचन क्षेत्र नं.१ मा रहेको यो नगरपालिकाको हावापानी समशितोष्ण खालको छ भने वार्षिक वर्षा अन्दाजी ३,७०० मिलिलिटर हुन्छ ( ले.न.वि.यो.,०७०/०७१) ।

सिमानामा पूर्वमा हंसपुर, रुपाकोट र देउराली गाविस, पश्चिममा पोखरा उपमहानगरपालिका, उत्तरमा माझठाना र कालिका गाविस र दक्षिणमा भरतपोखरी र दुलेगौडा गाविस रहेका छन् । २०६८ को जनगणना अनुसार कास्की जिल्लाको समग्र जनसङ्ख्या ४,९२,०९८ जना मध्ये ले.न.पा. मा ५८,८१६ जनसङ्ख्या रहेको छ । जसमध्ये महिला ३१,९५१ र पुरुष २६,८६५ जना रहेका छन् भने वार्षिक जनंख्या वृद्धिदर ले.न.पा.को २.९% रहेको छ । १४,९३७ घर परिवार सङ्ख्या रहेको यस नगरपालिकामा मूलतः ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, नेवार, दमाई, कामी, सुनार, सार्की, पोडे, जलहारी र गाइने जातजातिहरूको वसोवास रहेको पाइन्छ । यस नगर क्षेत्रमा १ विश्व विद्यालय (पोखरा विश्व विद्यालय), १४ उच्च मा.वि., १३ र यिक मा.वि. ११ संस्थागत उच्च मा.वि.,

१६ सामुदायिक प्रा.वि., ६ संस्थागत प्रा. वि र ७ वटा बालविकास केन्द्र रहेका छन् । जहाँको साक्षरता दर औषत ८५% मध्ये पुरुष ९२% र महिला ७७% रहेको छ (लेखनाथ नगर विकास योजना, आ.व.०७०/०७१) ।

## ४.२ अध्ययन क्षेत्रको जनसङ्ख्याको बनावट

लेखनाथ नगरपालिकामा रहेका जम्मा १५ वटा वडाहरू मध्ये गन्धर्व जातिको वसोवास रहेका ४ वटा वडालाई यस अध्ययनमा अध्ययन क्षेत्रको रुपमा र त्यस वडामा रहेका सम्पूर्ण गन्धर्व घरधुरीलाई अध्ययनको समग्रताको रुपमा छनौट गरिएको छ । जुन वडाहरूमा क्रमशः ले.न.पा. वडा नं.-२ को रिट्ठेपानी, वडा नं.-७ को वडहरे, वडा नं.-१० को वेगनास र वडा नं.-१३ को गगनगौडा(छुची गाउँ) रहेका छन् । राष्ट्रिय जनगणना २०६८ अनुसार जुन वडाहरूमा जम्मा घरधुरी सङ्ख्या क्रमशः १,०७३, ८६७, ३३४ र १,६६८ रहेको छ भने कुल जनसङ्ख्या क्रमशः: ४,५२९, ३,४१३, १,१६१ र ६,५०२ रहेको छ (लेखनाथ नगर विकास योजना ०७०/०७१) । जसमध्ये स्थलगत अध्ययनका क्रममा प्राप्त उक्त वडाहरूमा रहेको गन्धर्व घरधुरी र जनसङ्ख्या विवरण निम्नानुसार रहेको छ ।

तालिका ४.१

**लेखनाथ नगरपालिकामा गन्धर्व घरधुरी र जनसङ्ख्या**

| वडा नं. | स्थान | जम्मा घरधुरी | जम्मा जनसङ्ख्या | महिला | पुरुष |
|---|---|---|---|---|---|
| **ले.न.पा- २** | **रिट्ठेपानी** | **७** | **३६** | **१९** | **१७** |
| **ले.न.पा.- ७** | **वडहरे** | **२१** | **१०२** | **५३** | **४९** |
| **ले.न.पा.- १०** | **वेगनास** | **२** | **११** | **६** | **५** |
| **ले.न.पा.- १३** | **गगनगौडा** | **१३** | **६५** | **३५** | **३०** |
| जम्मा | | ४३ | २१४ | ११३ | १०१ |
| जम्मा प्रतिशत | | | १००% | ५२.८०% | ४७.२०% |

**स्रोत : स्थलगत अध्ययन, २०७० ।**

तालिका ४.१ मा अध्ययन क्षेत्रका जम्मा ४ वटा वडामा जम्मा ४३ गन्धर्व घरधुरीमा जम्मा २१४ जना गन्धर्वहरूको वसोवास रहेको देख्न सकिन्छ । जसमा महिला ५२.८०% अर्थात् ११३ र पुरुष ४७.२०% अर्थात् १०१ जना रहेको देखिन्छ । यसले के संकेत गर्दछ भने महिलाको जनसङ्ख्या समग्र नेपालमा मात्र नभई गन्धर्व जाती भित्र पनि बढी रहेको छ । अध्ययनका क्रममा सबैभन्दा बढी घरधुरी र जनसङ्ख्या ले.न.पा.-७ मा क्रमशः २१ घरधुरीमा जम्मा १०२ जना गन्धर्वको वसोवास रहेको देखिन्छ भने सबैभन्दा कम ले.न.पा-१०, वेगनासमा जम्मा २ घरधुरीमा जम्मा ११ गन्धर्वको वसोवास रहेको देखिन्छ । लेखनाथ नगरपालिकामा यी गन्धर्वको मुख्य वसोवास रहेका स्थानहरू हुन्, यद्यपि अध्ययनका क्रममा कतिपय गन्धर्वहरूले लेखनाथमा नै छिटपुट १, २ घरधुरी अन्य स्थानमा पनि छिरलिएर रहेको उल्लेख गर्दछन् ।

## ४.३ लिङ्गका आधारमा उत्तरदाताहरू

सामान्यतया कतिपय अवस्थामा व्यक्तिको प्राकृतिक लिङ्ग (जसलाई अंग्रजीमा सेक्स भनिन्छ) र उसको सामाजिक लिङ्ग (जसलाई अंग्रेजीमा जेण्डर भनिन्छ) लाई एकै अर्थमा प्रयोग गर्ने गरेको पाइन्छ तर यी दुई विषयहरू नितान्त फरक तर अन्तर्सम्वन्धित रहेका छन् । सेक्स व्यक्तिको जैविक पक्षसँग सम्वन्धित छ भने जेण्डर सामाजिक भूमिकाको पक्षसँग (नोवेलीयस, २००४) । जस्तै पुरुष निडर, बहादुर र परिश्रमी बन्नुपर्दछ, रोजगारी, आम्दानी र घरव्यवहार चलाउनु पर्दछ र महिला लजालु, अनुशासित र धैर्यवान् बन्न पर्दछ, घर भित्रको काम गर्नु पर्दछ भन्ने कुराहरू सिकाइन्छ । यस्ता लैङ्गिक भूमिकाको विभाजनले गर्दा नै पछि समाजमा महिला र पुरुषका विचमा सामाजिक भिन्नता देखा पर्दछ (पोख्रेल र ढकाल, २०६८) । यस अध्ययनमा लिङ्गले व्यक्तिको जैविक अंगलाई जनाउन खोजिएको छ । अध्ययन क्षेत्रका उत्तरदाताहरूमा लिङ्गको आधारमा रहेको प्रतिनीधित्व निम्नानुसार रहेको छ ।

तालिका ४.२

**लिङ्गका आधारमा उत्तरदाताहरू**

| स्थान | जम्मा उत्तरदाताहरू | महिला | पुरुष |
|---|---|---|---|
| **वेगनास** | **२** | **१** | **१** |
| **रिठ्ठेपानी** | **७** | **२** | **५** |
| **गगनगौंडा** | **१३** | **९** | **४** |
| **बडहरे** | **२१** | **१०** | **११** |
| जम्मा | ४३ | २२ | २१ |
| प्रतिशत | १००% | ५१.१६% | ४८.८४% |

***स्रोतः*** **स्थलगत सर्बेक्षण, २०७० ।**

**तालिका ४.२ मा यस अध्ययनका क्रममा जम्मा ४३  घरधुरीमा, घरधुरी प्रमुख वा उसको प्रतिनीधिको रुपमा प्रती घरधुरी १/१ जनाका दरले जम्मा ४३ जना गन्धर्वहरूलाई उत्तरदाताको छनौट गरिएको स्पष्ट देख्न सक्छौँ । ४३ जना उत्तरदाता मध्ये महिला उत्तरदाता कुल उत्तरदाताको ५१.१६% अर्थात् २२ जना र पुरुष उत्तरदाता ४८.८४% अर्थात् २१ जना रहेका छन् । स्थानगत आधारमा बेगनासमा कुल २ जना उत्तरदाता मध्ये १ महिला  र १ पुरुष, रिठ्ठेपानीमा कुल ७ उत्तरदाता मध्ये २ महिला र ५ पुरुष, गगनगौँडामा १३ उत्तरदाता मध्ये ९ महिला र ४ पुरुष र बडहरेका कुल २१ उत्तरदाता मध्ये १० महिला र ११ पुरुष रहेका छन् । यसरी उपरोक्त घरधुरीहरूमा घरधुरी प्रमुख वा उसको अनुपस्थितिमा उसको प्रतिनीधि उक्त घरधुरीको दोस्रो प्रमुखबाट यस अध्ययनलाई अगाडि बढाइएको थियो ।**


## ४.४ जात र धर्मका आधारमा उत्तरदाताहरू

**गन्धर्वहरू आफूलाई हिन्दुधर्मावलम्वीका रुपमा लिन्छन् र आफ्ना पुर्खाको इतिहासलाई हिन्दु देवीदेवताको पालादेखि नै जोडेर व्याख्या गर्ने गर्दछन् । यस अध्ययनका क्रममा छनौट गरिएको ले.न.पा.का ४ वटा वडाका जम्मा २१४ जना गन्धर्वहरू मध्ये**

अध्ययनका क्रममा सम्पूर्ण २१४ जना नै अर्थात् १०० प्रतिशत गन्धर्वले नै हिन्दु धर्म मानेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने अन्य स्थान जस्तै कास्कीको हेम्जा गाविसका केही गन्धर्वहरूले पश्चिमी क्रिश्चियन धर्मको प्रभावले धर्म परिवर्तन गरेको देखिएता पनि ( पूर्वसर्बेक्षण, २०७०), ले.न.पा.का गन्धर्वहरूमा यसको प्रभाव नपरेको देख्न सकिन्छ । त्यस्तै सम्पूर्ण गन्धर्वहरू आफू हिन्दु धर्म अन्तर्गतका गन्धर्व जातिका हौ भनी स्विकार गर्दछन् । यसरी अध्ययन क्षेत्रका गन्धर्वहरूमा जातिगत र धार्मिक एकता विद्यमान रहेको पाइन्छ ।

## ४.५ लिङ्गका आधारमा घरधुरी प्रमुखको सङ्ख्या

घरधुरी प्रमुख बजेट सर्वेक्षण नेपालले घरधुरी प्रमुखलाई “घरधुरीको मुख्य मान्छे, जो सामान्यतया घरमा बस्दछ र घरधुरी भित्रको आम्दानी र खर्चको व्यवस्थालाई निरन्तर व्यवस्थती गर्दछ र घरधुरीभित्रका सबै सदस्यका लागि निर्णय निर्माण गर्दछ” भनी परिभाषित गरेको छ । त्यस्तै सी.वी.एस (२०११) ले घरधुरी प्रमुखलाई घरधुरी भित्रका अन्य सदस्यहरूको मध्येको पनि मुख्य व्यक्ति हो भनेको छ (नेपाल, २०१२) । घरधुरी भित्रको कामको वाँडफाँड, आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक तथा अन्य पक्षको बारेमा न्यायोचित व्यवस्थापन गर्ने, सदस्यसँग सल्लाह लिनेदिने र निर्णय गर्ने कार्य गर्ने व्यक्तिलाई यस अध्ययनमा घरधुरी प्रमुख भनि परिभाषित गरिएको छ, जसअन्तर्गत घरधुरीका जो कोहि महिला वा पुरुष पनि घरधुरी प्रमुख हुन सक्दछ । तसर्थ जीविकाको रणनीतिका पक्षहरूको विश्लेषणका लागि घरधुरी प्रमुखको अन्तर्वार्ता महत्त्वपूर्ण रहन्छ । अध्ययनका क्रममा ले.न.पा.का गन्धर्व घरधुरीमा प्राप्त लिङ्गका आधारमा घरधुरी प्रमुखहरूको सङ्ख्याको विवरण निम्नानुसार रहेको छ ।




*चित्र ४.१* लिङ्गका आधारमा घरधुरी प्रमुखको सङ्ख्या

चित्र ४.१ मा लिङ्गका आधारमा अध्ययन क्षेत्रका गन्धर्वहरूको घरधुरी प्रमुखको सङ्ख्यालाई प्रतिशतमा देखाइएको छ । जसमा जम्मा घरधुरीहरूमा २५.५८% अर्थात् ११ जना महिला र ७४.४२% अर्थात् ३२ जना पुरुषहरू घरधुरी प्रमुखको रुपमा रहेको देखिन्छ । जसमध्ये स्थानका आधारमा हेर्ने हो भने वेगनासमा १ महिला र एक पुरुष, रिठ्ठेपानीमा १ महिला र ६ पुरुष, गगनगौँडामा ४ महिला र ९ पुरुष र बडहरेमा ५ महिला र १६ पुरुषहरू घरधुरी प्रमुख रहेका छन्। स्मरणइी यो छ कि विशेषत महिलाहरू घरधुरी प्रमुख हुनुका पछाडि धेरैजसो कारणमा कि त श्रीमान् वितेको अवस्था हुनु, कि त श्रीमान् परदेशमा जानु रहेको देखिन्छ ।

## ४.६ गन्धर्व समुदायमा उमेर समूहको स्थिति

उमेर समूहका आधारमा जनसङ्ख्याको वितरणको स्थितिले कुन उमेर समूहका मानिस कती छन् पत्ता लगाउन त मद्दत गर्दछ नै जीविकाको रणनीतिको अध्ययनमा आर्थिक रुपले सक्रिय र निश्क्रइी उमेर समूह पत्ता लगाउन पनि मद्दत गर्दछ । जसले उत्पादनमा संलग्न वा घरधुरी भित्र जीविकाको उपार्जनमा संलग्न जनसङ्ख्या पत्ता

लगाउन पनि मद्दत गर्दछ । सामान्यतया आर्थिक उत्पादनका हिसावले १५-५९ वर्ष सम्मका मानिसहरूलाई सक्रिय जनशक्तिका रुपमा लिइन्छ भने ०-१४ र ६० वर्ष भन्दा माथिका उमेर समूहका मानिसलाई उत्पादनका हिसावले आश्रित जनशक्ति मानिन्छ, सी.वी.एस., (२०११) का अनुसार आश्रित ती मानिसहरू हुन् जो आधारभूत आवश्यकताका लागि अन्य मानिसहरूमा भर पर्दछन् (उदृत, नेपाल, २०१२) । विशेषत ग्रामीण जीविकाको रणनीतिका सन्दर्भमा यस्ता उमेर समूहका मानिसहरूको योगदान बढी रहेको हुन्छ, यद्यपि घरधुरीको जीविकाका लागि सबै उमेर समूहका मानिसहरूको भूमिका धेरै थोरै रहने गर्दछ ( नेपाल, २०१२) । यसैलाई आधार मानी स्थलगत अध्ययनका क्रममा प्राप्त अध्ययन क्षेत्रका गन्धर्वहरूको उमेर समूहको वितरणको स्थिती निम्नानुसार रहेको देखिन्छ ।

तालिका ४.३

**उमेर समूहका आधारमा गन्धर्व समुदाय**

| उमेर समूह | स्थान | | | | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|
| | वेगनास | रिठ्ठेपानी | गगनगौंडा | बडहरे | | |
| ०-१४ वर्ष सम्म | २ | ९ | १७ | ३२ | ६० | २८.०३% |
| १५-४४ वर्ष सम्म | ६ | १९ | ४१ | ५४ | १२० | ५६.०४% |
| ४५-५९ वर्ष सम्म | २ | ५ | ५ | ९ | २१ | ९.८०% |
| ६० वर्षभन्दा माथि | १ | ३ | २ | ७ | १३ | ६.०७% |
| जम्मा | ११ | ३६ | ६५ | १०२ | २१४ | १००% |

*स्रोत:* स्थलगत अध्ययन, २०७० ।

यसरी हेर्दा उपरोक्त तालिका ४.३ मा उल्लेख भएअनुसार उत्पादनका हिसावले सक्रिय मानिने उमेरसमूह १५-४४ वर्ष र ४५-५९ वर्षसम्मका मानिसहरू क्रमश: ५६.०४% र ९.८०% मानिसहरू गरी जम्मा १५-५९ वर्ष सम्मका मानिसहरू ६५.८४% रहेको देखिन्छ । जसमा जम्मा जनसङ्ख्याका हिसावले कुल गन्धर्वहरू मध्ये १४१ जना गन्धर्वहरू आर्थिक रुपमा सक्रिय उमेर समूह अर्न्तगत रहेको देखिन्छ । तर पनि गन्धर्व समुदायमा कतिपय ६० वर्षभन्दा माथिका मानिसहरू पनि गायन, कृषि मजदुरी, निर्माण

मजदुरी आदि जस्ता कार्यमा संलग्न रहेको अध्ययनका क्रममा देखिन्छ। भने कतिपय स्कुल छाडेका साथै स्कुले बालबालिका पनि घरमा वस्दा वा विदाको समयमा अवसर पाएमा कृषि र निर्माण मजदुरीको कार्यमा लाग्ने गरेका बताउँछन् गगनगौँडाका जेष्ठ गन्धर्व वर्ष ७० का धर्मासिङ्ग गायक । उक्त तालिकाले अध्ययन क्षेत्रमा ०-१४ वर्ष उमेर समूहका करिव २८.०३% मध्ये ६० जना गन्धर्वहरू रहको देखाउँदछ। त्यस्तै अध्ययनका क्रममा सबैभन्दा धेरै १५-४४ वर्ष उमेर समूहमा करिव ५६.०४% मध्ये करिव १२० जना रहेको र सबैभन्दा थोरै ६० वर्ष भन्दा माथिका वृद्धहरूको उमेर समूहमा करिव ६.०७% मध्ये करिव १३ जना रहेको देख्न सकिन्छ। यहाँ उमेर समूहहरू अर्न्तगत ०-१४ वर्ष उमेर समूहलाई बालक, १५-४४ वर्षलाई युवा, ४५-६० वर्ष उमेर समूहलाई प्रौढ र ६० वर्ष भन्दा माथिको उमेर समूहका मानिसलाई वृद्ध वा जेष्ठ व्यक्तिको समूह गरी छुट्याउन खोजिएको छ ।

# *अध्याय: पाँच*


# गन्धर्व समुदायमा विवाह तथा परिवारको स्थिति

विवाह तथा परिवार सामाजिक जीवनका शुक्ष्म सामाजिक संस्थाहरू हुन् । यिनीहरूलाई सामाजिक संगठनका आधारभूत एकाईको रुपमा लिइन्छ । परिवारको स्वरुप एकल वा संयुक्त जे छ, त्यसैका आधारमा पारिवारिक वा सामाजिक सम्वन्धको घेरा निर्माण हुन्छ (खत्री, २०६९) । विवाहको अस्तित्व मानवको उत्पत्तिसँगै भएको हो । यद्यपि मानव विकासका विभिन्न चरणमा यसको स्वरुप र प्रकार तथा कार्य प्रणालीमा भिन्नता देखिएता पनि वर्तमान सम्म पनि विवाहको अस्तित्व रहेको छ । मानव समाजको निरन्तरताका लागि विवाहको आवश्यकता रहि रहन्छ । यद्यपि विवाह र परिवार वंश निरन्तरताका लागि मात्र नभई विवाह र परिवारले व्यक्तिलाई जैविक आवश्यकताको रुपमा रहेको यौन सुख प्रदान गर्दछ, जसका लागि समाजले पनि स्वकृती प्रदान गर्दछ । साथै यसले मानीसको शारीरिक, मानसिक, आर्थिक तथा सुरक्षा जस्ता आवश्यकताको पूर्ति गर्ने कार्य गर्दछ । यसै सन्दर्भमा अर्याल, (२०६८)ले विवाह र परिवारका सन्दर्भमा उल्लेख गर्दै भनेका छन् "विवाह तथा परिवार त्यस्तो सामाजिक घटना हो, जसलाई समाजले स्विकार गर्दछ ।" यस अनुसन्धनमा अध्ययन क्षेत्र ले.न.पा. का गन्धर्व समुदायमा विवाह तथा परिवारका विभिन्न स्थितिहरूको बारेमा पनि विश्लेषण गर्ने कोशिस गरिएको छ । जुन यस प्रकार रहेको छ ।

## ५.१ गन्धर्व समुदायमा परिवारको प्रकार

परिवारलाई समाजशास्त्री मेकआईभर र पेज, (१९९६) ले "परिवार पर्याप्त निश्चित यौनसम्वन्धद्धारा परिभाषित व्यक्तिहरूको त्यस्तो समूह हो, जसले बच्चा पैदा गर्न र पालनपोषण गर्ने व्यवस्था गर्दछ" भनी परिभाषित गरेका छन् । त्यस्तै मेरिल, (१९९५) का अनुसार विवाह परिवार, बच्चाहरू, श्रीमान् र श्रीमती मिलेर बनेको जैविक सामाजिक एकाई हो (उदृत, शर्मा, २०६८) ।  परिवारको प्रकारलाई विभिन्न मापदण्डका आधारमा विभाजन गरीन्छ । जसमध्ये परिवार सङ्ख्याका आधारमा परिवारलाई एकल, र संयुक्त गरी २ भागमा विभाजन गर्ने गरीन्छ । एकल परिवार सङ्ख्याका आधारमा सबै सानो हुन्छ, जुन

बाबु-आमा र उनका अविवाहित छोराछोरीहरू मिलेर बनेको हुन्छ । भने संयुक्त परिवार बाबु-आमा उनका विवाहित छोरा-वुहारीहरू र उनीहरूका अविवाहित नाती नातिनाहरू मिलेर बनेको हुन्छ (शर्मा, २०६८) । यसैलाई आधार मानी यस अध्ययनका क्रममा प्राप्त अध्ययन क्षेत्रका गन्धर्व घरधुरीहरूमा रहेका परिवारहरूको प्रकारको विवरण निम्नानुसार रहेको देखिन्छ ।





*चित्र ५.१* परिवारको प्रकारका आधारमा गन्धर्व घरधुरीहरू

उल्लेखित चित्र ५.१ मा गन्धर्व समुदायमा रहेका परिवारहरूको ढाँचालाई प्रतिशतमा देखाइएको छ । जसमा एकल परिवार हुने घरधुरी ६२.७९% अर्थात् जम्मा २७ घरधुरी, संयुक्त परिवार हुने घरधुरी ३७.२% अर्थात् १६ घरधुरी परिवार छन् । यसरी हेर्दा गन्धर्व समुदायमा एकल परिवारको सङ्ख्या नै बढी देखिन्छ ।

## ५.२ गन्धर्व समुदायमा विवाहको स्थिती

मानवको उत्पत्ति देखि वर्तमानसम्म विवाहको अस्तित्व रहि रहेको छ । यद्यपि विवाहको स्वरुप र प्रकारमा समय र स्थान अनुसार भिन्नता रहेता पनि मानव समाजलाई निरन्तरता दिन विवाहको आवश्यकता पर्दछ । समाजशास्त्री जोनसन, (२००७)

का अनुसार विवाह स्थायी सम्वन्ध हो, जहाँ महिला र पुरुषलाई समुदायको मापदण्डको आधारमा असर नपुग्ने गरी बच्चा जन्माउन सामाजिक रुपमा स्विकृती प्रदान गरिएको हुन्छ, त्यस्तै हर्टन र हन्ट(१९६४) ले विवाह स्विकृत सामाजिक प्रारुप हो, जहाँ दुई वा सोभन्दा बढी व्यक्तिहरूले परिवारको स्थापना गर्दछन् भनि चिनाएका छन् (उदृत, शर्मा २०६८) । यद्यपि पछिल्लो समयमा विवाहलाई विपरित लिङ्गी विचको यौन सम्वन्धद्धारा स्थापती सम्वन्धका रुपमा मात्र नभई समलिङ्गी विचको सम्वन्ध भनेर पनि परिभाषित गराउँदै आएको र यस मान्यतलाई कतिपय राष्ट्रहरूले स्विकार गरेको पनि पाइन्छ । यद्यपि जे भएपनि विवाहको काम मानिसको शारीरिक, मानसिक, भावनात्मक, आर्थिक, सामाजिक जस्ता अवाश्यकताको पनि परिपूर्ति गराउँदै मानिसलाई सामाजिक सुरक्षा प्रदान गर्नु हो ( अर्याल, २०६८) । तर यस अध्ययनमा अध्ययन क्षेत्रका गन्धर्वहरू मध्ये सामाजिक रुपले स्विकृती प्राप्त महिला र पुरुषको सामाजिक बन्धनलाई विवाहको रुपमा लिइएको छ, अर्थात् सामान्य भाषामा नेपाली समाजमा विवाहलाई जसरी लिइन्छ सोही अनुरुप लिइएको छ । यस अध्ययनका क्रममा प्राप्त अध्ययन क्षेत्र ले.न.पा.का गन्धर्व समुदायमा रहेका गन्धर्वहरूको वैवाहिक स्थितिको विवरण निम्नानुसार रहेको छ ।





*चित्र ५.२* वैवाहिक स्थितिका आधारमा गन्धर्व समुदाय

चित्र ५.२ मा गन्धर्व समुदायको वैवाहिक स्थितिलाई लिङ्गका आधारमा स्पष्ट देखाइएको छ । उक्त तालिकामा अध्ययन स्थलका जम्मा २१४ जना गन्धर्वहरू विच हामी सबैभन्दा धेरै अविवाहित ५१.४०% अर्थात् ११० जना रहेको देख्न सक्छौं जसमा महिला ५७ जना र पुरुष ५३ जना रहेका छन् । सबैभन्दा कम ७.४८% अर्थात् १६ जना एकल महिला र एकल पुरुषहरू (जो विवाह पश्चात श्रीमान् वा श्रीमतीको मृत्युपछि एक्लै जीवन व्यतित गरेका छन्) देख्न सक्छौं जसमा १२ महिला र ४ पुरुषहरू रहेका छन् । भने विवाहितमा जम्मा ४१.१२% अर्थात् ८८ जना रहेका छन् । जसमा ४४ महिला-पुरुषको जोडी रहेको छ । अध्ययनका क्रममा कतिपय अवस्थामा धेरै जसो एकल पुरुषहरू आफ्नो उमेरको उत्तरार्धमा पनि अर्की श्रीमती विवाह गरेको देखिन्छन् तर महिलामा यो घटना कम नै देखिन्छ । यसको एक महत्वपूर्ण कारण के हो भनी सोध्दा गन्धर्व समूह वडहरेका अध्यक्ष हरिवहादुर गायक वर्ष ५२ “नेपाली समाज पितृप्रधान हुनु र गन्धर्व जातिको वैवाहिक अवसरमा उपल्लो जातको भन्दा धेरै मात्रमा खुकुलोपना हुनु हो” भन्दछन् ।

## ५.३ विवाहित जोडीहरूमा विवाहको प्रकार

विवाहलाई विभिन्न आधारमा भिन्न-भिन्न प्रकारमा छुट्याइने गरीन्छ । यद्यपि अध्ययन क्षेत्रका जम्मा ४४ जना विवाहित गन्धर्व जोडीहरूमा विवाहको प्रकार निम्नानुसार रहेको छ ।




*चित्र ५.३* विवाहको प्रकार

चित्र ५.३ मा अध्ययन क्षेत्रका गन्धर्वहरू मध्ये विवाहित जम्मा ४४ जोडीहरूका विच विवाहको प्रकारलाई भिन्न भिन्न भागमा प्रतिशतमा देखाइएको छ । अध्ययनका क्रममा ले.न.पा.का विवाहित गन्धर्व जोडीहरू मध्ये मागी विवाह गर्ने २३ जना अर्थात् ५२.२७% र प्रेम विवाह गर्ने जम्मा २१ जना अर्थात् ४७.७२% रहेको देखिन्छ । जसलाई स्थानगत आधारमा व्याख्या गर्ने हो भने, बेगनास, रिठ्ठेपानी, गगनगौंडा र बडहरेमा क्रमशः मागी विवाह गर्ने १, २, ६ र १४ जना र प्रेम विवाह गर्ने क्रमशः १, ७, ६ र ७ जना रहेको छन् । अध्ययनका क्रममा गन्धर्व समुदायमा मागी विवाह गर्ने बढी रहेको देखिएता पनि प्रेम विवाहको तुलनामा खासै धेरै अन्तर नरहेको देखिन्छ । जसको कारणको रुपमा अध्ययनका क्रममा छनौट गरेका मुख्य सुचनादाता गन्धर्वहरू स्वयम् पुरानो पुस्ताकाले पनि प्रेम विवाह नै धेरै गर्ने गरेको हुँदा नयाँ पुस्ताका सन्ततीले प्रेम विवाह गर्दा सहजै स्विकार गर्ने गरेको बताउँछन् । त्यस्तै सामाजिक हिसावले हेर्दा कतिपय उपल्लो जातका मानिसहरूमा भन्दा तल्लो जातका मानिसमा विवाह, पुर्नविवाह, आदि जस्ता पक्षमा बढी स्वतन्त्रता रहेको पाइन्छ (लेन, १९८३) ।

## ५.४ गन्धर्व समुदायमा प्रथम विवाहको उमेर

नेपाली समाज हिन्दु बाहुल्यता रहेको र गन्धर्व पनि एक हिन्दु जाती रहेको कारण पहिले देखि नै परिवारमा छाराछोरीको सानै उमेरमा विवाह गर्ने प्रचलन रहेको पाइन्छ । विशेषत हुर्केबढेकी छोरीलाई पारिवारिक इज्जत र सामाजिक कलङ्क लाग्ने डरले घरमा राख्न नहुने भन्ने जस्तो सोचाई एकातिर थियो भने अर्कोतर्फ छोरी रजस्वला हुनुपुर्व नै उनको विवाह गरीदिनाले पुण्य प्राप्त हुने धार्मिक अन्धविश्वासले नेपाली समाजमा जरा गाडेको थियो (आचार्य,२०६८) । तर पछिल्लो समयमा शिक्षा, चेतना, सामाजिक परिवर्तन आदिको प्रभावले समाज यस्ता कुरामा केही सकरात्मक बन्दै गएको पाइन्छ तर पनि कतिपय ग्रामीण भूभागमा अझ पनि बालविबाहका घटनाहरू सुन्न र देख्नमा पाइन्छ । यस अध्ययनका क्रममा गन्धर्व समुदायका जम्मा ४४ बिवाहित जोडी मध्ये उनीहरूको प्रथम विवाह गर्दाको उमेर के कस्तो रहेको छ भनेर खोजिएको थियो र यसैलाई उमेर समूहका आधारमा देखाइएको छ ।

तालिका ५.१

**गन्धर्व समुदायमा प्रथम विवाहको उमेर**

| विवाहको उमेर | स्थान र लिङ्गका आधारमा विवाहको उमेर | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेगनास | | रिठ्ठेपानी | | गगनगौंडा | | बडहरे | | जम्मा | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १० वर्षभन्दा मुनि | - | - | - | - | - | - | - | - | - | - |
| १०-१४ वर्ष | २ | १ | २ | २ | २ | १ | - | - | ६ | ४ |
| १५-१९ वर्ष | - | १ | ६ | ६ | १० | ३ | १२ | ६ | २८ | १६ |
| २०-२४ वर्ष | - | - | १ | १ | - | ६ | ९ | १३ | १० | २० |
| २५ वर्षभन्दा माथि | - | - | - | - | - | २ | - | २ | - | ४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | २ | २ | १० | ९ | १४ | १५ | ३० | २४ | ४४ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

तालिका ५.१ मा गन्धर्व समुदायमा प्रथम पटक विवाह गर्दाको उमेरका आधारमा भिन्न भिन्न स्थानमा रहेको विवाहको उमेर सङ्ख्यालाई भिन्न भिन्न उमेर समूहमा स्पष्ट देखाइएको छ । उक्त तालिकामा सबैभन्दा धेरै १५-१९ वर्षको उमेरमा विवाह गर्ने महिला २८ जना रहेको देखिन्छ, जुन उमेरमा जम्मा १६ जना पुरुषले मात्र विवाह गरेको देखिन्छ । त्यस्तै पुरुषले सबौभन्दा धेरै २०-२४ वर्षको उमेरमा विवाह गरेको देखिन्छ, जसअर्न्तगत जम्मा २० जना पुरुषहरू रहेका छन् भने उक्त उमेर समूहमा जम्मा १० जना महिलाले विवाह गरेका छन् । त्यस्तै अध्ययनस्थल ले.न.पा.का गन्धर्वहरूमा १० वर्षभन्दा मुनि कसैले पनि विवाह गरेको देखिन्न । तर १०-१४ वर्ष बिचको उमेर समूहमा विवाह गर्ने महिला जम्मा ६ जना र पुरुष जम्मा ४ जना रहेको देखिन्छ । भने २५ वर्षभन्दा माथिको उमेरमा प्रथम विवाह गर्ने महिला कोहि पनि भेटिएन तर यसै उमेर समूहमा नै ४ जना पुरुषले भने विवाह गरेको देख्न सकिन्छ ।

तालिका ५.१ का आधारमा यो भन्न सकिन्छ, कि अध्ययन स्थलका गन्धर्वहरूमा प्रथम पटक विवाह गर्ने महिलाको उमेर पुरुषको भन्दा कम छ अर्थात् महिलाको विवाह अझै पनि सानै उमेरमा गरेको भेटिन्छ । यसले “विवाहवारी २० वर्ष पारी” भन्ने सरकारी नीतिको गन्धर्व समुदायमा कुनै प्रभाव नपरेको कुरा २० वर्षभन्दा कम उमेरमा विवाह हुने जम्मा ५४ जना गन्धर्वको तथ्यांकले जनाउँदछ । जसलाई प्रतिशतका आधारमा जम्मा विवाहित जोडीको ६१.३६% मान्न सकिन्छ । यद्यपि यसको सामाजिक कारणका रुपमा अन्तर्वार्ताका क्रममा कतिपय गन्धर्व महिलाहरू आफ्नो छिटो विवाह गरीदिनुमा माइती पक्षका गरीव हुनु र पारिवारिक स्थिती राम्रो नहुनु रहेको बताउँछन् ।

## ५.५ गन्धर्व समुदायमा विवाहको उमेर भिन्नता

नेपालको सामाजिक परिवेशमा हिन्दु धार्मिक प्रभाव तथा परम्परागत रुढीवादी मान्यताको प्रभावले गर्दा अझ पनि कतिपय ग्रामीण तथा शहरी भूभागमा महिलालाई सानै उमेरमा आफूभन्दा धेरै नै उमेरले फरक रहेको केटासँग विवाह गराइन्छ । अर्थात् नेपालमा

अनमेल विवाहको प्रचलन पहिले देखि नै विद्यमान थियो । एकातर्फ छोरीलाई रजस्वला हुनुपुर्व नै विवाह गर्दा पुण्य प्राप्त हुने धार्मिक अन्धविश्वासका साथै अर्कोतर्फ छोरीलाई अर्काको घरमा जाने जातको रुपमा लिइने र छोरीका गल्ती वा कमजोरीलाई पारिवारिक र सामाजिक प्रतिष्ठाका दृष्टिले नराम्रो मानिने हुँदा पनि कतिपय अवस्थामा महिलाको सानै उमेरमा विवाह गरीदिने चलन रहेको पाइन्छ (आचार्य, २०६८) । साथै नेपाल एउटा विकासोन्मुख राष्ट्र हो । जनगणना २०६८ का अनुसार यहाँका मानिसको औषत आयु ६६.१६ वर्ष छ । जसमा पुरुषको ६४.९४ वर्ष र महिलाको ६७.४४ वर्ष औषत आयु रहेको छ (नेपाल, २०१२) । यस हिसावले हेर्दा यसै पनि पुरुषको भन्दा महिलाको औषत आयु बढी देखिन्छ । तर पनि समाजमा विभिन्न कारण जस्तैः धार्मिक अन्धविश्वास, गरीवी, पछौटेपन, अशिक्षा, सामाजिक आर्थिक वातावरण आदिले गर्दा महिलालाई आफूभन्दा उमेरले धेरै नै जेठो पुरुषसँग विवाह गराइन्छ र प्रायजसो महिला आफ्नो उमेरको मध्यान्हमा नै विधवा हुन पुग्छन् र त्यसपछि जीवन एकल रुपमा बिताउन बाध्य हुन्छन् । पुरुष प्रधान समाज भएका कारण श्रीमतीको मृत्युपछि वा पारिवारिक विच्छेद पछि पनि पुरुषले पुनः अर्की कुमारी केटीसँग विवाह गर्ने प्रचलनले गर्दा समाजमा अझ पनि अनमेल विवाह (वैवाहिक जोडी विच एकअर्काको उमेरमा हुने नसुहाउँदो भिन्नता वा धेरै नै भिन्नता) गराइने गरेको पाइन्छ (अर्याल, २०६८)। यस अध्ययनका क्रममा प्राप्त ले.न.पा.का गन्धर्व समुदायमा वर्तमानमा रहेका विवाहित जोडीहरू विचको उमेर भिन्नताको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ।

तालिका ५.२

वैवाहिक जोडीहरूमा उमेर भिन्नता

| उमेर भिन्नता | जम्मा जनसङ्ख्या | जम्मा प्रतिशत (%) |
|---|---|---|
| ०-४ वर्ष | ३३ | ७५% |
| ५-९ वर्ष | ६ | १३.६४% |
| १०-१४ वर्ष | ३ | ६.८ % |
| १५ वर्ष भन्दा माथि | २ | ४.५५% |

| | | |
|---|---|---|
| जम्मा | ४४ | १००% |

स्रोतः स्थलगत सर्वेक्षण, २०७० ।

तालिका ५.२ मा गन्धर्व समुदायका विवाहति जम्मा ४४ जोडी मध्ये उनीहरूको उमेरको भिन्नतालाई उमेर समूहका आधारमा प्रतिशतमा देखाइएको छ । तालिकामा विवाहित जोडीहरू विच ०-४ वर्षको फरक हुने अत्याधिक धेरै ७५% वा ३३ जना रहेका देखिन्छन् भने १५ वर्षभन्दा बढीको फरक हुने सबैभन्दा कम ४.५५% अथवा जम्मा २ जना मात्र देखिन्छन् । अध्ययनका क्रममा ५-९ वर्ष र १०-१४ वर्षसम्मको फरक हुनेमा क्रमशः १३.६४% अथवा ६ जना र ६.८१% अथवा जम्मा ३ जना मात्र रहेको देखिन्छ । अत्याधिक विवाहको उमेरमा भिन्नता हुने १५ वर्ष भन्दा माथिका २ जनाको जोडी मध्ये दुवै गगनगौडाका जोडीहरू रहेका छन् उनीहरू मध्ये एकको जोडी विच २३ वर्षको फरक रहेको छ, जसको विवाहको घटना सुन्दा गगनगौंडाकी कविता गायक वर्ष २७ *का* श्रीमान्ले पहिलेका ४ श्रीमतीहरूले उनलाई छोडेर अर्को विवाह गरेका कारण पाँचौ विवाह आफू भन्दा २३ वर्ष कान्छी अर्थात् २७ बर्षीया केटी कविता (उनी) सँग पुनविवाह गरेको अर्न्तबार्ताका क्रममा बताउँछिन् । भने अर्को जोडिको विच २७ वर्षको उमेर भिन्नता रहेको देखिन्छ मेनुका गायक वर्ष २५ का श्रीमान् जो अहिले ५२ वर्षका छन् उनी पहिलेकी श्रीमती वितेको कारण आफूलाई विवाह गरेको वताउँछिन् । स्मरणइी कुरा यी दुवै महिला आफ्नो श्रीमान्सँग विवाह गर्दा आफू भने कुमारी रहेको वताउँछन् । उक्त अध्ययनमा के देखिन्छ, भने गन्धर्व समुदायमा अझ पनि अनमेल विवाहलाई स्विकार गरीन्छ र समाजमा यस्ता विवाहका घटना अझ पनि देख्न पाइन्छ । अध्ययनका क्रममा विशेषत गन्धर्व समुदायमा यस्तो अनमेल विवाहको अस्तित्व अझपनि रहनुका सामाजिक कारणका रुपमा महिलाहरू आफ्नो माईती घरमा आर्थिक स्थिती कमजोर हुनु र परिवारमा शिक्षाको अभाव हुनु रहेको उनीहरू वताउँछन् ।

## ५.६ गन्धर्व समुदायमा पुनर्विवाहका कारणहरू

नेपालमा परम्परागत रुपमा ब्राम्हण, क्षेत्री तथा अन्य केही जातिहरूमा बहुविवाहको प्रचलन बढी देखिन्छ । यद्यपि उपल्लो जात मानिने जातिहरूमा महिलालाई कम सामजीक गतिशीलता प्रदान गरीने र विवाह, पुर्नविवाहको अधिकारमा प्रतिष्ठाका

हिसावले रोक लगाएको पाइन्छ (क्यामरन, २००५) । तर पनि यस्ता प्रतिबन्धका बावजुद पनि केही छिटपुट महिला पुनर्विवाह भने समाजमा देख्न सकिन्छ । तर अध्ययन स्थलका गन्धर्व जातिहरूमा महिलाले आफ्नो श्रीमान् छोडेर अर्को केटासँग विवाह गर्ने र श्रीमान्ले पनि श्रीमती छोडेर अर्को विवाह गर्ने प्रचलन सहजै स्विकारेको देख्न सकिन्छ । विशेषत अध्ययनस्थलमा गन्धर्वहरूले पुनर्विवाह गर्नुको कारण निम्नानुसार रहेको छ ।

तालिका ५.३

**पुनर्विवाहका कारणहरू**

| स्थान | पुर्नविवाहको कारण | | | | | |
|---|---|---|---|---|---|---|
| | पहिलेका श्रीमान् वा श्रीमतीले अर्को विवाह गर्नु | | पहिलेका श्रीमान् वा श्रीमती मर्नु | | अन्य | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| बेगनास | - | - | - | १ | - | - |
| रिठ्ठेपानी | - | ४ | - | - | १ | १ |
| गगनगौँडा | - | ३ | - | १ | - | २ |
| बडहरे | - | २ | - | १ | १ | ३ |
| जम्मा | - | ९ | - | ३ | २ | ६ |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

तालिका ५.२ का अनुसार गन्धर्व समुदायमा विभिन्न कारणले पुनर्विवाह गर्ने जम्मा २० जना गन्धर्वहरू, जसमा १८ जना पुरुष र २ महिला मध्ये आफूले पुर्नविवाह गरेको कारण पहिलेको श्रीमतीले अर्को विवाह गरेको बताउनेमा सबैभन्दा धेरै ९ जना पुरुषहरू रहेको देख्न सकिन्छ । पहिलेकी श्रीमती मरेपछि विवाह गर्ने पुरुषहरू जम्मा ३ जना रहेका छन् भने आफूले पुर्नविवाह गरेको कारणमा अन्य कारण हो भनी बताउने जम्मा ८ जना मध्ये पुरुष ६ जना र महिला २ जना रहेको देखिन्छ । यहाँ पुनर्विवाहको कारण अन्य हो भन्नाले श्रीमान्-श्रीमतीको सम्वन्ध राम्रो नहुनु, दुई विच झगडा हुनु, श्रीमान् वा श्रीमती आफैले छोडरे हिड्नु, पारपाचुके

गर्नु आदिलाई सम्वोधन गर्न खोजिएको छ । यद्यपि पुनर्विवाह गरेतापनि वहुविवाह (दुई वा दुई भन्दा बढी श्रीमती एकै पटक वा भिन्न भिन्न समयमा विवाह गरी सँगै राख्ने प्रचलन) गरी एउटै घरमा श्रीमान्हरू वा श्रीमतीहरू सँगै वस्ने गरेको कतै पनि देखिन्न । तर पुर्नविवाहको घटना भने उच्च रुपमा रहेको देखिन्छ ।

# *अध्याय - छ*

## गन्धर्व समुदायमा जीविकाको रणनीतिको विश्लेषण

यस अध्ययनमा जीविकाको रणनीतिको विश्लेषण डी.एफ.आई.डी. (डीपार्टमेण्ट फर इन्टरनेसनल डेभ्लपमेण्ट) ले तयार पारेको जीविकाको रणनीतिको विश्लेषणको एस.आर.एल (सस्टेनेभल रुरल लिभ्लीहुड फ्रेमवर्क) ढाँचाका आधारमा गरिएको छ । जुन ढाँचा अर्न्तगत डी.एफ.आई.डी. ले जीविकाको रणनीतिको विश्लेषणका लागि घरधुरी भित्र हुने मानव पुंजी, प्राकृतिक पुंजी, सामाजिक पुँजी, भौतिक पुंजी र वित्तइी पुँजी गरी ५ वटा पुँजीको किटान गरेको छ । यी पुँजीहरूलाई विशेषत तिनीहरूको जोखिमपूर्ण सन्दर्भ, जीविकाका लागि आवश्यक सम्पत्ति, रुपान्तरित सामाजिक संरचना र प्रकृयाका आधारमा विश्लेषण गरीन्छ । जसले ग्रामीण जीविकाको रणनीती अर्न्तगत व्यक्ति तथा घरधुरीको इच्छित र आपेक्षित जीविकाको उपार्जनको लागि विशेष भूमिका खेल्दछ (मनांकतला र दिक्षित,२००५) ।

सिडा, (२००२) का अनुसार दिगो जीविकाको अवधारणाले गरीव पुरुष, महिला तथा घरधुरीको जीविकाको लागि आवश्यक पुँजी वा सम्पत्ति (**assets**) माथि धेरै नै जोड दिएको पाइन्छ तर यस भन्दा अगाडिका विकासका अवधारणामा यो कुराको भने अभाव देखिन्थ्यो । किनकि उनीहरूले केवल ग्रामीण जनताका आवश्यकता र कमी/कमजोरीलाई मात्र जोड दिएका थिए (उदृत, आचार्य २०१०) । तर पछिल्लो समय व्यक्ति तथा घरधुरीको सम्पत्ति दिगो जीविकाको अवधारणामा सकरात्मक जीविकाको उपार्जनका लागि मेरुदण्डका रुपमा देखा परेको छ । जुन सम्पत्तिहरू व्यक्ति तथा घरधुरीले विभिन्न उपायबाट प्राप्त गर्न सक्दछ, जस अर्न्तगत माथि उल्लेखित ५ पुँजीहरूका आधारमा कुनै पनि व्यक्ति वा घरधुरिको जीविका निर्माण भएको पाइन्छ (आचार्य, २०१०) । यसर्थ जीविकाको रणनीतिको विश्लेषणमा यी ५ वटा पुँजीहरूको विश्लेषण महत्त्वपूर्ण मानिन्छ (डी.एफ.आई.डी.१९९९) । यसर्थ यस अध्ययनमा पनि घरधुरीको जीविकाका लागि आवश्यक उल्लेखित सम्पत्तिहरू

अर्थात् पाँच वटा पुँजीहरूको केही पक्षहरूका आधारमा जीविकाको रणनीतिको विश्लेषण गरिएको छ। जसबाट व्यक्ति तथा घरधुरीले आफ्नो जीविका सञ्चालन गरेका छन्।

## ६.१ घरधुरीको सम्पत्ति (Household Assets)

### ६.१.१ मानव पुँजी

मानव पुँजीले सिप, ज्ञान, श्रम गर्ने खुवी र स्वास्थ्यको प्रतिनीधित्व गर्दछ, जसले व्यक्ति तथा घरधुरीको जीविकाको उद्देश्य प्राप्त गर्न सहयोग गर्दछ । घरधुरीस्तरमा मानव पुँजी, श्रमको गुणस्तरको उपलव्धताको तत्वको हो, जुन घरधुरीको आकार, सीपको तह, नेतृत्वको संभावना, स्वास्थ्य स्थितिमा भरपर्दछ। जस्तैः जो मानिससँग स्वास्थ्य राम्रो छ, सीप र ज्ञान प्रसस्त छ उसले रोजगारको त्यत्तिकै राम्रो अवसर प्राप्त गर्दछ। जसले राम्रो आम्दानी गर्न र असल जिवीकाको उपार्जन (**livelihood outcomes**) सजिलै प्राप्त गर्न सक्दछ। तसर्थ धेरैजसो अवस्थामा स्वास्थ्य, शिक्षा वा सिप र ज्ञानको अभाव हुनुलाई गरीवीको मुख्य आयामको रुपमा पनि लिने गरीन्छ (डी.एफ.आई.डी.१९९९, सेक्सन २) । तसर्थ जीविकाको विश्लेषणका रुपमा यस अध्ययनमा मानव पुँजीसँग सम्वन्धित केही पक्षको विश्लेषण गरिएको छ।

#### ६.१.१.१ शिक्षाका आधारमा उत्तरदाताहरू

शिक्षा ज्ञानको ज्योती हो। शिक्षाले नै मानिसलाई विवेकी र बौद्धिक समृद्धि प्रदान गर्दछ, । अध्ययन क्षेत्र लेखनाथ नगरपालिकाको समग्र साक्षरता दर ८५% रहेको छ जसमा पुरुष साक्षरता दर ९२% र महिला साक्षरता दर ७७% रहको छ (ले.न.वि.यो. ०७०/७१) । साक्षर ती मानिसहरू हुन् जो ६ वर्षभन्दा माथिका छन्, जो आफ्नो जुनसुकै भाषा लेख्न र पढ्न सक्छन् ( नेपाल, २०१२) । भने शिक्षाका आधारमा भन्नाले यहाँ गन्धर्व उत्तरदाताहरूले स्कुले रुपमा अध्ययन गरेको कक्षागत वर्षलाई जनाउन खोजिएको हो । शिक्षाले नै नयाँ नयाँ अवसरहरू प्रदान गरेको हुनाले आज गन्धर्वहरू आफ्ना परम्परागत पेशाका अलवा अन्य रोजगारीका अवसरहरू प्राप्त गरेका छन्। परम्परा देखि चली आएको सामाजिक अन्धविश्वास र विचलनलाई त्याग्दै वर्तमानमा उनीहरू क्रमशः अगाडि बढेको

पाइन्छ । यस अध्ययनका क्रममा अध्ययन क्षेत्रका उत्तरदाताहरूको शैक्षिक स्थितिको विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ६.१

शिक्षाका आधारमा उत्तरदाताहरू

| शैक्षिक तह | स्थान | | | | जम्मा | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|
| | वडहरे | गगनगौडा | रिङ्टेपानी | वेगनास | | |
| निरक्षर | ६ | ६ | २ | - | १४ | ३२ |
| साक्षर | ५ | ३ | - | १ | ९ | २०.९५ |
| प्रा.वि. (१-५) | ७ | १ | ३ | - | ११ | २५.३८ |
| नि.मा.वि(६-८) | २ | - | १ | १ | ४ | ९.३० |
| मा.वि.(९-१०) | - | २ | १ | - | ३ | ६.९७ |
| उच्च मा.वि. | १ | १ | - | - | २ | ४.६५ |
| जम्मा | २१ | १३ | ७ | २ | ४३ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

तालिका ६.१ मा अध्ययन क्षेत्र ले.न.पा.का गन्धर्व उत्तरदाताहरूको शैक्षिक स्थितिलाई स्थानगत आधारमा देखाइएको छ । तालिकामा निरक्षर १४ जना कुल उत्तरदाता ४३ जनाको ३२.२१% सबैभन्दा धेरै र कुल उत्तरदाताको ४.६५% अर्थात् २ जना मात्र उच्च मा.वि. तहको शैक्षिक स्थिती प्राप्त गरेको देखिन्छ । जसमा साक्षर २०.९५% अर्थात् ९ जना प्राथमिक तहमा, २५.५८% अर्थात् ११ जना र नि.मा.वि र उच्च मा.वि. तहमा क्रमशः ९.३०% र ६.९७% अर्थात् क्रमशः ४ र ३ जना रहेको देखिन्छ । यसरी उत्तरदाताहरूमा निरक्षरताको दर बढी हुनुको कारण गन्धर्वहरूको पारिवारिक स्थिती पहिलेदेखि नै कमजोर हुनु, शिक्षाका अवसर नपाउनु तथा पेशागत हिसावले गन्धर्वलाई सानै उमेरमा नै सारङ्गी बजाउन लगाउने आदि हुन् भन्छन् अध्ययन क्षेत्रका गन्धर्वहरू कृष्ण गायक, प्रेम गायक र धर्मासिङ्ग गायक । अध्ययनका क्रममा पाईएको यस्तो तथ्यांकको स्थतिले के बुझाउँदछ भने गन्धर्वहरूको शैक्षिक स्थितिको यस्तो प्रभावले गर्दा नै गन्धर्व समुदायमा जीविकाका लागि

उच्च अवसरहरूबाट गन्धर्वहरू वन्चित रहेका छन् । अध्ययन स्थलमा उच्च तहको ज्याला हुने तथा पद र प्रशंसाका दृष्टिले समाजमा उच्च मानिने सरकारी नोकरी तथा अन्य नोकरी, व्यापार, व्यवसायमा संलग्न कोही पनि भेटिँदैन । यसर्थ गन्धर्वहरू आफ्नो र परिवारको जीविकाको लागि मध्यमस्तरका र निम्नस्तरका आम्दानी हुने कार्यमा संलग्न रहेको देखिन्छ ।

### ६.१.१.२ ज्यालादारी श्रममा आधारित मानिसहरूको सङ्ख्या

एलिस, (१९९८) का अनुसार ग्रामीण घरधुरीहरू प्राय जीवन निर्वाहको आवश्यकता पूरा गर्न थुप्रै जीविकाका कृयाकलापहरूको संयुक्त प्रयोगलाई अंगाल्ने गर्दछन्, जसमा विशेषत कृषिजन्य उत्पादन, ज्याला मजदुरी र वन्य उपजहरूको संकलन कार्य पर्दछन् ( उदृत, नउरोट्कि, हन्टर र डिक्कीन्सन्, २०१२) । त्यसो त केन्द्रइी तथ्यांक विभाग सन् २००९ को तथ्यांक अनुसार नेपाली जनताको जीविकाको मुख्य स्रोत कृषि रहेको र जसमा झण्डै ७३.९ प्रतिशत श्रमशक्ति आवद्ध रहेको देखिन्छ (नेपाल, २०१२) । विशेषत ग्रामीण घरधुरीहरू भित्र जीविकाको लागि कुनै एक व्यक्तिको कार्य मात्र पर्याप्त नहुन सक्दछ, तसर्थ धेरैजसो एउटै घरधुरी भित्रका सदस्यहरू पनि भिन्न-भिन्न कार्यमा संलग्न रहन्छन् । त्यसो त समाजशास्त्री इमाइल दुर्खिम, (१८९३) ले पनि परम्परागत समाज र आधुनिक समाज बिचको अन्तर श्रम विभाजनको विशिष्टीकरणमा आधारित हुने कुरा स्विकार गरेका छन् अर्थात् उनले आधुनिक समाजलाई परम्परागत समाजभन्दा धेरै र विशिष्ट श्रम विभाजनमा आधारित समाज भनि चिनाएका छन् (उदृत, ओझा र देवकोटा,२०६८) । गन्धर्व समुदायका धेरैजसो घरधुरीहरू परम्परागत गायनका साथै ज्यालादारी श्रमका माध्यमबाट जीविका चलाउने गर्दछन् । तर अध्ययनका क्रममा यस्तो श्रममा संलग्न महिला र पुरुषको संलग्नताको दर खासै फरक भने देखिँदैन । यद्यपि कामको प्रकृती र गुणस्तरका आधारमा भने महिला र पुरुषको श्रम बजारमा रहेको संलग्नताको दर भने भिन्न भिन्न देख्न सकिन्छ, जसलाई विशिष्ट पेशाका आधारमा घरधुरीको जीविका/आम्दानीको विविधीकरण भन्ने शीर्षकमा तालिका ६.७ मा समावेश गरिएको छ । अध्ययन क्षेत्रका गन्धर्व समुदायमा विभिन्न ज्यालादारी श्रममा संलग्न महिला र पुरुषको विवरण निम्नानुसार रहेको छ ।

तालिका ६.२

**स्थान र लिङ्गका आधारमा ज्यालादारी श्रममा आधारित मानिसहरू**

| स्थान | लिङ्ग | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| **बेगनास** | १ | ३ | ४ |
| **रिठ्ठेपानी** | ७ | ८ | १५ |
| **गगनगौंडा** | १४ | १५ | २९ |
| **बडहरे** | ९ | २५ | ३२ |
| जम्मा | ३१ | ५१ | ८२ |
| जम्मा प्रतिशत (%) | ३७.८०% | ६२.२०% | १००% |

**स्रोत : स्थलगत अध्ययन, २०७० ।**

तालिका ६.२ अनुसार अध्ययन क्षेत्रका विभिन्न ४ स्थानहरूका महिला र पुरुषहरूको ज्यालादारी श्रममा संलग्न जम्मा सङ्ख्यालाई स्पष्ट देखाइएको छ । ले.न.पा.का जम्मा २१४ जना गन्धर्व मध्ये उक्त तालिकामा हामी जम्मा ८२ जना गन्धर्वहरू ज्यालादारी श्रममा आधारित रहेको देख्न सक्दछौं, जसले जीविकाको लागि नियमित रुपमा ज्यालादारी श्रम गर्दछन् । यस अध्ययनका क्रममा गन्धर्व समुदायमा जम्मा ८२ को ६२.२०% अर्थात् ५१ जना पुरुष र ३७.८०% अर्थात् ३१ जना महिला ज्यालादारी श्रममा संलग्न रहेको पाइन्छ । जसमा वेगनास, रिठ्ठेपानी, गगनगौंडा र बडहरेमा क्रमशः महिला र पुरुष १ र ३, ७ र ८, १४ र १५, ९ र २५ जना रहेका छन् ।

### ६.१.१.३ वैदेशिक रोजगारमा संलग्न

नेपाल प्रतिव्यक्ति आम्दानी ५४० अमेरिकी डलर र मानव विकास सूचकको ०.४६३ अङ्कका साथमा विश्वमा १५७ स्थानमा र भौतिक आधारमा विश्वको सबैभन्दा गरीव राट्रहरूको सुचिमा रहेको छ । अन्य धेरैजसो गरीव राष्ट्रहरू जस्तै नेपालमा पनि धेरैजसो ग्रामीण जनताहरूको जीविकाको मुख्य स्रोत भनेको वैदेशीक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स नै बनेको देखिन्छ । अन्र्तराष्ट्रिय बसाईसराई संगठन (आई.एम.ओ.२०११) का

अनुसार “रेमिट्यान्स गैरराष्ट्रियहरूले आर्जित गरेको वा कमाएको पैसा हो, जुन उनीहरूको आफ्नो वास्तविक राष्ट्र वा आफ्नो उत्पत्तिको राष्ट्र तर्फ पठाउँछन् ।” गन्धर्व समुदाय नेपालको एक आर्थिक तथा सामाजिक रुपले पिछडिएको जातिका रुपमा रहेको छ । नेपालमा रोजगारी र अवसरको अभावमा कयौं जनता विदेशिए जस्तै गन्धर्वहरू पनि आफ्नो र परिवारको जीविकाको निर्वाहका लागि विदेशिएको पाइन्छ । त्यस्तै अध्ययन क्षेत्रका गन्धर्वहरू मध्ये पनि जीविकाका लागि वैदेशिक रोजगारमा जानेको विवरण निम्नानुसार रहेको छ ।

तालिका ६.३

**वैदेशिक रोजगारमा जानेको सङ्ख्या**

| स्थान | वैदेशिक रोजगारमा जानेको सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| बडहरे | ८ | ४७.०५ |
| गगनगौंडा | ५ | २९.४१ |
| रिठ्ठेपानी | ३ | १७.६४ |
| वेगनास | १ | ५.८८ |
| जम्मा | १७ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७० ।

तालिका ६.३ मा वैदेशिक रोजगारमा जाने महिला र पुरुषको संयुक्त सङ्ख्यालाई स्थानगत आधारमा स्पष्ट देखाइएको छ । जसमध्ये सबैभन्दा धेरै ८ जना बडहरेका गन्धर्व र सबैभन्दा थोरै १ जना वेगनासका गन्धर्व रोजगारका लागि विदेशिएको देखिन्छ । गगनगौंडा र रिठ्ठेपानीमा भने यो सङ्ख्या क्रमशः ५ र ३  रहेको छ । स्थलगत अध्ययनका क्रममा गगनगौंडाका स्थानीय गन्धर्व कृष्ण गायक वर्ष ४८ का साथै अन्यले गन्धर्वहरूको आर्थिक स्थिती कमजोर रहेको कारण घरचलाउन र जीविकोपार्जनका लागि बाध्यताले गन्धर्वहरू विदेशिनु परेको बताउँछन् साथै उनकै परिवारबाट पनि आफ्ना ३ वटा छोरीहरू भारतमा रोजगारीका लागि गएको बताउँछन् । साथै आर्थिक अभावकै कारणले धेरै

लागत लाग्ने देशहरूमा नभई सबैभन्दा धेरै जनाको गन्तव्यका आधारमा क्रमशः भारत, साउदी अरब, कतार र कुवेतमा कम लागतमा रोजगारीका लागि मानिसहरू गएको अर्न्तवार्ताका क्रममा उत्तरदाताहरूले बताएको पाइन्छ । साथै यसरी वैदेशिक रोजगारमा जाने अधिकांश २५-३५ वर्ष उमेर समूहका मानिसहरू संलग्न रहेको विवरण अध्ययनका क्रममा पाइएको देखिन्छ ।

### ६.१.२ प्राकृतिक पुँजी

सी.सी.डी. र आई.डी.ई.आई, (२००५) का अनुसार प्राकृतिक पुँजी अर्न्तगत मुख्यतः ३ वटा प्राकृतिक स्रोतमा आधारित पुँजीहरूको विश्लेषण गरीन्छ । ती हुन् :-

क) भूमि स्रोत ख) जल स्रोत ग) वन स्रोत

वातावरणमा उपलव्ध यस्ता स्रोतहरू ग्रामीण जनताको जीविकाका लागि थुप्रै अवसरहरू प्रदान गर्ने खालका हुन्छन् । जुन स्रोतहरू उनीहरूको जीविकाका लागि मुख्य वा सहायक रणनीतिका रुपमा रहन सक्दछन् । जसमा खेतीपाती, माछा मार्ने, जङ्गली उपज सङ्कलन गर्ने तथा तिनीहरूको विक्री वितरण र उपभोग गर्ने आदि जस्ता विविध कार्यहरू पर्दछन् (आचार्य, २०१०) । त्यस्तै धेरैजसो गरीव तथा ग्रामीण जनताहरूका लागि प्राकृतिक स्रोत (भूमि, वन, जल, चरनभूमी आदि) हरू माथिको पहुँच दिगो गरीवी निवारणका लागि आवश्यक मानिन्छ भने प्राकृतिक पुँजी माथिको कम पहुँच हुनु अथवा पहुँच नै नहुनु ग्रामीण जनताको जीविकाका लागि चुनौतिपूर्ण मानिन्छ (एफ.ए.ओ.,२००६) । यसैलाई मध्यनजर गरी अध्ययन क्षेत्रका गन्धर्वहरूको उपरोक्त प्राकृतिक पुँजीका क्षेत्रमा रहेको स्वामित्व र पहुँचको अवस्थाको अध्ययन गरिएको थियो । जसको विवरण निम्नानुसार शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ ।

#### ६.१.२.१ घरधुरीका आधारमा जग्गाको स्वामित्व

भूमि उत्पादनका दृष्टिले महत्वपूर्ण मानिन्छ । ग्रामीण क्षेत्रमा विशेषगरी जीविकाको लागि सबैभन्दा महत्वूर्ण स्रोत भूमिलाई नै मानिन्छ । यस अध्ययनका क्रममा प्राप्त ले.न.पा.का ४ वटा स्थानका गन्धर्व घरधुरीको स्वामित्वमा रहेको भूमिको मात्राको विवरण निम्नानुसार रहेको छ ।

तालिका ६.४

**घरधुरीका आधारमा जग्गाको स्वामित्व**

| स्थान | ०-२ रोपनी सम्म हुने | २-४ रोपनी सम्म हुने | ४ रोपनी भन्दा माथि हुने | जम्मा घरधुरी |
|---|---|---|---|---|
| **बेगनास** | **१** | **-** | **१** | **३** |
| **रिठ्ठेपानी** | **७** | **-** | **-** | **७** |
| **गगनगौंडा** | **१२** | **१** | **-** | **१३** |
| **बडहरे** | **१०** | **७** | **४** | **२१** |
| जम्मा | ३० | ८ | ५ | ४३ |
| जम्मा प्रतिशत(%) | ६९.७७% | १८.६०% | ११.६३% | १००% |


**स्रोत : स्थलगत अध्ययन, २०७० ।**

तालिका ६.४ मा स्थानगत आधारमा जग्गाको स्वामित्वलाई जग्गाको मात्राको आधारमा देखाइएको छ । अध्ययन क्षेत्रमा सबैभन्दा धेरै ०-२ रोपनी जग्गा हुने जम्मा ६९.७७% अर्थात् ३० घरधुरी रहेको देखिन्छ भने २-४ रोपनी र ४ रोपनीभन्दा माथि जग्गा हुने क्रमशः १८.६०% अर्थात् ८ घरधुरी र ११.६३% अर्थात् ४ घरधुरीहरू रहेको देख्न सकिन्छ । यस अध्ययनमा धरैमात्रामा जग्गाको स्वामित्व रहने गन्धर्वहरू वडहरे र वेगनासमा र थोरै मात्र जग्गाको स्वामित्व रहेका गन्धर्वहरू गगनगौंडा र रिठ्ठेपानीमा रहेको देखिन्छ । यद्यपि बडहरे र बेगनासमा धेरै मात्रामा जग्गाको स्वामित्व रहने मानिसहरू रहेता पनि त्यहाँका जग्गा भिरालो र कान्ला-कान्ला परेको देखिन्छ भने सिँचाईको अभावले गर्दा उत्पादन कम हुने तथा यातायातको सहज मार्गको अभाव रहेको स्थानीयहरूले अन्तर्वार्ताका क्रममा वताएका थिए । यसै कारण विशेषतः यी ठाउँमा धान, गहुँ जस्ता अन्नवाली र नगदेवालीहरू लगाउने प्रचलन नरहेको यद्यपि आफ्नो पारिवारिक निर्वाहका लागि केही मात्रमा नगदेबाली लगाउने गरेको उनीहरू बताउँछन् भने गगनगौंडा र

रिङ्गेपानीमा तुलनात्मक रुपमा जग्गा समथर रहनु र सिचाईं सुविधा हुनाले धेरै-थोरै जती मात्रमा आफ्नो जग्गा भएतापनि (यद्यपि अधियामा लिएर पनि) धान रोप्ने तथा घरेलु प्रयोजनका लागि तरकारी लगाउने गरेको देखिन्छ र समग्रमा अध्ययनका क्रममा आफ्नो जग्गा जमिनबाट वर्षभरी खान पुग्ने घरधुरी कुनै पनि रहेको देखिँदैन ।

### ६.१.२.२ वनसम्पदाको प्रत्यक्ष प्रयोगमा आधारित घरधुरीहरू

जीविकाको लागि वनसम्पदामा आश्रित हुने कार्य अर्न्तगत वनजन्य उपज जस्तै फलफुल, मह सिकारी, जडुवटी तथा कन्दमूलको खोजी, घाँसदाउरा, चरन कार्य आदि पर्दछन् । यस अध्ययनका क्रममा  अध्ययन क्षेत्रमा गन्धर्वहरू निम्न प्रयोजनका आधारमा वनजङ्गलमा प्रत्यक्ष संलग्न वा असंलग्न रहेको देखिन्छ ।




चित्र ६.१ वनसम्पदाको प्रत्यक्ष प्रयोगमा आधारित घरधुरी

चित्र ६.१ ले अध्ययन क्षेत्रका गन्धर्व समुदायमा प्रत्यक्ष रुपमा वनसम्पदामा आश्रित घरधुरीको सङ्ख्यालाई प्रतिशतमा स्पष्ट देखाएको छ, जसले गन्धर्व समुदायको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा जीविकाको लागि सहयोग गरेको छ । अध्ययनका क्रममा घाँसको लागि मात्र बनसम्पदामा निर्भर रहने कुनै पनि समुदायका घरधुरी देखिएनन् भने

रिट्ठेपानी र गगनगौंडाका २/२ घरधुरीहरू अर्थात् जम्मा ९.३०% घरधुरीहरू आफू प्रत्यक्ष रुपमा वनसम्पदामा आश्रित नरहेको बताए । अध्ययनका क्रममा सबैभन्दा धेरै ५८.१४% अर्थात् जम्मा २५ गन्धर्व घरधुरी दाउराका लागि मात्र वनसम्पदामा आश्रित रहेको देखिन्छ । जसमा बेगनास, रिट्ठेपानी, गगनगौंडा र बडहरेका क्रमशः १,३,७ र १४ घरधुरीहरू रहेका छन् । घाँस र दाउरा  दुवैका लागि आश्रित जम्मा ३२.५६ प्रतिशत अर्थात् १४ घरधुरीहरू रहेका छन्, जसमा बेगनास, रिट्ठेपानी, गगनगौंडा र बडहरेका क्रमशः १,२,४ र ७ घरधुरी रहेका छन् । यस अध्ययनका क्रममा धेरैजसो गन्धर्व घरधुरीहरू खाना पकाउने इन्धनको रुपमा दाउराको लागि वन सम्पदामा आश्रित रहेको बताए । त्यस्तै कतिपय गन्धर्व घरधुरीहरूले अधियाँमा भैसी, बाखा पालेको पाईयो, जसका लागि उनीहरू वनमा घाँस काट्न जाने गर्दछन् । यसरी हेर्दा अध्ययन क्षेत्रका गन्धर्वहरू समग्रमा खाना पकाउनका लागि साथै पशुपालन र त्यसबाट हुने उपार्जनका लागि बनसम्पदामा आश्रित रहेको र त्यसले उनीहरूको जीविकाका लागि प्रत्यक्ष र अप्रत्यक्ष रुपमा मद्दत गरेको देखिन्छ । साथै कतिपय गन्धर्व घरधुरीका सदस्यहरूले मौसमी रुपमा वनमा उत्पादन हुने निउरो, च्याउ, कटुस, निगााला आदि संकलन गर्न जान गरेको अन्तवार्ताका क्रममा बताएका थिए ।

### ६.१.२.३ जलस्रोत

यस अध्ययनका क्रममा प्रायजसो सबै क्षेत्रमा विशेषगरी पिउने पानीका लागि वर्षात्को समयमा मुलको पानी प्रयोग गर्ने गरेको पाइन्छ । यद्यपि माघ, फागुन देखि वैशाख, जेष्ठ सम्म खडेरीको समयमा यस्ता मुहानहरू सुक्ने हुँदा नजिकको सार्वजनिक धाराहरूमा पिउने पानी लिन जाने गरेको अन्तर्बार्ताका क्रममा गन्धर्वहरूले बताएको पाइन्छ । भने रिट्ठेपानीमा भने सरकारी खानेपानी लाइनको सुविधा रहेको कारण ४ वटा घरहरूमा खानेपानीको पाइप जोडेको देखिन्छ । त्यस्तै गगनगौडा, वडहरे र वेगनासमा सिँचाईको सुविधाको अभाव रहेको हुनाले आफूँसग भएको धेरैथोरै जग्गामा पनि सहजै कृषि कार्य सञ्चालन गर्न कठिन रहेको अर्न्तवार्ताका क्रममा स्थानीयहरूले बताएका थिए । भने रिट्ठेपानीमा सिँचाई सुविधा भएका कारण धान जस्ता अन्न बाली र नगदे बालीका रुपमा तरकारीहरू धेरै थोरै मात्रामा भए पनि लगाउने गरेको पाइन्छ । त्यस्तै गन्धर्वहरूको परम्परागत पेशाका रुपमा रहेको माछा मार्ने कार्यलाई गगनगौंडा र वडहरेका केही गन्धर्वले

सहायक कार्यको रुपमा चलाउँदै आएको पाइन्छ । जसमा  गगनगौडाका २ जना गन्धर्व नजिकैको ताल खोला र खुँदी खोलामा र बडहरेका जम्मा ३ जना गन्धर्वहरू (१ महिला सहित) स्थानीय खास्टे ताल र गडुवा खोलामा माछा मार्न जाने गरेको अन्तर्वार्ताका क्रममा उल्लेख गरेको पाइन्छ ।

### ६.१.३ भौतिक पुँजी

सिडा, (२००२:२८) का अनुसार भौतिक पुँजी  अर्न्तगत वसोवासको ढाँचा, औजार तथा सामग्रीहरू जुन मानिसले कमाएका, प्रयोगमा ल्याएका वा भाडामा लिएका छन्, साथै सार्वजनिक आधारभूत संरचनाहरू जहाँ उनीहरूको पहुँच पुगेको छ आदि पर्दछन्, जसले उनीहरूको जीविकाको लागि मद्दत गर्दछन् (उदृत, आचार्य, २०१०) । त्यस्तै डी.एफ.आई.डी १९९९ ले भौतिक पुँजीलाई जीविकाको लागि सहयोगी आधारभूत पुर्वाधारहरू र उत्पादनका साधनहरू भनी चिनाएको छ । आधारभूत पुर्वाधारले परिवर्तीत भौतिक वातावरणमा मानिसलाई उनीहरूको आधारभूत आवश्यकता प्राप्त गर्न र अझ धेरै उत्पादनका लागि प्रेरती वनाउन सहयोग गर्दछ, जस अर्न्तगत यातायातको पहुँच, सुरक्षित आवास, स्वच्छ पिउने पानी, तथा सुचनामा पहुँच आदि पर्दछन् । यस्ता पूर्वाधारहरू प्रायः सजिलै निशुल्क वा शुल्क सहित सरकारी रुपमा प्राप्त हुने विषय हुन् (यद्यपि आवास जस्ता केही पक्ष व्यत्तिगत रुपमा निर्माण गरीन्छा) साथै उत्पादनका साधन त्यस्ता औजार र सामग्रीहरू हुन् जुन मानीसहरूले अझ धेरै उत्पादकत्व बढाउन प्रयोग गर्दछन्( डी.एफ.आई.डी १९९९ सेक्सन२) । यिनै कुरालाई आधार मानी यहाँ गन्धर्वहरूको भौतिक पुँजीहरूसँगको स्वामित्व, पहुँच आदिको उल्लेख गरिएको छ । जुन निम्नानुसार रहेका छन् ।

#### ६.१.३.१ घरको निर्माणका आधारमा घरधुरीहरू

यहाँ गन्धर्व समुदायको जीविकाको रणनीतिको विश्लेषणमा उनीहरूको घरको निर्माणको ढाँचाको विश्लेषणले उनीहरूको समुदायको बसोवासको प्रकृति, आवासको सुरक्षा, आदिलाई वुझ्न सकिन्छ । आवसले मानिसलाई प्राकृतिक समस्या, वर्षात, चिसो, गर्मि तथा बन्यजन्तु तथा अन्य कुराबाट सुरक्षा प्रदान गर्दछ । अध्ययनका क्रममा

ले.न.पा.का विभिन्न स्थानमा रहेको गन्धर्व घरधुरीहरूको घर निर्माणको ढाँचा र बासोबासको विवरण निम्नानुसार रहेको देखिन्छ ।

तालिका ६.५

**घरको निर्माणका आधारमा घरधुरीहरू**

| घरको ढाँचा | बेगनास | रिठ्ठेपानी | गगनगौँडा | बडहरे | जम्मा |
|---|---|---|---|---|---|
| पक्की ढलान घर | - | १ | - | - | १ |
| खर तथा टिनले छाएको, ढुङ्गााको वा ब्लकको पर्खाल भएको | २ | ६ | १२ | २० | ४० |
| स्याउलाले बारेको र टिनले छाएको | - | - | १ | १ | २ |
| जम्मा | २ | ७ | १३ | २१ | ४३ |


स्रोत : स्थलगत अध्ययन, २०७० ।

तालिका ६.५ मा अध्ययन क्षेत्रका समग्र गन्धर्व घरधुरीहरूको निर्माणको ढाँचा वा उनीहरूको आवासको प्रकारलाई देखाइएको छ । उक्त अध्ययनका क्रममा लेखनाथ नगरपालिकाको बेगनासका २ घरधुरी मध्ये दुवै घर खर तथा टिनले छाएको र ढुङ्गाा वा व्लकको पर्खाल भएको अनुसुची अर्न्तगतका रहेका छन् । त्यस्तै रिठ्ठेपानीमा जम्मा ७ घरधुरी मध्ये १ पक्की ढलान भएको घर रहेका छ, जुन अध्ययन क्षेत्रका गन्धर्व समुदायहरू मध्येको १ मात्र पक्की ढलान घर रहेको छ भने रिठ्ठेपानीमा ६ वटा घर खर तथा टिनले छाएको र ढुङ्गा वा व्लकको पर्खाल भएको प्रकार अर्न्तगतका घरधुरी रहेका छन् भने गगनगौडामा यस्तो प्रकारका घरधुरी १२ वटा रहेका छन् र वाँकी १ घरधुरी स्याउलाले बारेको रहेको छ । बडहरेमा भने जम्मा २१ घरधुरीमा १ घरधुरी स्याउलाले बारेको छ भने बाँकी २० वटा घरधुरी खर तथा टिनले छाएको र ढुङ्गाा वा व्लकको पर्खाल भएका छन् । यस अध्ययनका क्रममा विशेषत बडहरेमा रहेका धेरैजसो घरधुरीहरू जोखिमपूर्ण रहेका देखिन्छन् । जसमा विशेषगरी घर सानो हुनु र परिवार सङ्ख्या ठूलो भएका कारण सिमित कोठामा पनि थुप्रै सदस्य संगै सुत्ने गर्नु, कतिपय घर पुरानो र जीर्ण

अवस्थामा रहनु जस्ता चुनौतिपूर्ण समस्याहरू रहेका छन् । यद्यपि पछिल्लो समय सरकारले पिछडिएका जाती अर्न्तगत जोखिमपूर्ण अवस्थाका गन्धर्व घरधुरीको छनौट गरी करिव १ लाख ५० हजारको हाराहारमीमा गृह निर्माणका लागि निशुल्क सहायता प्रदान गरेको कुरा अन्तर्वाताका क्रममा गगनगौँडा र वडहरेका गन्धर्व क्रमशः कृष्ण गायक र हरिवहादुर गायकले बताएका थिए । र यसै क्रममा कतिपय गन्धर्वहरू सुरक्षित आवासका लागि २ कोठाको पक्की व्लक निर्मीत टिनले छाएको घर बनाउदै गरेको देखिन्छ ।

### ६.१.३.२ शिक्षण संस्थामा पहुँच प्राप्त छात्रछात्राहरू

डी.एफ.आई.डी.,(१९९९) ले सार्वजनिक भौतिक संरचनाहरू जसमा जनताको पहुँच पुगेको छ, तिनलाई पनि यसै भौतिक पुँजी अर्न्तगत राखेको छ । गन्धर्वहरूको जीविकाको अवस्थाका आधारमा उनीहरूले प्राप्त गर्ने अवसर र पहुँचमा पनि भिन्नता हुन्छ । स्मरणइी यो छ कि विभिन्न कारणवश नेपालमा सरकारी शिक्षण संस्थामा अध्ययन अध्यापन कमजोर रहने विश्वास गरीन्छ भने निजी शिक्षण संस्थामा अध्ययन अध्यापन राम्रो हुने, बच्चाहरू पढ्नमा टाढाबाठा रहने र खर्चका दृष्टिले महंगो हुने मानिन्छ र सामाजिक रुपले पनि निजी शिक्षण संस्थामा पढाउने परिवारलाई केही राम्रो मानिन्छ । यद्यपि यो वैज्ञानिक तथ्य भने होइन । तर पनि यसैका आधारमा गन्धर्व समुदायका छात्रछात्राको उल्लेखित शिक्षण संस्थाहरूमा के कस्तो पहुँच रहेको छ तल उल्लेख गरिएको छ ।




चित्र ६.२ विभिन्न प्रकारका शिक्षण संस्थामा अध्ययनरत छात्रछात्राको अवस्था ।

चित्र ६.२ मा वर्तमानमा विभिन्न शिक्षण संस्था तथा विभिन्न तहमा अध्ययनरत अध्ययन क्षेत्रका जम्मा ७५ जना छात्रछात्रालाई उनीहरूको विशेष शिक्षणसंस्थाका आधारमा रहेको पहुँचलाई देखाइएको छ । अध्ययनका क्रममा जम्मा ४३ जना छात्रा मध्ये सरकारी शिक्षण संस्थामा आवद्द छात्राहरू जम्मा २९ जना रहको देखिन्छ भने निजी शिक्षण संस्थामा आवद्द छात्राहरूको सङ्ख्या १४ जना रहेको देखिन्छ । त्यस्तै जम्मा ३२ जना छात्रहरू मध्ये सरकारी र नीजि शिक्षण संस्थामा आवद्द छात्रहरूको सङ्ख्या क्रमशः १८ र १३ रहेको देखिन्छ ।

## ६.१.४ वित्तीय पुँजी/आर्थिक पुँजी

वित्तीय/आर्थिक पुँजीले त्यस्ता आर्थिक स्रोतहरूलाई जनाउँदछ, जसले मानिसले आफ्नो र परिवारको जीविकोपार्जनको उद्देश्यलाई प्राप्त गर्न सक्दछ । यहाँ प्रयोग गरिएको परिभाषाले केवल आर्थिक रुपमा मात्र मजबुत हुने कुरालाई मात्र नजनाई यसले स्थीर तथा चल पुँजीहरू, जुन उत्पादन र उपभोगमा प्रत्यक्ष रुपमा प्रयोग हुनुलाई पनि जनाउँछ ( डी.एफ.आई.डी.१९९९, सेक्सन २) । यस्ता चल र अचल पुँजीले

मानिसलाई विभिन्न रणनीती अपनाउन बाटो खुल्ला गर्दछ । विशेषत डी.एफ.आई.डी ले वित्तइी पुँजीका २ वटा स्रोतहरूको किटान गरेको छ :

उपलब्ध स्थीर पुँजी : बचत एउटा महत्वपूर्ण स्थीर पुँजी हो । जस अर्न्तगत नगद, बैङ्क बचत, पशुपन्छी, गरगहना आदि पर्दछन् ।

निरन्तर प्रवाह हुने पुँजीहरू : यसमा कमाइसकेको आयस्रोत भने पर्दैन बरु निरन्तर रुपमा प्राप्त हुन सक्ने रेमिट्यान्स, पेन्सन, आदि जस्ता कुराहरू पर्दछन् ।

जीविकाको विश्लेषणमा आर्थिक पुँजीको विशेषगरी यसलाई सजिलै मापन गर्न सकिने र यसलाई जीविकाको उपार्जनको प्रत्यक्ष उपलब्धि मान्न सकिने हुँदा महत्व रहन्छ । यद्यपि गरीव ग्रामीण जनतासँग यस्ता वित्तीय/आर्थिक पुँजीहरू पर्याप्त रहँदैनन् यसर्थ अन्य पुँजीको विश्लेषणको महत्व बढी हुन जान्छ । यसैमा आधारित रहेर अध्ययन क्षेत्रका गन्धर्वहरूको तल उल्लेखित पुँजीहरूमा रहेको स्वामित्व र पहुँचको अध्ययन गरिएको छ ।

### ६.१.४.१ पशुपन्छी पाल्ने घरधुरीहरू

डी.एफ.आई.डी.(१९९९) ले जीविकाको रणनीतिको विश्लेषणमा घरधुरी भित्र पालिएका पशुपन्छीलाई स्थीर आर्थिक पुँजीको रुपमा परिचित गराएको छ । पिटर, (२००५) का अनुसार धेरै जसो ग्रामीण गरीव तथा सिमान्तकृत किसानहरू आफ्नो मुख्य वा सहायक आम्दानीको रुपमा पशुपालन कार्यलाई अपनाउँने गर्दछन् तसर्थ पशुपालनले गरीव घरधुरीहरूका लागि बैङ्क का रुपमा पनि काम गरेको पाइन्छ अर्थात् पशुपालनले गरीवहरूको आम्दानीको स्रोत बढाउन मद्दत गर्दछ । त्यस्तै उनले विश्का करिव ७० करोड गरीव घरधुरी मध्येको लगभग ५० प्रतिशत घरधुरीमा पशुपालन जीविकाको लागि सहयोगीको वनेको र यस्ता जनाताहरूमा जग्गाको तुलनामा पशुपन्छी स्वामित्व लगभग सबैमा समतामुलक रहेको बताउँछन् (उदृत, एफ.ए.ओ.,२००२) । यस अध्ययनको स्थलगत सर्बेक्षणका क्रममा प्राप्त तथ्यांकका आधारमा अध्ययन क्षेत्रमा रहेका घरधुरीमा पालिएका पशुपन्छीको विवरण निम्नानुसार रहेको छ ।

तालिका ६.६

**पशुपन्छी पाल्ने घरधुरीहरूको विवरण**

| स्थान | पशु विवरण | | | | पन्छी विवरण | | |
|---|---|---|---|---|---|---|---|
| | **भैंसी** | **गाई** | **बाखा** | **बंगुर** | **कुखुरा** | **हाँस** | **परेवा** |
| **बेगनास** | **१** | - | - | - | - | - | - |
| **रिठ्ठेपानी** | **१** | **१** | - | - | **१** | - | - |
| **गगनगौंडा** | **३** | - | **२** | **१** | **४** | **१** | - |
| **बडहरे** | **४** | **१** | **३** | - | **७** | - | - |
| जम्मा | ९ | २ | ५ | १ | १२ | १ | - |


**स्रोत : स्थलगत अध्ययन, २०७० ।**

तालिका ६.६ मा उल्लेख गरीए अनुसार अध्ययन स्थलमा घरपालुवा पशुपन्छीहरू जीविकाको सहयोगीका रुपमा पाल्ने घरधुरीहरूको सङ्ख्यालाई स्थानका अनुसार स्पष्ट देख्न सकिन्छ । तालिकामा गन्धर्व समुदायमा अधिकांश भैंसी, बाखा र कुखुरा पाल्ने घरधुरीहरू धेरै देखिन्छन् । जुन घरधुरी सङ्ख्यामा क्रमशः ९, ५, र १२ रहेको पाइन्छ । यस्ता भैंसी तथा बाखाहरू यद्यपि अधिकांश गन्धर्वहरूको आफ्नो स्वामित्वको नभई छिमेकी उपल्ला जातिका मानिसहरूको घरबाट अधियाँमा ल्याएर पालेको अन्तर्वार्ताका क्रममा उत्तरदाताहरूले बताएको पाइन्छ । त्यस्तै हाँस र बंगुर भने केवल १/१ घरधुरीमा मात्र पालेको पाईयो । अध्ययन क्षेत्र मध्ये बडहरेमा विशेषगरी वंगुर नपाल्नुको कारणको रुपमा स्थानीय गन्धर्व बस्ती रहेको पाखो भन्दा तल आफ्ना देवताको स्थान रहेको हुनाले त्यो भन्दा माथी हामीले वंगुर पाल्नु अशुद्ध मानिने हुँदा पाल्न नहुने विश्वास गाउँलेहरूमा रहेको बडहरेका गन्धर्व समूहका अध्यक्ष हरिवहादुर गायकले अर्न्तबार्ताका क्रममा बताएका थिए । त्यस्तै बाँकी जम्मा १३ वटा घरधुरीमा कुनै पनि किसिमका पशुपन्छी पाल्ने गरेको

पाइएन । गन्धर्व समुदायमा विशेषगरी उत्पादन दिने खालका यस्ता पशुहरू जस्तैः भैँसी, बाख्रा, तथा बंगुरहरू खेतीपातीको मलका र मासुका लागि साथै कुखुरा, हाँस जस्ता पन्छीहरू घरेलु प्रयोजनका लागि तथा छिटपुट मात्रामा विक्रीका लागि पाल्ने गरेको देखिन्छ । अध्ययन क्षेत्रमा गन्धर्वहरूले विशेषत यस्ता पशुपन्छीहरू थोरै मात्रामा जीविका निर्वाहको लागि मात्र पालेको देखिन्छ नकि कसैले पनि यस्तो पशुपन्छी पालनलाई व्यवसाय नै बनाएका छन् । यस्ता पुँजीले गन्धर्वहरूका चाडपर्व, परपाहुना आउँदाको समय तथा खेतीपातीका लागि सहयोग गरेको अन्तर्वार्ताका क्रममा उत्तरदाताहरूले बताएका थिए ।

### ६.१.४.२ बचत हुने घरधुरीहरू

डी.एफ.आई.डी.(१९९९) को माथिको वित्तइी पुँजीको परिभाषा अनुसार बचतलाई स्थिर पुँजीका रुपमा लिन सकिन्छ । बचत व्यक्ति तथा घरधुरीको जीविकाको निर्वाहबाट उपार्जीत पुँजी हो । धैरै जसो घरधुरीका सन्दर्भमा बचतले नै उनीहरूको परिवारको जीविकाकालागि भविष्यमा आई पर्ने चुनौतिबाट सुरक्षित राख्ने गर्दछ (नेपाल, २०१२) । यसै क्रममा अध्ययन क्षेत्रका गन्धर्व घरधुरीहरूमा बचतको प्रवृती कस्तो रहेको छ केलाइएको थियो । जसको विवरण निम्नानुसार रहेको छ ।




चित्र ६.३ बचत हुने र नहुने घरधुरीहरू

चित्र ६.३ मा अध्ययन क्षेत्र ले.न.पा.का जम्मा ४३ घरधुरीमा बचत हुने र नहुने घरधुरीलाई प्रतिशतमा देखाइएको छ । अध्ययनका क्रममा अध्ययन क्षेत्रका जम्मा ४३ घरधुरीको २७.९०% अर्थात् १२ घरधुरीले आफ्नो धेरै वा थोरै मात्रामा नियमित बचत हुने बताए भने ७२.०९% अर्थात् ३१ घरधुरीले आफ्नो कुनै पनि प्रकारको बचत नहुने बताएका थिए । यद्यपि दैनिक जीवनका आवश्यकता पूर्तिका लागि साथै कतिपय घरधुरीले आफ्ना सानातिना समस्याका लागि छिमेकी गन्धर्व तथा अन्य जातिका मानीसहरूसँग सरसापट लिएर खाँचो टार्ने गरेको अध्ययनका क्रममा वताएका थिए । जसको पूर्ति पैसा नै दिएर अथवा उसको घरमा खेतालो गएर तिर्ने गरेको उनीहरू बताउँछन् । यसबाट के स्पष्ट हुन्छ भने अधिकांश गन्धर्व घरधुरीहरू जीविकाका लागि एकदम संघर्ष गरीरहेका छन् जसको जीविकाको रणनीती केवल जीवन निर्वाह गर्ने खालको मात्र छ । साथै अध्ययनका क्रममा गगनगौँडाका गन्धर्व कृष्ण गायक वर्ष ४८ ले अधिकांश गन्धर्व पुरुष र केही महिलाहरू पनि आफ्नो कमाइको धेरै हिस्सा मदिरा सेवन गरेर सक्ने हुँदा उनीहरूको बचत गर्ने बानी कमजोर रहेको बताउँछन् ।

### ६.१.५ सामाजिक पुँजी

सामाजिक पुँजी भनेको के हो त भन्ने विषयमा विद्धानहरू विच अभ पनि प्रसस्त मतभेद देखिन्छ, दिगो जीविकाको रणनीतिको व्याख्याको ढाँचामा यसलाई मानिसले आफ्नो जीविकोपार्जनको उद्देश्य प्राप्त गर्ने क्रममा निर्माण गरेका सामाजिक सम्वन्धका स्रोतहरू भनि चिनाइन्छ । जुन सम्वन्धहरू सामाजिक सम्वन्धको जालो र सम्वन्धपना/वन्धनमा आधारित हुन्छन्, जुन सहज रुपमा स्विकारिएका, बनाईका विश्वासको सम्वन्धमा आधारित हुन्छन् ( डी.एफ.आई.डी.१९९९, सेक्सन, २) ।

#### ६.१.५.१ गन्धर्व-गन्धर्व जाती विचको सम्वन्ध

अध्ययन क्षेत्र ले.न.पा.का ४ स्थान मध्ये बेगनास, गगनगौँडा र बडहरेका गन्धर्वहरूका घरधुरीहरू अध्ययनका क्रममा एकापसमा नजिक-नजिक रहेको देखिन्छ र टाढा बाट नै गन्धर्व गाउँ कुन हो भनि सोध्दा पनि सजिलै फेला पार्ने किसिमको रहेका छन् यसर्थ यी स्थानलाई स्थानीय बासीहरू गन्धर्व गाउँकै रुपमा पनि लिने गरेको बताउँछन् तर रिठ्ठेपानीका गन्धर्वका ७ घरधुरीहरू भने एकआपसमा नजिक नजिक नरहेको भएता पनि

आपसी सहयोग र सुचनाका हिसावले निकट रहेको अर्न्तवार्ताका क्रममा उत्तरदाताहरूले बताएका थिए । समग्रमा अध्ययन स्थलका गन्धर्वहरू प्राय आपसी सहयोग र अँैचो-पैंचो, लेनदेन तथा संस्कारगत कार्य, चाडपर्व तथा महत्वपूर्ण सामाजिक घटनाहरूमा पनि साथै सामाजिक हिसावले पनि आपसमा  निकटतम सम्वन्ध रहेको बताउँछन् । यती सम्म कि हरेक स्थानका वा वडाका गन्धर्व घरधुरीलाई अर्को वडा वा स्थानका गन्धर्वहरूको घरधुरी सङ्ख्या, ती घरधुरी कुन स्थानमा रहेका छन् र को कस्का हुन् भन्ने सबै कुरा थाहा भएको अन्तर्वाताका क्रममा उल्लेख गरको पाइन्छ । यसले गन्धर्वहरूको जातिगत एकता र भातृत्वको सम्वन्ध मजवुत रहेको उल्लेख गर्न सकिन्छ । साथै गन्धर्वहरू नेपालका ४० वटा जिल्लामा वसोबास गरेको अनुमान गन्धर्वसँग सम्वन्धित विभिन्न संस्थाहरूले उल्लेख गरेको पनि स्थानीय कृष्ण गायक वर्ष ४८ र उनका छोरा विनित गायक वर्ष २३ (शिक्षा एम.एस.सी. अध्ययनरत) ले स्थलगत अध्ययनका क्रममा बताएका थिए । साथै उनीहरू १/२ घरधुरीका हिसावले गन्धर्वहरू नेपालभरी थुप्रै जिल्लामा बसोबास गर्ने गरको हुन सक्ने पनि उल्लेख गर्दछन् । लेखनाथका गन्धर्वहरू बिचको सम्वन्धलाई मात्र निकटतम नमानी पोखरा बाटुलेचौर लगायतका अन्य गन्धर्वहरूको बसोबास रहेको स्थानबाट पनि जातिगत मुख्य कार्यक्रमहरू तथा चाडपर्वहरूमा एक आपसका स्थानका गन्धर्वलाई बोलाउने गरेको बडहरेका गन्धर्व समूहका अध्यक्ष हरि ब. गायक वर्ष ५२ वताउँछन् । यस्ता उदाहरणहरूका आधारमा अध्ययनका क्रममा गन्धर्व जाती विचको आपसी सम्वन्ध राम्रो रहेको छ भन्न सकिन्छ ।

### ६.१.५.२ गन्धर्व र अन्य जाती बिचको सम्वन्ध

अध्ययन क्षेत्रका गन्धर्वहरूको अध्ययनका क्रममा उक्त स्थानका गन्धर्वहरू बसोवास गरको स्थानमा गन्धर्वहरूका अलवा उच्च सङ्ख्यामा ब्राह्मण, क्षेत्रीको वसोबास रहेको साथै केही सङ्ख्यामा मगर, नेवार तथा अन्य जातिको पनि उपस्थिती रहेको पाइन्छ । गन्धर्वहरू पनि हिन्दु धर्म नै मान्ने हूँदा अन्य हिन्दुहरू ब्राम्हण, क्षेत्री लगायतले पूजा गर्ने देवदेवताको मन्दीरमा नै पूजा गर्ने गर्दछन् । जातिगत स्तरीकरणका हिसावले गन्धर्वलाई हिन्दु धर्ममा तल्लो, अशुद्ध, वा अछुत जातिको रुपमा लिइने गरीन्छ । यद्यपि यस्तो भावनाले आजभन्दा १०, १५ वर्ष अगाडी सम्म मानिसको दिमागमा व्यापक जरा गाडेको हुनाले जातीय  भेदभाव, छोइछिटो हाल्ने,  शुद्ध र अशुद्धका हिसावले मन्दीर, पूजापाठ,

सार्वजनिक स्थल आदिमा गन्वर्धहरूलाई केही कठिन रहेको भएता पानी पछिल्लो समयमा सरकारले ल्याएको जातिगत समानताको कानुन र शिक्षाको प्रभावले यस्तो भावना कम हुँदै गएको स्थलगत अध्ययनका क्रममा गन्धर्वहरूले बताएको पाइन्छ । उनीहरू बर्तमानमा आफूहरूलाई सार्वजनिक स्थलमा उपल्लो जातिहरूले सहजै पहुँच दिने गरेको बताउँछन् । त्यस्तै परम्परागत जातीय  छुवाछुतको धारणा र पेशागत वन्धनका विपरित कतिपय गन्धर्वहरू नजिकैको विस्कुट कम्पनीमा अन्य जातिसँग मिलेर काम गर्ने अवसर पाएको पनि बताउँछन्, जसमा विशेषगरी रिठ्ठेपानी र बडहरेका गन्धर्वहरूको उच्च संलग्नता रहेको अध्ययनका क्रममा भेटिएको थियो । त्यस्तै सामाजिक जीवनका अन्य विनिमयका पक्षहरूमा आपसी सरसहयोग, मेलापात तथा ज्याला मजदुरीका क्षेत्रमा पनि उपल्लो जातिका घरहरूमा जाने गरेको अनुभव गन्धर्वहरूले यस अध्ययनका क्रममा सुनाएका थिए ।

त्यस्तै केही संस्कारगत कार्यहरू जस्तै जन्म, विवाह, पूजाआजामा पनि गन्धर्व जातिलाई पनि अन्य जातिहरूले वोलाउने गरेको र उपल्ला जातका मानिसले पनि गन्धर्वहरूलाई यस्तो कार्यमा निम्तो दिने, नाचगानका लागि अनुरोध गर्ने गरेको उनीहरू बताउछँन् । यद्यपि गन्धर्वहरू नेपालका पेशागत गायन समुदाय भएका कारण इतिहास देखि नै  जीविकाका लागि परम्परागत रुपमा अर्काका घरदैलोमा गएर गति गाउने, नाच्ने गर्दथे र अन्न मुद्राको अपेक्षा गर्ने गर्दथे र वर्तमानमा पनि धेरैजसो गन्धर्वहरू यही पेशामा संलग्न रहेको र यसैबाट जीविका निर्वाह गर्ने गरेको देखिन्छ । यस तवरले हेर्दा पनि उनीहरूको अन्य जाती विचको निर्भरता र सम्वन्ध युगौं देखि रहँदै आएको कुरा वैयक्तिक अध्ययन ३ ले बताउँछन् । गन्धर्वहरूको माथिल्लो जातका मानिसहरू विचको सम्वन्धका सम्वन्धमा उनी अझ यस्तो वताउँछन् : *"पुर्व कालमा गन्धर्वहरूका पूजारी मगर जातका थिए तर कालान्तरमा मगरले सँगुरको मासु पनि खान थालेको हुनाले मगरलाई शुद्ध नमानी पूजारीको रुपमा पछि गाइनेहरूले ब्राम्हणहरूलाई नै छनौट गरेका थिए ।"* त्यस्तै उनी गन्धर्वहरूको उत्पत्तिको प्रसँगलाई कोट्याँउदै अगाडि बताउँछन् *"गन्धर्वहरू सनातन हिन्दु धर्मावलम्वी हुन्, गन्धर्व जाती भगवान शिव जती पुराना छन् त्यती नै पुराना समयदेखि रहिरहेका छन् । भगवानको पाला देखि नै गन्धर्वहरू गाउने काम गर्दथे त्यसैले गन्धर्वलाई गाउने काम दिइएको हो । .....सारङ्गी र गन्धर्वको सम्वन्ध पनि उत्तिकै पुरानो छ, तसर्थ सारङ्गी छ त गन्धर्व छ, सारङ्गी छैन भने गन्धर्व पनि छैन ।"*

त्यस्तै वैयक्तिक अध्ययन २ ले वडा नं. १३ गगनगौँडा, छुचि स्थानको टोलसुधार समितिले उक्त टोलमा वसोवास गर्ने सम्पूर्ण जातिका मानिहरूलाई अन्य जुनसुकै जातिका मानिस मर्दा पनि हरेक जातका मानिसले एक मानो चामल र ५० रुपैंया दाम मृतकका परिवारलाई भेटीको रुपमा वुझाउनु पर्ने नियम बसालेको बताएका थिए । त्यस्तै युवा पुस्ताका गन्धर्वहरू वर्तमानको समय विगतको जस्तो नरहेको बताउँछन् उनीहरू स्कुले जीवनमा आफ्ना सबै जातका साथीहरू रहेको र आफूहरू मिलेर पढ्ने गरेको र सँगै बसेर खाजा खाने गरेको अनुभव पनि घरधुरीको अन्तर्वार्ताका क्रममा वताएको पाइन्छ । त्यस्तै अध्ययनका क्रममा कतिपय महिला उत्तरदाताहरूले आफूहरू निर्माण मजदुरी कार्य गर्ने गरेको र यस कार्यमा जातीय आधारमा त्यस्तो रोक नलाग्ने र जो सुकैको जस्तो सुकै घरमा पनि काम गर्न जाने गरेको अनुभव सुनाउँदछन् । त्यस्तै रिठ्ठेपानीका अर्का गायक आफू वर्तमानमा कृषि व्यापार/तरकारी वेच्ने काम गरेको अनुभव सुनाउँदै यस पेशा गर्दा आजसम्म कसैले जातीय हिसावले आफ्नो व्यापारमा र आफूलाई ठेस लाग्ने शव्द नभनेको बताए बरु उनी आफू स्वयम् कतिपय अन्य जातिहरूको घरमा नै तरकारी पुऱ्याउन पनि कहिलेकाहिँ जाने गरेको र यस विच आफूलाई उनीहरूले राम्रो व्यवहार गरको बताएका थिए । त्यस्तै रिठ्ठेपानीका नै अर्का गन्धर्वले अर्न्तबार्ताका क्रममा आफू नजिकैको कर्मचार्य विस्कुट कम्पनीमा काम गर्ने गरेको र कामको दौरानमा आफूलाई कहिल्यै पनि म गन्धर्व वा गाइने हुँ भनेर पछाडि पर्दछु कि भन्ने भावना नआएको बताएका थिए बरु उनका पनि यस विच कयौँ अन्य जातिका मानिसहरू नजिकका साथी बनेको बताउँछन् ।

यी र यस्तै उदाहरणहरूले अध्ययन स्थलका गन्धर्वहरू र अन्य जातिका मानिसहरू विच परम्परागत रुपमा रहेको जातीय छुवाछुत र भेदभावको भावना विगतका केही वर्षयता घट्दै गएको र सम्वन्धमा नयाँपन आएको बताउन सकिन्छ । यस हिसावले गन्धर्वहरूको अन्य जातिसँगको सम्वन्ध विगतका वर्षमा भन्दा वर्तमानमा अझ मजवुत बन्दै गएको पाइयो । यी समग्र तथ्यहरूको आधारमा गन्धर्वहरूको अन्य पुँजीहरू मध्ये सामाजिक पुँजी विगतको तुलनामा वर्तमानमा केही बढी रहेको देख्न सकिन्छ ।

## ६.२ गन्धर्वहरूको परम्परागत सिप

गन्धर्वहरूको परम्परागत पेशा वा सिप भनेको सारङ्गी तथा अर्वाजो निर्माण, विक्री वितरण, गायन तथा नाचगान गर्ने, माछा मार्ने, र माग्ने कार्य हो । तर पछिल्लो समयमा शिक्षा, रोजगारका अवसर, आधुनिकीकरणको प्रभाव, सामाजिक खुल्लापन, पेशामा सम्मान नहुने दृष्टिकोण आदिले गर्दा वर्तमानमा यो पेशा अंगाल्ने गन्धर्वहरूको सङ्ख्या क्रमशः घट्दै गैरहेको देखिन्छ (लामिछाने, २०६९) । यद्यपि अध्ययनका क्रममा वर्तमानमा पनि अध्ययन क्षेत्र ले.न.पा. वडा नं. ७, १० र १३ का क्रमशः ५, २ र ८ जना गरी जम्मा १५ जना गन्धर्वहरू यही पेशाामा संलग्न रहेको देखिन्छ । तर रिठ्ठेपानी वडा नं. -२ मा भने आफ्नो परम्परागत पेशालाई नै मुख्य पेशा बनाएर वसेको कोही पनि पाईदैन । तलका मुख्य सुचनादातासँगको अन्तर्वार्ताका केही उदाहरणहरूका झलकले गन्धर्वहरूको परम्परागत पेशा, सारङ्गी तथा अर्वाजो निर्माणको कार्य, घुम्ने स्थानको विभाजन, र यस पेशासँग सम्वन्धित किम्वदन्तीलाई उल्लेख गर्दछन् र जसले गन्धर्वका परम्परागत पेशा र जीविकाका सन्दर्भमा वुझ्न मद्दत गर्दछ ।

वैयक्तिक अध्ययन ४ को घर ले.न.पा.-७ बडहरे हो । वर्ष ५२ का उनी, उनको पुर्खौली घर हेम्जा रहेको बताउँछन् । सानो उमेरबाट नै आफू र आफ्ना बाबुहरू पनि यस पशोमा लागेको बताउने उनी वर्तमानमा पनि घुम्ने र सारङ्गी-अर्वाजो निर्माण र विक्री गर्ने गर्दछन् र यसैबाट आफ्नो र आफ्नो ८ जनाको परिवारको जीविका निर्वाह गर्न सहयोग गर्दछन् । उनका अनुसार परापुर्व कालमा सारङ्गी निर्माणमा प्रयोग हुने काठको प्रयोगमा कसरी विभाजन आयो भन्ने कुरामा एउटा किम्वदन्ती छ । उनका अनुसार : *"पहिले गन्धर्वहरूले सारङ्गी र अर्वाजो निर्माणका लागि टुनी को काठको प्रयोग गर्दथे तर एक समयमा एउटा गाईने टुनीको काठले बनाएको सारङ्गी लिएर घुम्ने क्रममा एउटा ब्राह्मणको घरमा पुगेछ । संयोगले ती दुवै परिवारका अन्य सदस्यहरू वितिसकेका (मृत्यु भएका) रैछन् । रातपरेपछि गन्धर्वले ब्राह्मणका घरमा बास मागेछ र घरबाहिर सुतेछ । त्यहाँ पनि संयोगले ब्राम्हणको घरमा टुनी को दहि मोथ्ने ठेको रैछ । रातको समयमा ती दुवै जना सुतेपछि दुवै पक्षका टुनीका सामग्री सारंङ्गी र ठेकीले एकापसमा गफ गरेछन् । सारङ्गीले आफूले गाईनेका परिवारका सबैलाई नष्ट गरेको बताएछ र ठेकीले पनि सबैलाई नष्ट गरीसकेको र अव यो वृद्ध ब्राह्मण मात्र बाँकी रहेको बताएछन् । यसै बिचमा गाइनेले टुनीका सारङ्गी र ठेकी विचको यो बार्तालाप सुनेछ र सबेरै उठेर ब्राह्मणलाई सबै*

*बताएपछि दुवैले टुनीका सारङ्गी र ठेकी फुटाली दिएछन् र त्यस समय पछिबाट खिर्रोको काठले सारङ्गी र ठेकी निर्माण गर्न थालिएको रहेछ ।"*

त्यस्तै उनले सारङ्गीमा हाल्ने तारको निर्माणका सन्दर्भमा पनि यस्तो बताएका थिए- *"खसिको कायो आन्द्रो वा बोसे आन्द्रो (यद्‌यपि कहिँ कतै पहिले मृगको आन्द्रो हाल्ने चलन पनि रहेको) लाई पखालेर बाट्ने र मज्जाले तन्काएर घाममा सुकाएर राखेपछि त्यो पातलो सारङ्गीको तार वन्छ । सारङ्गीका तार पनि ३ किसिमका हुन्छन् ती हुन् घोर, स्वर र तिख । यी क्रमशः बोधो आवाजबाट तिखो आवाज तर्फ बज्ने हुन्छन् । यिनीहरूको निर्माण गर्दा घोर तारमा ३ वटा आन्द्रा, स्वरमा २ वटा र तिखमा १ वटा आन्द्रा वेरिएको हुन्छ" ।*

त्यस्तै वैयक्तिक अध्ययन १, वर्ष ४१ को घर लेखनाथ-१३, गगनगौँडा हो । उनले आफू सानै उमेर देखि गायन पेशामा लागेको र वर्तमानमा पनि यही पेशामा संलग्न रहेको अर्न्तवार्ताको क्रममा बताएका थिए । कहिले काँही माछा मार्ने काम गर्ने उनी सारङ्गी निर्माणका लागि चाहिने काठ अँधेरी र जुनेलीको समय अर्थात् औँसी र पूर्णिमाको दिनमा काट्न नहुने बताउँछन् । यसरी काटिएको काठमा किरा लाग्ने विश्वास चल्दै आएको पनि उनी वताउँछन् । सारङ्गी निर्माणका लागि विशेषत खिर्रो, कटहर, वकाईनो जस्ता हलुका काठको प्रयोग गर्न सकिने बताउदै उनले यसरी हल्का काठले निर्माण गरेका सारङ्गी अर्वाजो धेरै समय सँगै बोकेर हिँड्न सकिने हुन्छ भन्दछन् । आफू पनि सारङ्गी बनाउने गरेको बताएका उनले एउटा सारङ्गी ८००-१००० रुपैयाँ सम्म विक्री हुने र कुनै विदेशी पर्यटक फेला पारेमा यो मूल्यको दोव्बर, तेव्बर नै पार्न सकिने पनि वताउँछन् । सारङ्गी लिएर घुम्ने क्रममा आफू छिमेकी जिल्लाहरू लगायत काठमाण्डौ सम्म पनि पुग्ने गरेको र हप्तौं, महिनौँ पछि मात्र घर फर्केको पनि अनुभव पनि उनले अर्न्तवार्ताका क्रममा सुनाएका थिए ।

पहिले जुन घरमा गाउन गइन्थ्यो, त्यो घरमा सम्मानका साथ चामल, अन्न, मुद्रा, फलफूल आदि दिने गरेको बताउने उनी वर्तमानमा कतिपय स्थानमा गाली, गलौच गर्ने र हातखुट्टा हुनेले माग्न नहुने भनि गाली गर्ने गरेको बताउँदै गुनासो पोखेका थिए । आफ्नो दुख पोख्दै उनले गाइने सिपका साथ यस्तो पद्‌य हरफ गाएर सुनाएका थिए ।

*"यो मनको दुःख-सुख सँधैको सौखी*

*मनले भन्छ, हुन्छ-खाम्ला कर्म रैछ जोगी,*

*सन खोटी सुनारको, कर्म खोटी मेरो*

*घर फेरेँ, घडेरी फेरेँ, कर्म कहाँ गै फेरम,*

*होला होला भन्दैथिएँ नहुनेलाई क्यारम*

*आल्छी लाम्ला, वल्छी लाम्ला आँधी खोले बाम्ले,*

*कहिले सुख, कहिले दुःख, छोड्ने रैछ रामले... ।"*

त्यस्तै वैयक्तिक अध्ययन २ को उमेर ४८ वर्ष भयो । ले.न.पा.१३ मा जन्मेका उनी आफू सानै छँदा आफ्ना बाबु वितेको कारण ८/९ वर्षकै उमेरमा सारङ्गी बजाउने र घुम्ने काममा लागेको बताउँछन् । पारिवारिक दुःख र अभावले गर्दा आफू पढ्न लेख्न नपाएको र सानै उमेरदेखि गायन पेशामा लागेको अनुभव सुनाउँछन् । त्यती वेला गाउँमा रेडियो, टी.भी., एफ.एम, जस्ता सांगीतिक प्रस्तुती सुनिने अन्य माध्यम नभएका कारण गाईनेका गीतलाई सबैले चाख दिएर सुन्ने गर्दथे । एउटा घरमा गति गाउन जाँदा वरपरका सबै घरका ३०/४० जना सम्म एकै घरमा जम्मा हुने गर्दथे र सबैले आँफूसँग भएको मुद्रा, अन्न, तरकारी आदि सम्मान स्वरुप दिने गर्दथे र त्यसैले परिवारको जीवीका चलाउने गरीन्थ्यो भन्ने उनी बताउँछन् । तर वर्तमानमा शिक्षा, रोजगारका अवसर बढेका र नयाँ पुस्ताले लाज मान्ने हुनाले यो पेशा कम हुँदै गएको उनको भनाइ रहेको थियो ।

घुम्न जाने स्थान वा गायनका लागि जाने स्थानहरूको विभाजनका सन्दर्भमा उनी अगाडि बताउँछन् पहिले एउटा व्यक्तिलाई एउटा गाउँको जिम्मा दिइने गरीन्थ्यो, जुन स्थानलाई खुवा भनिन्छ र हरेक गाईनेको आफ्नो-आफ्नो खुवा हुने र वर्षभरी सबै गाइने आफ्नो र अन्यको खुवामा घुम्न जान पाएपनि दशैको वेलामा त्यस्तो खुवामा गाइनेलाई त्यस स्थानका मानिसले सेवा(विशेष भेटि) दिने हुनाले यस समयमा आफ्नो-आफ्नो खुवामा मात्र गई सेवा उठाउने चलन रहेको उनी बताउँछन् । दशैको समयमा विशेषगरी आफ्नो खुवामा नवदुर्गाभरी गाउन जाने, धान, चामल, मासु, पैसा आदि सेवा वापत पाउने र त्यसैले आफ्नो र परिवारको लागि दशैँ मनाउने चलन रहेको थियो भन्ने कुरा बताउँछन् । त्यस्तै उनीले सारङ्गीको निर्माणमा खसीको कायो (बोसे) आन्द्रो नै प्रयोग गरिने कुरा

स्विकार गरेका थिए र त्यसमा थप गर्दै बर्तमानमा त गितार, तथा व्याटमिन्टनका तारको प्रयोग गरेको पाइने पनि उनले बताएका थिए ।

गगनगौँडाका अर्का गन्धर्व वैयक्तिक अध्ययन ३ ले गाइने संस्कृति/सारङ्गी र गाईने विचको सम्वन्धलाई उजागर गर्दै भन्छन् : "सारंङ्गी छ त गाईने छन्, सारङ्गी छैन त गाईने पनि छैनन् । सारङ्गीले नै गाईनेलाई चिनाउँछ ।"

उल्लेखित अन्तर्वार्ताका नमुनाहरूले गन्धर्वहरूको परम्परागत पेशा सम्बन्धि सिपका सन्दर्भमा र यसबाट गरिने जीविकाका सन्दर्भमा बुझ्न मद्दत गर्दछन् । अध्ययनका क्रममा अध्ययन क्षेत्रका ४ वटा भिन्न-भिन्न स्थान मध्ये वर्तमानमा अधिकांश त ले.न.पा.-१३ गगनगौँडाका गन्धर्वहरू (८ जना) गायन पेशामा नै संलग्न रहेको देखिन्छ र उनीहरू मध्ये केही अझ पनि काठमाण्डौं, धरान, पोखारा, स्याङ्जा आदि जस्ता टाढा-टाढाका जिल्लमा समेत पुग्ने गरेको पाइन्छ । यद्यपि परम्परागत गायन पेशामा लागेता पनि कतिपय अन्य घरधुरीका साथै यिनै घरधुरीका अन्य सदस्यहरू पनि जीविकाका लागि त्यस पेशाले मात्र पर्याप्त नहुने हुँदा अन्य पेशा जस्तै ज्याला मजदुरी, रोजगार आदि पेशामा लागेको देखिन्छ ।

## ६.३ गन्धर्वहरूको परम्परागत पेशामा रूपान्तरण

गन्धर्वहरूको परम्परागत पेशाको रूपमा सारङ्गी तथा अर्वाजो निर्माण, गायन, माग्ने तथा माछा मार्ने पेशालाई लिन सकिन्छ । तर वर्तमानमा शिक्षाको अवसर, औद्योगीकरण, विश्वव्यापीकरण, आधुनिकीकरणको प्रभाव, रोजगारका अन्य अवसरहरूमा वृद्धि आदिको प्रभावले उनीहरूको परम्परागत कार्यमा केही गिरावट आएको विभिन्न अध्ययनहरूले बताउँछन् (लामिछाने, २०६९ र बराल २०६८) । बरु अध्ययनका क्रममा पनि धेरैजसो गन्धर्वहरू रोजगार, ज्यालामजदुरी, वैदेशिक रोजगार आदिमा संलग्न रहेको देखिन्छ । यद्यपि अध्ययन स्थलका धेरैजसो गन्धर्वहरू जो गाउन बजाउन जान्ने भएता पनि अरुको घरदैलोमा नजाने बरु विवाह, जन्म, मेला, उत्सब, पर्व आदि जस्ता अवसरहरूमा गाउन तथा बजाउन पाउने हुँदा यसै कार्यमा ढल्केको पनि देखिन्छ । शहर, बजार र आसपासका दोहोरी साँझ, होटल, रेष्टुराँ आदिमा पनि वजाउने र गाउने पेशामा उनीहरूको संलग्नता रहेको अध्ययनका क्रममा देखिन्छ । त्यस्तै कतिपय नजिकैको पर्यटकइी स्थल पोखराको लेकसाइड, महेन्द्रपुल र आसपासका क्षेत्रमा सारङ्गी बजाउने र पर्यटकलाई मनोरन्जन दिने

साथै सारङ्गी वेच्ने कार्यमा पनि संलग्न रहेको पाइन्छ । यसको अनुभव सुनाउँदै बेगनासका गन्धर्व, वर्ष ४९ यस्तो बताउँछन् "लेकसाइडमा सारङ्गी बेच्ने काममा कहिले विक्री नै हुँदैन कहिले त्यस्तै ग्राहकहरू पर्यटकहरू फेला पऱ्यो भने त एउटै साधारण सारंगीको पनि २५००-३००० रुपैंया पनि दिन्छन् ।" यस्ता कार्यमा संलग्न गन्धर्वहरूले यसबाट प्राप्त मुद्राबाट आफ्नो र परिवारको दैनिक जीविका गुजारा गर्न मद्दत गरेको बताउँछन् । यसरी पछिल्लो समयमा बढ्दो शहरीकरण, औद्योगीकरण आदिको प्रभावले नेपालका गन्धर्व जातीय समुदायको परम्परागत जीवनशैली परिवर्तन र परिमार्जनको दिशा तर्फ धकेलेको पाइन्छ ।

## ६.४ परम्परागत पेशामा देखिएका चुनौतिहरू/परम्परागत जीविकाका चुनौतिहरू

शहरीकरण, विश्वव्यापीकरण, आधुनिकीकरण, औद्योगीकरण, सूचना र प्रविधिको विकास, आधुनिक गति संगीतको विकास, रेडियो, एफ.एम. टि.भी., आदिको विकासका साथै गन्धर्वहरूमा परम्परागत पेशामा सम्मान नरहेको महसुस बढ्नु आदि जस्ता कारणले वर्तमानमा गन्धर्वहरू जीविकाका लागि अन्य रणनीतिको खोजी गर्दैछन् । यसर्थ गन्धर्वहरूको परम्परागत पेशा चुनौतिपूर्ण अवस्थामा रहेको छ भन्न सकिन्छ । साथै वर्तमानमा अवलम्वन गरिएको नयाँ रणनीतिमा पनि आम्दानीको विविधीकरण गर्ने कार्य उल्लेख्य रुपमा भएका अध्ययनका क्रममा पाइएको छ । परम्परागत पेशामा देखिएका चुनौतिहरूका सन्दर्भमा वडहरेका गन्धर्व समुदायका अध्यक्ष हरिबहादुर गायक उमेर ५२ बताउँछन् *"आजकल घरगाममा घुम्न जाँदा ती घरका मानिसले हामिलाई तिम्रा हातखुट्टा छन्, काम गरेर खान सक्दैनौ? माग्दै हिड्न लाज लाग्दैन ? भन्ने गर्दछन् । तसर्थ हामिलाई पनि घुम्ने कार्य गर्न अफ्ठेरो लागि सकेको छ । अव हाम्रा छोरा नाती त झन् नयाँ जमानका भए, यिनिहरूले त झन् सारङ्गी लिएर के हिँड्लान् ?"* त्यस्तै गगनगौंडाका अर्का गन्धर्व वैयक्तिक अध्ययन २ का अनुसारः- *"हामीले त पढिएन, त्यसै पनि पुर्खाको कार्य गर्न सिप थियो । त्यसैले पनि यो काम गरीयो तर हाम्रा छोराहरू धेरै पढेका छन्, उनीहरू अव यस्तो घुम्ने काममा लाग्दैनन् होला बरु आफ्नो संस्कृती हो भनी सारङ्गी सिक्न खोज्छन्, हामी पनि सिकाउँछौं ।"*

त्यस्तै गगनगौंडाकै अर्का गन्धर्व वैयक्तिक अध्ययन १ का अनुसारः- *पहिले पहिले हामी गाउँमा घुम्न जाँदा गाईनेले के घटना ल्यायो भनेर सुन्नका लागि बरपर मान्छे थुप्रिन्थे*

*र हाम्रो गीतमा मिठास मानी एकोहोरो सुनिरहन्थे र कती रुन्थे पनि तर अहिले रेडियो, टि.भी, मोवाईलमा जती भएका सबै गती सुन्छन्, अहिले त हामीले गती गाउन भन्दा अगाडि नै "लौ, भयो जाउ" भन्छन् । अनि के का गती गाउने ?"*

स्थलगत अध्ययनका क्रममा भेटिएका गन्धर्व समुदायका यस्ता पेशागत चुनौतिका उदाहरणका आधारमा हामी गन्धर्वहरूको यो पेशा लोपोन्मुख हुँदै जानेछ भनि अनुमान गर्न सक्दछौँ । यस्ता समस्याका कारणले नै गन्धर्वहरू आफ्नो र परिवारको जीविकाका लागि नयाँ रणनीतिको खोजी गर्न बाद्य बनेका देखिन्छन् । यदि यसो नगरे उनीहरूको जीविका संकटमा पर्दछ । जीविकाको उपार्जन जीविकाको रणनीतिबाट प्राप्त गर्ने प्रतिफल हो, जुन आम्दानी वृद्धि गर्न, खाद्य सुरक्षा गर्न, चुनौतिहरूसँग सामना गर्नर जीविकाकालाई दिगो बनाइराख्नका लागि महत्त्वपूर्ण हुन्छन् । यहाँ जीविकाको उपार्जन भन्नाले गन्धर्वहरूले आफ्नो परम्परागत पेशाका साथै अन्य जीविकाको विविधीकरणका उपायहरूबाट प्राप्त गरेको प्रतिफल हो । अध्ययनका क्रममा पाईए अनुसार यस्ता जिवीकाका नयाँ रणनीती वा उपयबाट प्राप्त गर्ने उपार्जन/प्रतिफलहरू कुनै पनि परिवारसँग बराबर रुपमा मिल्दैनन्, बरु जुन घरधुरीका सदस्य संयुक्त रुपमा मिलेर जीविकाको विविधकरण वा आम्दानीको विविधीकरण गरेका छन् । ती घरधुरीहरूको प्रतिफलको दर अरुको भन्दा तुलनात्मक रुपमा हेर्दा बढी देखिन्छ । हरेक घरधुरीको पहिलो आवश्यकता गास, बास, र कपास हो । यसको परिपूर्तिको अभावमा कतिपय घरधुरीका गन्धर्वका छोराछोरीहरू स्कुल छोडेर वा विदाको दिनमा ज्यालादारी काममा गएको देखिन्छ । त्यस्तै अधिकांश गन्धर्व घरधुरीहरूको धेरैजसो खर्चका स्रोत भनेको खाद्यान्न खरीद, स्वास्थ्य र मनोरन्जनका सामान, मोवाईल, टि.भी, मदिरा तथा धुम्रपान सेवन आदि रहेको पाईयो । यस्ता खर्चका बावजुद पनि गन्धर्वहरू जीविकाका नयाँ रणनीतिको अवलम्वनले नै बर्तमानमा जीविकोपार्जन गर्न सकेको पाईयो ।

## ६.५ जीविकाको विविधीकरण/आम्दानीका स्रोतहरूको विविधीरण


टकोली, (२००३) का अनुसार, जीविकाको रणनीतिको एकदमै महत्वपूर्ण तत्व भनेको आम्दानीको विविधीरकण गर्नु हो अथवा आम्दानीका स्रोतहरूको विधिकरण गर्नु हो । आफ्नो र परिवारको अस्तित्वको निरन्तरताको लागि व्यक्ति वा घरधुरीले आफ्नो वा घरधुरीको जीविकाको चुनौतिलाई कम गर्दै बाँच्नका लागि साध्यको प्राप्ती गर्नुतर्फ लाग्नु नै

जीविकाको विविधीकरण हो (मनांकतला र दिक्षित,२००५) । एलिस (१९९८) का अनुसार ग्रामीण घरधुरीहरू प्राय जीवन निर्वाहको आवश्यकता पूरा गर्न थुप्रै जीविकाका कियाकलापहरूको संयुक्त प्रयोगलाई अंगाल्ने गर्दछन्, जसमा विशेषत कृषिजन्य उत्पादन, ज्याला मजदुरी र वन्य उपजहरूको संकलन कार्य पर्दछन् (नउरोट्कि, हन्टर र डिक्कीन्सन्, २०१२) । ग्रामीण घरधुरीहरू भित्र जीविकाको लागि कुनै एक व्यक्तिको कार्य मात्र पर्याप्त नहुन सक्दछ तसर्थ धेरैजसो घरधुरी भित्रका सदस्यहरू भिन्न-भिन्न कार्यमा संलग्न रहन्छन् । त्यसो त समाजशास्त्री इमाइल दुर्खिम (१८९३) ले पनि परम्परागत समाज र आधुनिक समाज बिचको अन्तर श्रमविभाजनको विशिष्टीकरणमा आधारित हुने कुरा स्विकार गरेका छन् अर्थात् उनले आधुनिक समाजलाई परम्परागत समाजभन्दा धेरै र विशिष्ट श्रम विभाजनमा आधारित समाज भनि चिनाएका छन् (ओभ्ना र देवकोटा, २०६८) । यस अध्ययनका क्रममा ले.न.पा का गन्धर्व घरधुरीहरू भित्र सदस्यले गरेको आम्दानीको विविधीकरणलाई जीविकाको विविधीरकणका रुपमा लिइएको छ । जुन हरेक घरधुरीका लागि जीविकाको नयाँ रणनीती बनेको पाईन्छ । जसको विवरण यसप्रकार रहेको छ ।

तालिका ६.७ मा अध्ययन क्षेत्र ले.न.पा. का जम्मा ४३ वटा घरधुरीमा हरेक घरधुरी भित्रका सदस्य जो प्रत्यक्ष आयआर्जनका कार्यमा संलग्न छन् वा जो घरधुरीको जीविकाको लागि आम्दानीका स्रोतहरूको विविधीकरणमा संलग्न छन् उनीहरूको समग्र विवरण प्रस्तुत गरिएको छ । तालिकामा गन्धर्व समुदायका समग्र ४३ घरधुरीका जम्मा २१४ जना गन्धर्वहरू मध्ये केवल ८२ जना जसमा महिला ३१ र पुरुष ५१ जना गन्धर्वहरू घरधुरीका लागि आम्दानीको विविधीकरणमा संलग्न रहेको देखिन्छ । जसमा स्थानगत आधारमा वेगनास, रिट्ठेपानी, गगनगौँडा र बडहरेमा क्रमशः महिला र पुरुष १ र ३, ७ र ८, १४ र १५, ९ र २५ जना संलग्न रहेका पाइन्छ । तालिकामा पुरुषहरू सबैभन्दा बढी परम्परागत पेशामा र वैदेशिक रोजगारमा क्रमशः १४ र १३ जना रहेको देखिन्छ भने महिलाहरू सबैभन्दा बढी १६ जना कृषि मजदुरीमा संलग्न रहेको पाइन्छ, निर्माण मजदुरको रुपमा भने महिला र पुरुषको संलग्नता बराबर अर्थात ९-९ जना रहेको पाइन्छ । भने परम्परागत पेशाका रुपमा १ जना महिला जो बडहरेकी छन् उनले अझ पनि दिनहुँ रुपमा माछा मार्ने काम गरेको देखिन्छ । त्यस्तै गरी स्वेदेशी रोजगार, वैदेशिक रोजगार, र अन्य पेशामा महिला र पुरुष क्रमशः २ र १०, ३ र १३, ० र ४ जना रहेको देखिन्छ । अन्य पेशा अन्तर्गत यातायत मजदुरको रुपमा १ जना ड्राइभर, पेन्सन प्राप्त व्यक्ति १ रहेको अध्ययनका क्रममा देखिन्छ । त्यस्तै कृषि मजदुरी अन्तर्गत रिट्ठेपानीका जम्मा १ जना पुरुष मात्र नियमित रुपमा कृषि व्यापारमा लागेको पाइन्छ । परिवार सङ्ख्याका आधारमा अधिकतम एउटै घरधुरीबाट जम्मा ४ जना र न्यूनतम जम्मा १ जना सम्मले घरधुरी भित्रको जीविकाको लागि आम्दानीको विविधीकरणमा सहयोग पुऱ्याएको अध्ययनका क्रममा देखिन्छ ।

## ६.६ वर्तमानको जीविकाको रणनीतिबाट सन्तुष्ट र असन्तुष्ट घरधुरीहरू

यस अध्ययनका क्रममा ले.न.पा.का गन्धर्व घरधुरीहरू वर्तमानमा जे जस्तो जीविकाको रणनीति र विविधीकरणमा संलग्न रहेतापनि के उनीहरू त्यस रणनीति वा आम्दानीका विविधीकरणका उपायबाट सन्तुष्ट छन् वा छैनन ? भनी प्रश्न गरिएको थियो । जसको अध्ययन क्षेत्रबाट प्राप्त उत्तरहरूको विवरण यस प्रकार रहेको छ ।




चित्र ६.४. वर्तमानको जीविकाको रणनीतिबाट सन्तुष्ट र असन्तुष्ट घरधुरीहरू

चित्र ६.४ मा वर्तमानका समग्र आम्दानीका कार्यहरूबाट हुने आम्दानीको अवस्था वा वर्तमानका जीविकाको रणनीतिका उपायबाट सन्तुष्ट र असन्तुष्ट घरधुरीलाई प्रतिशतका आधारमा देखाइएको छ। जसमा अध्ययन क्षेत्रका जम्मा ४३ वटा गन्धर्व घरधुरीमा वर्तमानका घरधुरी भित्रका समग्र जीविकाको उपायबाट सन्तुष्ट रहेको बताउने घरधुरी जम्मा २५.५८ प्रतिशत अर्थात् ११ घरधुरी र असन्तुष्ट ७४.४२ प्रतिशत अर्थात ३२ घरधुरी रहेका छन्। यसरी अध्ययन क्षेत्रका परिवारका घरधुरीहरूले वर्तमानमा जे जसरी जीविका चलाए तापनि उनीहरू वर्तमानको जीविकाको रणनीतिबाट भने असन्तुष्ट रहेको बताउने धेरै रहेको देखिन्छ।

तालिका ६.७

## घरधुरीका आधारमा जीविकाको रणनीतिको विविधीकरण/आम्दानीको विविधीकरण

| स्थान र वडा नं. | घरधुरी नं. | परम्परागत गायन, सारङ्गी निर्माण र विक्री तथा माछा मार्ने | | स्वदेशी रोजगारी (स्वदेशमै कुनै नियमित जागिर खाने) | | बैदेशिक रोजगार | | कृषि ज्यालादारी | | निर्माण (भवन तथा फर्निचर) मजदुर | | अ (पेन्सन हात हेरा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| बेग-नास- १० | १ | - | १ | - | - | - | १ | १ | - | - | - | - |
| | २ | - | १ | - | - | - | - | - | - | - | - | - |
| रिठ्ठेपानी - २ | ३ | - | - | - | - | - | - | १ | १कृ.व्या | - | - | - |
| | ४ | - | - | - | - | - | - | १ | - | - | - | - |
| | ५ | - | - | - | - | - | - | १ | - | - | १ | - |
| | ६ | - | - | - | - | - | - | १ | - | - | १ | - |
| | ७ | - | - | - | १ | - | - | - | - | - | - | - |
| | ८ | - | - | १ | - | - | १ | - | - | - | - | - |
| | ९ | - | - | - | - | - | २ | २ | - | - | - | - |
| गगनगौंडा | १० | - | - | - | १ | - | - | - | - | - | - | - |
| | ११ | - | १ | - | - | - | - | - | - | - | - | - |
| | १२ | - | १ | - | - | - | - | - | - | - | - | - |
| | १३ | - | - | - | - | - | १ | - | - | १ | - | - |
| | १४ | - | १ | - | - | - | - | - | - | १ | - | - |
| | १५ | - | १ | - | - | - | - | १ | - | - | - | - |
| | १६ | - | - | - | - | - | - | - | - | १ | - | - |
| | १७ | - | - | १ | - | - | १ | - | - | - | - | - |
| | १८ | - | - | - | १ | - | - | - | - | २ | १ | - |
| | १९ | - | १ | - | - | ३ | - | - | - | - | - | - |
| | २० | - | १ | - | - | - | - | - | - | १ | - | - |
| स्थान र वडा नं. | घरधुरी नं. | परम्परागत गायन, सारङ्गी निर्माण र विक्री तथा माछा मार्ने | | स्वदेशी रोजगारी (स्वदेशमै कुनै नियमित जागिर खाने) | | बैदेशिक रोजगार | | कृषि ज्यालादारी र कृषि व्यापार | | निर्माण (भवन तथा फर्निचर) मजदुर | | अ (पेन्सन हात हेरा |

| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गगनगौंडा -१३ | २१ | - | १ | - | - | - | - | १ | - | - | - | - |
| | २२ | - | १ | - | - | - | - | - | - | २ | - | - |
| | २३ | - | - | - | - | - | - | १ | - | - | - | - |
| | २४ | - | - | - | १ | - | १ | - | - | - | - | - |
| | २५ | - | १ | - | - | - | - | - | - | १ | - | - |
| ब | २६ | - | - | - | - | - | २ | १ | - | - | - | - |
| | २७ | - | - | - | - | - | - | - | - | - | १ | - |
| | २८ | - | - | - | २ | - | - | - | - | - | - | - |
| | २९ | - | - | - | - | - | १ | १ | - | - | - | - |
| ड | ३० | - | - | - | - | - | १ | १ | - | - | - | - |
| | ३१ | १ माछा मार्ने | - | - | - | - | १ | - | - | - | - | - |
| | ३२ | - | - | - | १ | - | - | - | - | - | - | - |
| ह | ३३ | - | १ | - | - | - | - | - | - | - | १ | - |
| | ३४ | - | - | - | १ | - | - | - | - | - | - | - |
| | ३५ | - | - | - | १ | - | - | - | - | - | - | - |
| | ३६ | - | १ | - | - | - | - | - | - | - | १ | - |
| रे -७ | जम्मा घरधुरी संख्या | परम्परागत गायन, सारङ्गी निर्माण र विक्री तथा माछा मार्ने | | स्वदेशी रोजगारी (स्वदेशमै कुनै नियमीत जागिर खाने) | | बैदेशीक रोजगार | | कृषि ज्यालादारी र कृषि व्यापार | | निर्माण (भवन तथा फर्निचर) मजदुर | | अ (पेन्सन हात हेरा |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरष | महिला |
| | ३७ | - | १ | - | - | - | - | - | - | - | - | - |
| | ३८ | - | - | - | १ | - | - | १ | - | - | - | - |
| | ३९ | - | - | - | - | - | - | - | - | - | १ | - |
| | ४० | - | - | - | - | - | - | १ | - | - | १ | - |
| | ४१ | - | - | - | - | - | - | - | - | - | - | - |
| | ४२ | - | - | - | - | - | १ | - | - | - | - | - |
| | ४३ | - | - | - | - | - | - | १ | - | - | १ | - |
| जम्मा | ४३ | १ | १४ | २ | १० | ३ | १३ | १६ | १ | ९ | ९ | - |

स्रोत : स्थलगत अध्ययन, २०७०

# अध्याय - सात

## सारांश, निष्कर्ष र सुझावहरू

### ७.१ सारांश

यस अध्ययन नेपालको अर्धग्रामीण क्षेत्र ले.न.पा.का ४ वटा वडाहरू २, ७, १० र १३ जहाँ गन्धर्वहरूको वसोबास रहेको छ । उनीहरू समग्रलाई समेट्ने गरी गरिएको गन्धर्वहरूको जीविकाको रणनीतिको अध्ययनमा आधारित रहेको छ । विशेषतः गन्धर्वहरू नेपालका पेशागत गायन समूहका रुपमा चिनिन्छन्, जसको परम्परागत कार्य भनेको सारङ्गी तथा अर्वाजो निर्माण गर्ने र त्यसको सहायताले अरुको घरदैलोमा गई केहि चिजको अपेक्षाका साथ गीत गाउने र त्यसैले जीविका निर्वाह गर्ने हो । विशेषत गन्धर्वहरूलाई नेपालको जातीय संरचनाका आधारमा दलित जातीको रुपमा चिनिन्छ, जसलाई दलित आयोग सन् २००२ ले पहाडी दलित जाति अन्तर्गत राखेको छ । मुख्यतः गन्धर्वहरूको परम्परागत पेशाको अवस्था कस्तो छ ? गन्धर्व जाति बढ्दो सामाजिक परिवर्तनसँगै जीविकाका लागि के कस्ता रणनीति वा विकल्पमा आवद्ध छन? एउटा घरधुरी भित्र घरधुरीका सदस्यहरूले जीविकाको रणनीतिलाई कसरी विविधीकरण गरेका छन् ? वर्तमानको समग्र आम्दानीका उपाय वा जीविकाको रणनीतिबाट घरधुरीहरू सन्तुष्ट छन् वा छैनन् ? भन्ने जस्ता समस्यामा केन्दित्र रहेर गरिएको यस अध्ययनमा उनीहरूको परम्परागत पेशाको अवस्था कस्तो छ र उनीहरूले वर्तमानको जीविकाको रणनीतिलाई कसरी संचालन गरका छन् पत्ता लगाउने भन्ने उद्देश्य राखिएको छ ।

यस अध्ययनलाई डिपार्टमेण्ट फर इन्टरनेसनल डेभ्लपमेण्ट, (१९९९ सेक्सन-२) ले तयार पारेको जीविकाको रणनीतिको बिश्लेषको **SRL** अर्थात् सस्टेनेभल रुरल लिभ्लीहुड को सैद्धान्तिक विश्लेषणको ढाँचाका आधारमा व्याख्या गरिएको छ । जसलाई घरधुरीको जीविकाको लागि महत्त्वपूर्ण मानिने ५ वटा पुँजीहरू (मानव पुँजी, प्राकृतिक पुँजी, भौतिक पुँजी, वित्तिय पूँजी र सामाजिक पूँजी) सँग सम्बन्धित विभिन्न पक्षमा आधारित रहेर

विश्लेषण गरिएको छ, जसलाई डी.एफ.आई.डी. ले परिचित गराएको हो अध्ययनको उद्देश्य प्राप्तीका लागि गुणात्मक र परिमाणात्मक दुवै खालका तथ्याङ्कको प्रयोग गरिएको यस अध्ययनमा विवरणात्मक र अन्वेषणात्मक खालको अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । सेन्सस विधि अन्तर्गत ले.न.पा.का सम्पूर्ण गन्धर्व घरधुरीलाई समेट्ने गरी जम्मा ४३ वटा घरधुरीमा घरधुरी सर्वेक्षण गरिएको छ भने यस अध्ययनमा प्राथमिक सूचनाका लागि स्थलगत अध्ययन-अवलोकन, अर्न्तवार्ता अनुसुचि र मुख्य सूचनादासँगको अर्न्तवार्ता विधि का साथै द्वितिय सूचनाका लागि विभिन्न पुस्तक, लेख, रचना, शोधपत्र, पत्रपत्रिका, वुलेटिन, जनगणना तथा नगरपालिको तथ्याङ्क तथा विद्युतिय सामग्रीहरूको रुपमा इन्टरनेटमा उपलव्ध विभिन्न सन्दर्भ सामग्रीहरूको पनि प्रयोग गरिएको छ ।

मूलतः लेखनाथ नगरपालिकाका गन्धर्वहरूको वर्तमानको जीविकाको रणनीतिको अध्ययनका लागि उल्लेखित पाँचवटा पुँजीसँग सम्बन्धित विभिन्न पक्षलाई अध्ययनको विषयवस्तुसँग सम्बन्धित चरहरूको रुपमा लिई गरिएको यस अध्ययनमा यसका अलवा ती गन्धर्व घरधुरीहरू भित्र उनीहरूले जीविकाको विविधीकरण कसरी गरेका छन् साथै यसबाट उनीहरू सन्तुष्ट छन् वा छैनन् भन्ने विषयलाई पनि समेटिएको छ । जहाँ परिवर्तित वातावरणसँगै उनीहरू आफ्नो र परिवारको जीविकाको निर्वाहका लागि परम्परागत गायन पेशाबाट क्रमशः ज्यालादारी काम, स्वेदेशी तथा वैदेशिक रोजगारी आदि तर्फ आकर्षित भएको पाइन्छ । यस अध्ययनका क्रममा परम्परागत रुपमा एउटा मुख्य पेशा गायनबाट नै जीविका निर्वाह गर्ने गाइने जाति वर्तमानका आफ्नो तथा घरधुरीको जीविकाको लागि घरधुरीका सबै सदस्यहरू मिलेर आम्दानीका स्रोतहरूको विविधीकरण गरेको देखिन्छ । समग्रमा यस अध्ययनका मुख्य प्राप्तिहरू निम्न रहेका छन् ।

मुख्य प्राप्तिहरू

- यस अध्ययनका क्रममा प्राप्त लेखनाथ नगरपालिका गन्धर्व घरधुरीहरूको सङ्ख्या जम्मा ४३ रहेको पाइयो । जसमा वडा नं. २, ७, १० र १३ मा क्रमशः ७, २१, २ र १३ घरधुरीमा रहेको पाइयो ।

- समग्र अध्ययन क्षेत्रमा जम्मा २१४ जना गन्धर्वहरूको वसोवास रहेको पाइयो । जसमध्ये ले.न.पा.को वडा नं. २, ७, १० र १३ मा क्रमशः: ३६, १०२, ११ र ६५ जना गन्धर्वहरूको बसोबास रहेको देखिन्छ ।
- जम्मा २१४ जना गन्धर्वहरू मध्ये महिला ११३ जना (५२.८०%) र पुरुष १०१ जना (४७.२०%) रहेको पाइन्छ ।
- लिङ्गका आधारमा घरधुरी प्रमुखका रुपमा जम्मा ४३ घरधुरीमा पुरुष ३२ जना (७४.४२%) र महिला ११ जना (२५.५८%) घरधुरी प्रमुख रहेको देखिन्छ ।
- धर्मका आधारमा सत प्रतिशत गन्धर्वहरू हिन्दु धर्मावलम्वी रहेको देखिन्छ ।
- शिक्षाका आधारमा गन्धर्व उत्तरदाताहरू मध्ये निरक्षर ३२%, साक्षर २०.९५%, प्रा.वि.तहको अध्ययन गर्ने २५.३८%, नि.मा.वि तहको र मा.वि. तहको अध्ययन गर्ने क्रमशः ९.३०% र ६.९७% र उच्च मा.वि. तहको अध्ययन गर्ने जम्मा ४.६५% रहेको देखिन्छ ।
- उमेर समूहका रुपमा ले.न.पा.का सम्पूर्ण गन्धर्वहरू जम्मा २१४ जना मध्ये ०-५ वर्ष सम्मका जम्मा १६ जना (७.४७%), ६-१४ वर्ष सम्मका जम्मा ४४ जना (२०.५६%), १५-४५ वर्ष सम्मका जम्मा १२० जना (५६.०४%), ४६-५९वर्ष सम्मका जम्मा २१ जना (९.८०%) र ६० वर्ष माथिका जम्मा १३ जना (६.०७%) रहेको पाइन्छ ।
- जसमा विशेषगरी उत्पादनका हिसाबले सक्रिय मानिने उमेर समूह १५-५९ वर्ष सम्ममा जम्मा १४१ जना (६५.८४%) गन्धर्वहरू रहेको देखिन्छ ।
- अध्ययन क्षेत्रका गन्धर्व घरधुरीहरूमा एकल परिवार हुने जम्मा २७ घरधुरी (६२.७९%) र संयुक्त परिवार हुने जम्मा १६ घरधुरी अर्थात ३७.२०% रहेको देखिन्छ ।
- बैवाहिक स्थितिका आधारमा अविवाहित जम्मा ११० जना अर्थात ५१.४०% (जसमा महिला ५७ जना र पुरुष ५३ जना) त्यस्तै विवाहित जोडीहरू ८८ जना (महिला र पुरुष ४४-४४ जना) अर्थात् ४१.१२% र एकलमा जम्मा १६ जना अर्थात् ७.४८% (जसमध्ये १२ महिला र ४ पुरुष) रहेको देखिन्छ ।

- विवाहित जोडीहरू (जम्मा ८८ जना) विचमा विवाहको औषत उमेरका आधारमा ११-१५ वर्ष भित्र विवाह हुने जम्मा १० जना (११.३६%) (जसमध्ये ६ जना महिला र ४ जना पुरुष), १६-२० वर्ष भित्र विवाह हुने जम्मा ४४ जना अर्थात् ५०% ( जसमध्ये २८ जना महिला र १६ जना पुरुष), २१-२५ वर्षमा विवाह हुनेमा जम्मा ३० जना (३४.१०%) (जसमध्ये १० जना महिला र २० जना पुरुष) र २६ वर्ष भन्दा माथिको उमेरमा विवाह हुनेमा जम्मा ४ जना अर्थात ४.५५% पुरुषले मात्र विवाह गरेको पाइन्छ ।
- विवाहित जोडीहरूमा विवाहको उमेर भिन्नताका आधारमा ०-५ वर्षको फरक हुनेमा जम्मा ७५% अर्थात् ३३ जोडी रहेको पाइयो भने ६-१० वर्ष र ११-१५ वर्षको फरक हुनेमा क्रमशः १३.६४% अर्थात् ६ जोडी र ६.८१% अर्थात् ३ वटा जोडी रहेको पाइयो । त्यस्तै १६ वर्षभन्दा धेरैको फरक हुनेमा जम्मा ४.५५% अर्थात् २ वटाको जोडी रहेको देखिन्छ ।
- गन्धर्व समुदायमा जम्मा २० जना पुर्नविवाह गर्नेहरू मध्ये पुरुष ९०% अर्थात् १८ जना र महिला १० % अर्थात २ जना रहेको देखिन्छ ।
- जसमध्ये पुर्नविवाहको कारण पहिलेकी श्रीमतीले अर्को विवाह गरेको कारण बताउने जम्मा ४५% (९ जना) पुरुष, त्यस्तै पहिलेकी श्रीमती मरेपछि विवाह गनेमा जम्मा १५% (३ जना) पुरुष मात्र र अन्य कारण बताउने जम्मा ४०% मध्येमा पुरुष ६ जना र महिला २ जना रहेका देखिन्छन् ।

जीविकाको रणनीतिको विश्लेषणका लागि डी.एफ.आई.डी.ले पहिचान गरेका विभिन्न ५ वटा पुँजीसँग सम्बन्धित पक्षहरूको विश्लेषणका आधारमा प्राप्त विवरण :

- शिक्षाका आधारमा गन्धर्व उत्तरदाताहरू मध्ये निरक्षर जम्मा १४ जना (३२.५९%), साक्षर ९ जना (२०.९५%), प्रा.वि.तहको अध्ययन गर्ने जम्मा ११ जना (२५.३८%), नि.मा.वि तहको र मा.वि. तहको अध्ययन गर्ने क्रमशः ४ जना (९.३०%), र ३ जना (६.९७%) र उच्च मा.वि. तहको अध्ययन गर्ने जम्मा २ जना (४.६५%) रहेको देखिन्छ ।

- गन्धर्व समुदायमा विभिन्न ज्यालादारी काममा संलग्न जम्मा ८२ जना गन्धर्वहरू मध्ये पुरुष ६२.२०% (५१ जना) र महिला ३७.८०% (३१ जना) रहेको पाइन्छ ।
- त्यस्तै त्यसमध्ये पनि परम्परागत पेशामा संलग्न गन्धर्वहरू जम्मा १५ जना ( १८.२९%) रहेको पाइन्छ ।
- वैदेशीक रोजगारमा जाने जम्मा १७ जना मध्येमा १४ जना (८२.३५%) पुरुष र ३ जना (१७.६५%) महिला रहेका छन् ।
- अध्ययनका क्रममा आफ्नो भएको जग्गाले वर्षभरी खान पुग्ने कुनै पनि घरधुरीहरू भेटिएन ।
- जहाँ जग्गाको स्वामित्वका आधारमा २ रोपनीभन्दा न्यून हुने जम्मा ६९.७७% अर्थात ३० वटा घरधुरीहरू रहेका छन् भने २-४ रोपनी सम्म र ४ रोपनीभन्दा माथिको स्वामित्व हुने घरधुरीहरू क्रमशः १८.६०% अर्थात ८ घरधुरी र ११.६३% अर्थात ५ घरधुरी रहेको देखिन्छ ।
- जीविकाका लागि बनसम्पदामा दाउराका लागि मात्र आश्रीत जम्मा ५८.१४% अर्थात् जम्मा २५ घरधुरीहरू र घाँस र दाउरा दुवैका लागि आश्रीत जम्मा ३२.५६% अर्थात् १४ वटा घरधुरीहरू रहेको पाइयो भने घाँसको लागि मात्र बनसम्पदामा आश्रित घरधुरी कुनै पनि नरहेको पाइयो त्यस्तै कुनै पनि रुपले बनसम्पदामा आश्रित नहुने जम्मा ९.३०% अर्थात् ४ वटा घरधुरीहरू रहेको पाइयो ।
- जलस्रोतका रुपमा अधिंकाश गन्धर्वहरू पिउने पानीका लागि वर्षात्को समयमा मुलको पानिमा निर्भर रहेने र हिउँदमा सार्वजनिक धाराहरूमा पानी लिन जाने गरेको पाइयो । भने रिठ्ठेपानीका ४ घरधुरीमा सरकारी खानेपानीको लाईन जोडेको पाइयो ।
- त्यस्तै वर्तमानमा जीविकाका लागि जलस्रोतमा आधारित पेशा अपनाउने जम्मा ५ जना गन्धर्वहरू (जो माछा मार्ने गर्दछन्) मध्ये ८०% पुरुष र २०% महिला रहेको पाइयो ।
- घरको निर्माणको ढाँचाका आधारमा पक्की घर हुने २.३४% अर्थात् १ घरधुरी खर तथा टिनले छाएको र ढुंगा वा व्लकको पर्खाल भएका घरधुरीहरू जम्मा ९३.०२% (

४० वटा) र स्याउलाले बारेको घरहरूको रुपमा जम्मा ४.६५% (२ वटा) घरहरू रहेको देखिन्छ ।

- वर्तमानमा पढ्दै गरेका जम्मा ७५ जना विद्यार्थीहरू मध्ये जम्मा ४३ जना छात्रा ( जस मध्ये २९ जना सरकारी शिक्षण संस्थामा र १४ जना निजी शिक्षण संस्थामा पढ्दै गरेका) र ३२ जना छात्रहरू (जसमध्ये सरकारी शिक्षण संस्थामा १८ र निजीमा १३ जना पढ्दै गरेका) रहेको पाइन्छ ।
- अध्ययन क्षेत्रमा घरेलु प्रयोजनका लागि पशु वा पन्छी वा दुवै पाल्ने घरधुरी ६९.७७% र केहि पनि नपाल्ने ३०.२३% रहेको देखिन्छ । जसमध्ये भैंसी, गाई, बाखा, बंगुर, कुखुरा, र हाँस पाल्ने घरधुरीहरू क्रमशः: ९, २, ५, १, १२, र १ रहेका छन् ।
- त्यस्तै आफ्नो विभिन्न आम्दानीबाट थोरैथोरै रुपमा मासिक रुपमा बचत हुने घरधुरी जम्मा २७.९०% अर्थात् १२ घरधुरी र बचत नहुने जम्मा ७२.०९% अर्थात ३१ घरधुरीहरू रहेको देखिन्छ ।
- सामाजिक पुँजी अन्तर्गत अध्ययनका क्रममा गन्धर्व र गन्धर्व जाति विच जातीय तथा भावनात्मक रुपमा एकता रहेको पाइयो ।
- त्यस्तै गन्धर्व र अन्य जाति विच विगतको तुलनामा जातीय आधारमा हुने विभाजन र भिन्नता वर्तमानका कम बन्दै गएको अध्ययनका क्रममा पाइयो ।
- र समग्रमा गन्धर्वहरूको परम्परागत पेशा र संस्कृति नयाँ पुस्ताले क्रमशः छोड्दै गएको पाइयो ।

## ७.२ निश्कर्ष

यस शोधकार्यको अध्ययनका क्रममा छनौट गरिएको अध्ययन क्षेत्र लेखनाथ नगरपालिकाका गन्धर्वहरूको अध्ययनबाट उनीहरूको परम्परागत जीविकाको रणनीति क्रमशः नयाँ रणनीति तर्फ परिवर्तन हुँदै गएको देखिन्छ । आफ्नो परम्परागत जीविकाका स्रोतहरू गायन, सारङ्गी निर्माण तथा विक्री, माग्ने पेशा तथा माछा मार्ने कार्यबाट क्रमशः उनीहरू ज्याला मजदुरी तथा रोजगार (समग्रमा ज्यालादारी श्रम) तर्फ आकर्षित हुँदै गएको देखिन्छ । अर्थात् विशेषतः गन्धर्वहरूको परम्परागत जीविकाको रणनीति क्रमशः: संक्रमणको अवस्थामा आईपुगेको देखिन्छ । शिक्षा, चेतनाको विकास, आधुनिक गीत सङ्गीतको प्रभाव, औद्योगीकीकरण, रोजगारीका नयाँ अवसरहरू बढ्नु, तथा आफ्नो पेशा प्रतिको उदासिनता (लाज मान्ने प्रवृति)ले गर्दा विशेष गरी नयाँ पुस्ताका गन्धर्वहरू होटल, रेष्टुराँ, फर्निचर तथा भवन निर्माण जस्ता क्षेत्रमा रोजगारीको लागि जाने गरेको पाइन्छ । परम्परागत जीविकाले वर्तमानको सामाजिक परिवेशमा बाँच्न धौ-धौ हुने हुनाले जीविकाका लागि हरेक घरधुरीले जीविकाको विविधीकरण अथवा आम्दानीका स्रोतहरूलाई वहुमुखी/विविधीकरण गरेको पाइन्छ । विशेषगरी परम्परागत पेशामा संलग्न मानिसहरू प्राय पुरानो पुस्ताका नै रहेको र नयाँ पुस्ताले सारङ्गी बजाउन नसिक्ने प्रवृति बढ्नाले यसलाई जातीय संस्कृतिका रुपमा भन्दा पनि पुर्खौली पेशाका रुपमा नयाँ पुस्ताले लिएको पाइन्छ । नयाँ पुस्ताको संस्कृति प्रतिको मोह घट्दै जानुले यो संस्कृति लोपोन्मुख हुँदै जानेछ भन्न सकिन्छ ।

महिला र पुरुषका हदमा विशेषगरी पुराना पुस्ताका केही पुरुषहरू गायन तथा सारङ्गी निर्माण कार्यमा लागेता पनि नयाँ पुस्ताका गन्धर्वहरू जीविकाका लागि निर्माणका क्षेत्र जस्तै डकर्मी, सिकर्मी काम, होटल तथा रेष्टुराँको काम तथा वैदेशिक रोजगारीमा लागेको देखिन्छ भने महिलाहरू प्राय घरको काम नै गर्ने र मौका मिलेमा छिमेकमा कृषि

मजदुरी/मेलापातमा जाने र त्यो पनि अवसर नपाएमा निर्माण क्षेत्रको ज्यामी काममा लाग्ने गरेको देखिन्छ ।

बढ्दो सामाजिक परिवर्तन तथा शहरीकरणले गन्धर्वहरूलाई नयाँ जीविकाको परिवर्तनको बाटोको संक्रमणमा ल्याएतापनि यसले उनीहरूलाई एकातर्फ रोजगारी र जीविकाको लागि अवसर मात्र प्रदान गरेको छैन कि अर्को तर्फ चुनौति पनि खडा गरेको छ । यसरी नै परम्परागत संस्कृति र पेशालाई गन्धर्वहरूले क्रमशः छाड्दै जाने हो भने भावीका दिनमा यो संस्कृती क्रमशः भूतकालका रुपमा चिनिने पक्का छ ।

यद्यपी जीविकाका लागि गन्धर्वहरूले अपनाएका यस्ता रणनीतिले उनीहरूलाई जीविकोपार्जनका लागि निर्वाह मात्र गराउन मद्धत गरेको र भावीका दिनमा आउने भइपरी कामका लागि बचत नहुने धेरैजसो घरधुरीहरू रहेको पाइन्छ, त्यस्तै वर्तमानमा संलग्न जीविकाका रणनीतिबाट अधिकांश घरधुरीहरू असन्तुष्ट रहेको पाइन्छ, तसर्थ यो नयाँ जीविकाको रणनीतिको अवलम्वन गन्धर्व समुदायका लागि सन्तुष्टि दिने खालको छ भन्न भने सकिँदैन ।

समग्रमा डी.एफ.आई.डी. (१९९९, सेक्सन २) को जीविकाको रणनीति विश्लेषणको **SRL Framework** मा आधारीत रहेर गरिएको यस अध्ययनमा गन्धर्वहरूको घरधुरीहरूको जीविकाको लागि चाहिने सम्पत्ति (**assets**) सँग सम्बन्धित पुँजीहरूको पहुँच र स्वामित्व खासै राम्रो पाइएन । जस्तै मानव पुँजी अन्तर्गत उच्च शिक्षा लिने जम्मा २ जना मात्र हुनु अझ पनि निरक्षर ३२% अर्थात् १४ जना रहनु, श्रम अन्तर्गत पनि जोखिमपूर्ण निर्माण मजदुरी गर्ने अधिकांश रहनु, उच्च ओहोदा र सरकारी तथा उच्च आम्दानी हुने पेशामा कोहि पनि संलग्न नहुनु, वैदेशिक रोजगार अन्तर्गत धेरैजसो भारत तथा खाडी मुलुकका राष्ट्रमा कार्य गर्न जाने जहाँको ज्याला अधिकांशको न्यून रहेको पाइनु, प्राकृतिक पुँजीमा भूमि, बन तथा जल स्रोतहरूको उपलव्धता र पहुँच पनि न्यून रहनु, आम्दानी तथा बचतका हिसावले पनि कमजोर रहनु, भौतिक पुँजीमा शिक्षा, आवास तथा रोजगारीका हिसाबले पनि सुरक्षित नरहेको पाइनु, वित्तिय पुँजीमा बचतको स्थीति देखा नपर्नु आदि जस्ता कारणले उनीहरूको जीविकाका लागि पुँजीहरूमा राम्रो पहुँच र स्वामित्व नरहेको बताउन सकिन्छ । यद्यपी विगतको तुलनामा र वर्तमानको अवस्थामा उनीहरूको अन्य

**जातिसँगको सम्वन्ध र सार्वजनीक स्थलहरूको पहुँच आदिले गर्दा सामाजिक पुँजीमा उनीहरूको पहुँच बढेको भने देख्न सकिन्छ ।**

## ७.३ सुझावहरू

**गन्धर्व जाति गरिब, पिछडिएको तथा सामाजिक हिसावले जातीय स्तरीकरणमा तल्लो श्रेणी अन्तर्गत पर्ने जाति हो । परम्परादेखि नै जीविकाका लागि अरुको घरदैलोमा सारङ्गी तथा अर्वाजो बजाई गाउने, नाच्ने र माग्ने साथै माछा मार्ने कार्य गर्ने गरेको यस जातिको सारङ्गी उनीहरूको पेशा मात्र नभई आफ्नो संस्कृति र पहिचान पनि हो । यस प्राज्ञिक शोधकार्यको अध्ययनका क्रममा गन्धर्वहरू आफ्नो पुरानो संस्कृति र जीविकाको रणनीतिलाई वर्तमानमा अवलम्वन गर्ने कमै मात्रामा पाइयो । नयाँ पुस्तामा सारङ्गी बजाउने कार्यलाई लाज लाग्ने कार्यको रुपमा पनि लिएको देखिन्छ । साथै गरिवी, अन्धविश्वास, अशिक्षा, अनमेल विवाह, वेरोजगारीको समस्या आदि जस्ता समस्या समग्रमा गन्धर्वहरूको साझा समस्या बनेका पाइन्छ । जसको निराकरणका लागि निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।**

- समग्रमा गन्धर्वहरूको संस्कृति वर्तमानमा संक्रमणको अवस्थामा रहेको पाइन्छ । यस्तो संक्रमणको क्रममा कतिपय पुरानो मौलिक संस्कृति लोप हुने हुँदा उनीहरूको संस्कृतिको जगेर्नाका लागि नयाँ पुस्तालाई पनि सारङ्गी बजाउन सिकाउने वातावरण घरपरिवार स्तरमा र सामुहिक रुपमा सम्बन्धित संस्था र निकायले लाग्नुपर्ने देखिन्छ । गाइने संस्कृति गन्धर्वको मात्र नभई समग्र नेपाली लोक-साँस्कृतिक सम्पदा पनि हो, तसर्थ यसको जगेर्नाका लागि उचित कदम चाल्नुपर्ने देखिन्छ ।
- त्यस्तै पुरानो पुस्तामा निरक्षरताको दर व्यापक रहेको हुनाले अन्धविश्वास, रुढिवादी, अनमेल विवाह, आदिका उदाहरण प्रसस्त रहेको देख्न सकिन्छ । जसका लागि प्रौढ शिक्षा, विभिन्न नाटक, टेलिचलचित्र आदिको निर्माण र प्रसारण गरी समुदायमा व्याप्त यस्ता समस्यालाई निवारण गर्न जनचेतना फैलाउने जस्ता कार्य गर्नु आवश्यक देखिन्छ ।
- त्यस्तै गन्धर्वहरूलाई स्वावलम्वी बन्न र निरन्तर आम्दानीमुलक कार्यमा सहभागी हुन उनीहरूका लागि विभिन्न तालिम, अवसर तथा त्यसमा पहुँच पुऱ्याई प्रतिफलबाट लाभान्वित बनाउनु पर्ने देखिन्छ । जसका लागि सम्बन्धित सबैले पहल गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची

## नेपाली सूची


खनाल, सुरेन्द्रविक्रम (२०६६), *गन्धर्वको सामाजिक आर्थिक अवस्थामा आएको परिवर्तन,* अप्रकाशित स्नातकोत्तर सोधपत्र, त्रिभुवन विश्व विद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

खत्री, इन्दिरा (२०६९), *माझि जातिको परम्परागत पेशाको परिवर्तनले सामाजिक, आर्थिक अवस्थामा पारेको प्रभाव,* अप्रकाशित स्नातकोत्तर सोधपत्र, त्रिभुवन विश्व विद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बराल, श्रीनाथ (२०६६), *परम्परागत पेशामा आएको परिवर्तनको प्रवृत्तिः कास्कीका गन्धर्व समुदायको एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर सोधपत्र, त्रिभुवन विश्व विद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

लामिछाने, विष्णुप्रसाद (२०६९), *लेखनाथका गन्धर्व जातिको परम्परागत पेशामा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित स्नातकोत्तर सोधपत्र, त्रिभुवन विश्व विद्यालय समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।


## अंङ्ग्रेजी सूची


Acharya, U. P.(2010). Livelihood strategy of Bote community: A case study of Bote community of Patihani VDC of Chitawan. *Dhaulagiri journal of Sociology and Anthropology*. Vol.4,2010. Pp 247-260. Retrieved Nov 25, 2013, from <http://www.nepjol.info/index.php/DSAJ/article/download/4524/3772>

Adhikari, Bholanath. (2011). *Occupational Mobility and Alternation in the Indigenious Resource Management Practice of the Jalari Community of Pokhara Valley".* Unpublished master thesis in Department of Sociology/Anthropology, Prithvinarayan Campus, Pokhara, Nepal.

Aryal, Bhojendra.(2068). "Social Change and Development studies". Gyankung publication, Kritipur, kathmandu.

AHRC, (2011). *"Gandharva Dalit women and childern suffer form hard labour, food and health insecurity".* Retrieved, form <http://www.humanrights.asia/news/hunger-alerts/AHRC-HAC-007-2011>

Bernstein, Henry. (2002). Modernization Theory and the Sociological Study of Development. *International Journal of Development studies*. EBSCO publication. Retrived Nov 25, 2013 from <http://www.artsrn.ualberta.ca/courses/PoliticalScience/670A1/documents/HenryBerstein-ModernizationSociogyofDev.pdf>

Bhattarai, Prakash.(2012). Gandharva of Nepal. Retrived July17, 2013, form <http://www.gandharvaof Nepal.blogspot.com/2012/08/conclusion.html?m=1>

Cain and MacNicoll.(1988). Livelihoods, Diversification and Agararian Change.

Cameron, Mary M. (2005). *On the Edge of Auspicious–Gender and Caste in Nepal*. Mandala Publication, Kathmandu.

DFID.(1999). *Sustainable Livelihood Guidence Sheet*. Section:1, Department for international Development, London.

DFID.(1999). *Sustainable Livelihood Guidence Sheet*. Section:2, Department for international Development, London.

Dahal, Dilli R. (2003). Social Composition Of the Population: Caste Ethnicity and Religion in Nepal. *In Population Monograph of Nepal*. Kathmandu: Centeral Bureau of Statistics.

FAO, (2002). Code of Conduct for Resposible Fisheries Rome, Italy : Food and Agriculture Organization, Retrieved October 31, 2013, from <http://www.fao.org/fi/agreem/codecond/codcon.asp>

FAO and World Bank.(2001). "Farming system and poverty: improving Farmers Livelihoods in a changing world", available at Retrieved August 21, 2013, from <ftp://ftp.fao.org/docrep/fao/004/ac349e000.pdf>

Ferdoos, Amber.(2005). Social Status Of Rural And Urban Working Women In Pakisitan - A Comperative Study.

Floyd, J and Fowler, Jr.(2004). *What is interview Schedual.* Sage encyclopedia of Social Science Research Method. Retrieved November 1, 2013

<http:// Srmo.sagepub.com/view.key-concepts-in-social-research/n28.xml>

Ellis, Frank.(1998). Household Strategies and Rural livelihood Diversification, *Journal of development studeies*, Vol.35.No1.

Ellis, Frank.(1999). Rural Livelihood Deversity in Developing Countries: Evidence and Policy Implication, London Uk: Overseas Development institute. Retrieved July 10, 2013 from <*http://www.odi.org.uk/resource/download/2112.pdf*>

FAO, (2006). Rural Livelihood and Access to Forest Resouce in Mangolia. LSP Working Paper 32.

Gandharva, Rajkumar. (2008). Inclusion Of Gandharva In State Governance. *Submitted to: SIRF Secretariat, SNV Nepal, Bakhundole, Lalitpur.*

Gorkhapatra. 23 Jan,(2013). Gandharva's Occupation In Crisis. Retrieved July 17, 2013,from <*http://www.gorkhapatra.org.np/gopa.detail.php?article.id=62632&cat_id=8*>

Gupta, Dipankar.(1992). *Social Startification . 2nd enlarge edition, New Delhi: oxford University press.*

Hussein, K. and J. Nelson. (1998).Sustainable Livelihoods and Livelihood Diversification. IDS Working Paper 69.

IFAD, (1999). Factors that increase women's workloads. Retrieved April 7, 2013 from *<http://www.ifad.org/gender/learning/role/workload/24.html>*

Khatun, D. and C.B. Roy.(2013). Rural Livelihood Diversification in West Bengal: Determinants and constraints. *Agricultural Economics Research Review*, Vol.25. (No.1). Pp 115-124.

Lasimbang, J. (2008). indigenious People and Economic Development.

Louis, Dumont. Heirarchy, Status and Power: The Caste System and Its Implication. In Dipankar Gupta.(*1992). Social Startification*. 2nd enlarge edition, New Delhi. Oxford university press.

Lynn, Bennett (1983). *Dangerous Wives and Sacred Sisters.* Colombia university press publication.

Manaktala, S and Dixit, *P.(2005). Livelihood analysis in the Rayagada Block of the Gajapati District, Orissa.* Report Submitted to: International Development Enterprises (India), Delhi, India and Center for Community Development (ICCD).

Nawrotzki, R. J. Hunter, L. and M. W. Thomas. (2012). *Rural Livelihood and Access to Natural Capital : Difference between Migrants and Nonmigrants in Madagascar.* Demographic research.

Nepal, Ranjita (2012). *Remittance and Livelihood Strategies: A case study of Estern Nepal*. Kassel University Press.

Nobelius, Annemoore (2004). *What is the different between sex and gender.*

Parajuli, B. (2068). Indigenious Group of Pokhara, pokharacity.com. Retrieved April, 5, 2013, from <*http://www.pokharacity.com/blog/an-indigenious-group-of-pokhrara*>

Paudel, P and U.N. Baral. (2000). Political Participation In Kaski District: A study of Dalits Representation In Local Government. The University Grant Commission New Baneshwar, Kathmandu.

payne Goff and Judy J.(2004). *Key informants*. sage encyclopedia of social science research method. Retrieved October31, 2013, from <http://srmo.sagepub.com/view/key-concepts-in-social-research/n28.xml>

Piya, L., K.L. Maharjan and N.P.Joshi.(2011). Livelihood strategies of indigenious nationalities in Nepal: case of Chepang's*. Journal of International development and Cooperation.* Vol.17, No.2, Pp.99-113

Pokharel, Dipakraj and Nabaraj Dhakal, (2068). Social Startification and Differentation. New Hira Books Interprises, Kritipur, Kathmadu.

Sigdel, Bhanu (2011). *Census and Sampling Method*, Retrieved November1, 2013, from <http://bhanusigdel.wordpress.com/2011/11/17/census-and-sampling-method/>

Tulachan, Srijana. (2007). *Gender role in Livestoke Production and Mangement at the Household Level: A case of Jhyalung four, Chapagaun, VDC, Lalitpur*. Unpublished master thesis in Department of Sociology/ Anthropology, Prithvinarayan Campus, Pokhara, Nepal.

## परिशिष्ट : १

### यस शोधपत्र लेखनका लागि तथ्याङ्क संकलनका क्रममा घरधुरी सर्वेक्षणका लागि तयार पारिएको अन्तर्वार्ता अनुसूची

### क) सामान्य परिचय :

i. उत्तरदाताको नाम थर : ……………………………………………… ।

ii. ठेगाना :

iii. घरधुरी प्रमुख : महिला ☐ पुरुष ☐

iv. परिवारको प्रकार : एकल ☐ संयुक्त ☐

v. घरधुरीको विशेषता :

| क्र सं | नाम | घरमुली सँगको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिति (विवाहित, अविवाहित, एकल वा पारपाचुके) | विवाहको प्रकार (मागी, प्रेम, अन्य) | धर्म | शिक्षा (साक्षर, असाक्षर वा अन्य उल्लेखगर्ने) | शिक्षण संस्थाको प्रकार | मुख्य पेशा (स्वदेशीरोजगार, पेन्सन,व्यापार, व्यवशाय कृषि मजदुरी, ड्राईभर, वैदेशीक रोजगार,...) | अन्य सहायक काम | अन्दाजी आम्दानी दैनिक,माषिक उल्लेख गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

vi. विवाहित जोडीहरूमा प्रथम विवाहको उमेर :

| **विवाहित जोडीको नाम** | विवाहको उमेर | |
|---|---|---|
| | महिला | पुरुष |
| | | |
| | | |
| | | |
| | | |

vii. वैदेशिक रोजगारीमा जाने कोही भए,

नामः क)...................................... ख).......................................

गन्तव्यः क)...................................... ख).......................................

कारण : क)...................................... ख).......................................

**ख) जीविका सम्बन्धि विवरण :**

viii. तपाईको परिवारको स्थायी वासस्थान कुन हो ?

उत्तरः ................................... ।

ix. तलका मध्ये तपाईको परिवारको पुर्खौली पेशा कुन वा कुन कुन हो ?

क) परम्परागत गायन ☐ ख) सारङ्गी, अर्वाजो निर्माण तथा विक्री ☐ ग) ☐ मार्ने ☐

घ) कृषि ☐ ङ) अन्य भए, .................................. ।

x. के तपाईले (वा तपाईको परिवारमा कोहिले) वर्तमानमा पुर्खौली पेशा नै अपनाउनु हुन्छ ?

क) अपनाउछु ☐ ख) अपनाउदिन ☐

xi. यदि अपनाउने भए, तलका मध्ये कुन कुन अपनाउनुहुन्छ ?

क) परम्परागत गायन ☐ ख) सारङ्गी, अर्वाजो निर्माण तथा विक्री ग) माछा मार्ने ☐ ☐

घ) कृषि ☐ ङ) अन्य भए, .................................. ।

xii. परिवारमा कति जनाले यी पेशाहरू अपनाउनु हुन्छ ?

.................................................................................................................................।

xiii. यदि पुर्खौली पेशा नअपनाउने भए, यसको कारण के होला ?

☐ क) परम्परागत वा पुर्खौली पेशाको सिप नहुनु ।

☐ ख) पुर्खौली पेशामा सामाजिक इज्जत नहुनु ।

☐ ग) पर्याप्त कमाइ नुहनु वा वर्तमानको जीविकाको लागि उपयुक्त नुहनु ।

☐ घ)अन्य रोजगारका अवसरहरूमा वृद्धि हुनु ।

☐ ङ) नयाँ मूल्य मान्यता र चेतनाको विकास हुनु ।

☐ च) यदि यसका साथै अन्य भए,

............................................................................................ ।

............................................................. ..................................।

xiv. तपाईको परिवारमा घरखर्च वा आम्दानीको मुख्य स्रोत के हो ?

क)..........................................................................................................।

## ग) प्राकृतिक सम्पत्तिको विवरण :

xv. के तपाई वा तपाइको परिवारको आफ्नै नाममा कसैको जग्गा छ ?

क) छ ☐ ख) छैन ☐ ग) अन्य (भाडामा, अधियाँ, ठेक्का) ☐

xvi. यदि अन्य व्यक्तिको जग्गा भाडामा लिएको वा अन्य किसिमको जग्गा भए सबै लागत कटाएर मासिक वा बार्षिक आम्दानी कति हुन्छ ?

xvii. क) ................................................................ ।

xviii. तपाईको जग्गा भएको स्थानमा सिँचाईको सहज व्यवस्था छ वा छैन ?

क) छ ☐ ख) छैन ☐

xix. त्यस्तै कृषि कार्यका लागि यातायात तथा बजारको व्यवस्था सहज छ वा छैन ?

क) छ ☐ ख) छैन ☐

xx. यदि आफ्नो वा परिवारका अन्य कोहीको नाममा जग्गा भए,

| जग्गाको किसिम (खेत, बारी, पाखो, घडेरी वा अन्य) | १ रोपनी भन्दा कम | १-३ रोपनी सम्म | ३ रोपनी भन्दा माथि | स्वामित्व (महिला/पुरुष) | जग्गाको प्रयोग (बसोवास, खेतीपाती, भाडामा दिएको, वा अन्य उल्लेख गर्ने) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

xxi. के यसले तपाईको पारिवारीक आवश्यकता पुरा गर्न सकेको छ वा छैन ?

क) छ ☐ ख) छैन ☐

xxii. यदि खेतीपाती गर्ने भए, विशेषगरी खेतीपातीको काम परिवारमा कसले गर्नुहुन्छ ?

क) महिला ☐ ख) पुरुष ☐ ग) सबै मिलेर ☐

xxiii. महिला वा पुरुष १ जनाले मात्र गर्ने भए, किन ?

xxiv. क)..................................................................

ख)...........................................................

xxv. तपाईको परिवार वर्षभरी पिउने पानीका लागि के-के मा निर्भर रहनुहुन्छ ?

उत्तर........................................................................................ ।

xxvi. के तपाइको परिवार प्रत्यक्ष रुपमा वनसम्पदामा आश्रित हुनुहून्छ ?

क) छौँ ☐ ख) छैनौँ ☐

xxvii. यदि हुनुहुन्छ भने के का लागि ?

क) घाँसका लागि ☐ ख) दाउराको लागि ☐

ग) घाँस र दाउरा दुवैका लागि ☐ घ) अनाश्रित ☐

xxviii. साथै बनसम्पदाबाट प्राप्त हुने अन्य चिजहरूको सङ्कलनका लागि जानुहुन्छ वा हुँदैन ? यदि जानुहुन्छ भने के के का लागि ?

उत्तर ..................................................................................................... ।

घ) पशुपन्छी विवरण :

xxix. के तपाईको परिवारले उत्पादन दिने पशुपन्छी पाल्नुभएको छ वा छैन ? यदि पाल्नुभएको छ भने तलको तालिका भर्ने, पाल्नुभएको छैन भने अनुसुची (ङ) मा जाने ,

| पशु वा पन्छीको विवरण | परिमाण | स्वामित्व (महिला/पुरुष) | हेरचाह (महिला/पुरुष) | प्रयोजन (विक्री वा घरेलु प्रयोजन) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

ङ) अन्य विवरण :

xxx. तपाईंको परिवारका सदस्य कसैको नाममा कुनै पनि प्रकारको वित्तीय संस्थामा खाता छ ?

क) छ ☐ ख) छैन ☐

xxxi. तपाईको परिवारमा हुने समग्र आम्दानीबाट माषिक बचत हुन्छ ?

क) हुन्छ ☐ ख) हुँदैन ☐

xxxii. अन्त्यमा समग्रमा वर्तमानमा तपाईको परिवार भित्र सबै जनाले गरेको कामबाट हुने आम्दानीका कार्यहरूबाट प्राप्त आम्दानीबाट के तपाईको परिवार सन्तुष्ट हुनुहुन्छ ?

क) सन्तुष्ट छु । ☐ ख) सन्तुष्ट छैन । ☐

xxxiii. अन्त्यमा तपाईलाई आफ्नो वा आफ्नो समुदायका बारेमा वा समुदायका लागि केही भन्न चाहनुहुन्छ भने बताइदिनुहोला ।

उत्तर .......................................................................................................।

## परिशिष्टः २

### मुख्य सूचनादातासँगको अर्न्तवार्ताका लागि तयार पारिएको अनुसुची पत्र

१. उत्तरदाताको नाम :

२. उमेर :

३. लिङ्ग :

४. शिक्षा :

५. पेशा :

६. वासस्थान :

७. अन्तर्वार्ताका लागि छनौट गर्नुको आधार :

८. गन्धर्वहरूको इतिहास, पुर्खा, किम्बदन्ती, आदिको बारेमा थाहा भए बताईदिनु होला ।

९. गन्धर्वहरूको पेशागत पहिचान, सिप, अनुभव आदिको बारेमा थाहा भए बताईदिनु होला ।

१०. गन्धर्वहरूको पारिवारिक तथा सामुदायिक विशेषता के के होलान् ?

११. गन्धर्व समुदायमा विवाहको प्रकृति र यसको लागि सामाजिक वन्धनहरू र सिमाहरूको बारेमा बताईदिनु होला ।

१२. स्थानीय मानिसहरूमा परम्परागत पेशाको अवलम्वनको प्रवृत्ति कस्तो छ ? पुरानो पुस्ता र नयाँ पुस्तामा पेशाको अवलम्बनमा के भिन्नता छ ?

१३. नयाँ पुस्ताले गन्धर्व गायन पेशा नपनाउनुको संभावित कारणहरू के के होलान् ?

१४. यहाँको खानेपानी, सिचाई तथा विद्युत, शिक्षा जस्ता पूर्वाधारहरूको उपलब्धता, सहजता र असहजताको बारेमा बताइदिनु होला ।

१५. समुदायमा शिक्षा र रोजगारी सम्बन्धी कस्तो धारणा बढी पाइन्छ । शिक्षाको महत्त्वलाई कसरी लिइन्छ र यसका समस्याका बारेमा बताईदिनु होला ।

१६. गन्धर्वहरूको जग्गामा रहेको पहूँच, खेतीपातीको प्रणालीको बारेमा बताइदिनु होला ।

१७. गन्धर्व र गन्धर्व जाति बिचको सम्बन्ध कस्तो छ ? (लेनपा मात्र नभई अन्य स्थानका गन्धर्व विचको पनि)

१८. गन्धर्व र अन्य जाति बिचको सम्बन्ध कस्तो छ । सहयोग असहयोग, सजिला र अप्ठ्यारा प्रसङ्गहरू बताईदिनु होला ?

१९. गन्धर्व समुदायका समस्याहरू के के छन् ? ती समस्याका कारण के के हुन् र समाधानका लागि कसले के गर्नु पर्ला ?

२०. गन्धर्व संस्कृति र परम्पराको जगेर्नाका लागि के के गर्नुपर्ला ?

२१. अन्तमा भन्न मन लागेका केही सुझाव, सल्लाहहरू भए बताइदिनु होला ।


परिशिष्ट :३

## नेपालको नक्सा





क्यगचअभरू धधधाबउकयाधयचमिाअफ

## कास्की जिल्लाको नक्सा



## लेखनाथ नगरपालीकाको वडागत नक्सा




अध्ययन क्षेत्रहरू

क्यगचअभस
www.lekhnathwatersu
pply.weebly.com

परिशिष्ट : ४

**अर्न्तवार्ताका क्रममा लिइएका तस्विरहरू**



तस्विर १. शोधकर्तालाई सूचना दिँदै उत्तरदाता



तस्विर २. आफ्नो व्यस्त कामका बावजुद पनि सूचना दिँदै उत्तरदाता



तस्विर ३. परम्परागत पेशाका बारेमा बताउँदै गगनगौँडाका गन्धर्व प्रेम गायक



तस्विर ४. शोधकर्तालाई सूचना दिँदै बडहरेका गन्धर्व



तस्विर ५. तरकारी काट्दै गन्धर्व बालिका



तस्विर ६. अर्न्तवार्ताका क्रममा आवश्यक सूचना दिँदै रिठ्ठेपानीकी महिला



तस्विर ७. गन्धर्वसँग सम्वन्धित लेखहरू देखाउँदै गगनगौँडाका वृद्ध धर्मासिङ्ग गायक



तस्विर ८. गन्धर्वहरूको परम्परागत गायन बाजाहरू: अर्बाजो (बाँया) र सारङ्गी (दायाँ)




तस्विर ९. अर्वाजो बजाउँदै बडहरेका गन्धर्व समूहका अध्यक्ष हरिबहादुर ।



तस्विर १०. गन्धर्वहरूको परम्परागत घर ।



तस्विर ११. सरकारको निशुल्क आवास योजना अन्तर्गत वनाइएका गन्धर्व घरधुरीहरूको नमुना ।

## परिशिष्टः ५

## मुख्य सूचनादाताहरूको नामावली र ठेगाना

| नाम | ठेगाना | सामाजिक स्थीति |
|---|---|---|
| १. धर्मासिङ्ग गायक | गगनगौडा | सवैभन्दा वृद्ध व्यक्ति |
| २. हरि ब. गायक | बडहरे | गन्धर्व समूहका अध्यक्ष |
| ३. प्रेम गायक | गगनगौँडा | परम्परागत पेशामा संलग्न |
| ४. कृष्ण गायक | गगनगौँडा | परम्परागत पेशामा संलग्न |